# ‘गृहप्रवेश’ उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको

दसौँ पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

अन्जना राई

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी विद्यार्थी श्री अन्जना राईले **'गृहप्रवेश' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७४/११/१५

............................

डा. दुर्गाबहादुर घर्ती

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा अन्जना राईले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **'गृहप्रवेश' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

प्रा. डा. देवीप्रसाद गौतम ..............................

(विभागीय प्रमुख)

सहप्रा. डा. दुर्गाबहादुर घर्ती ..............................

(शोधनिर्देशक)

प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल ..............................

(बाह्य परीक्षक)

मिति : २०७४/११/२१

# कृतज्ञताज्ञापन

**'गृहप्रवेश' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक सङ्कायअन्तर्गतको स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको प्रयोजनका निम्ति सहप्राध्यापक डा. दुर्गाबहादुर घर्तीको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो व्यस्त समयको बाबजुद पनि यस शोधपत्रको तयारीका निम्ति झर्को नमानी सल्लाह, सुझाउ र सहयोग प्रदान गरी कुशल निर्देशन गर्नुहुने आदरणीय गुरु दुर्गाबहादुर घर्तीप्रति सर्वप्रथम हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यका लागि अनुमति प्रदान गरिदिनुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. देवीप्रसाद गौतमप्रति आभार प्रकट गर्दछु । त्यसैगरी शोधशीर्षक छनोटका निम्ति आवश्यक सल्लाह तथा सुझाउ दिनुहुने प्रा. डा.खगेन्द्रप्रसाद लुइटेलप्रति पनि आभारी छु । शोधकार्यमा सल्लाह सुझाव दिनु हुने नेपाली केन्द्रीय विभागका अन्य गुरुहरूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई यहाँसम्म ल्याइपुऱ्याउनुहुने र सधैँ हौसला दिई शोधकार्यका निम्ति आवश्यक वातावरण मिलाइदिनुहुने ममतामयी मेरी आमा निरकुमारी राई, दिदी विजया राई र जीवनसाथी शैलेश राईप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने ससुरा बुबा सरण कुमार राई, डा. खेम दाहाल, प्रा. डा. जीवलाल बस्याल तथा आवश्यक सामग्री उपलब्ध गराइदिनुहुने ऋषिराम पाण्डे तथा डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान र श्री जीवनचन्द्र कोइराला तथा कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो सम्पूर्ण परिवारलगायत स्थान अभावका कारण उल्लेख गर्न नसकिएका सम्पूर्ण सहयोगी तथा निकायहरूप्रति हार्दिक आभार प्रकट गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

मिति : २०७५/११/१५

**अन्जना राई**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# विषयसूची


| | |
|---|---|
| **शोधनिर्देशकको मन्तव्य** | क |
| **स्वीकृतिपत्र** | ख |
| **कृतज्ञताज्ञापन** | ग |
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१–११** |
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | ४ |
| १.३ शोधकार्यको उद्देश्य | ५ |
| १.४ पूर्वकार्यको समीक्षा | ५ |
| १.५ शोधकार्यको औचित्य | १० |
| १.६ शोधकार्यको सीमाङ्कन | १० |
| १.७ शोधविधि | १० |
| १.७.१ सामग्री सङ्कलन विधि | १० |
| १.७.२ विश्लेषण विधि | १० |
| १.८ शोधपत्रको रूपरेखा | ११ |
| **दोस्रो परिच्छेद : विधातात्त्विक आधारमा ‘गृहप्रवेश’ उपन्यासको अध्ययन** | **१२–५७** |
| २.१ विषयप्रवेश | १२ |
| २.२ उपन्यासका विधातत्त्व | १२ |
| २.२.१ कथानक | १२ |
| २.२.२ पात्र | २२ |
| २.२.३ परिवेश | ३७ |
| २.२.४ भाषाशैली | ४३ |
| २.२.५ उद्देश्य | ५१ |

२.२.६  दृष्टिबिन्दु ५४

२.३ निष्कर्ष ५६

**तेस्रो परिच्छेद : प्रवृत्तिगत आधारमा 'गृहप्रवेश' उपन्यासको अध्ययन ५८–६८**

३.१ विषय प्रवेश ५८

३.२ विषयवस्तुगत प्रवृत्ति ५८

३.२.१  ऐतिहासिक विषयवस्तु ५८

३.२.२ राजनीति ५८

३.२.३  यथार्थता ५९

३.२.४  काल्पनिकता ६०

३.२.५  सामाजिक चित्रण ६०

३.३ संरचनागत प्रवृत्ति ६१

३.३.१  शीर्षकीकरण ६१

३.३.२  परिच्छेद योजना ६२

३.३.३  कथानक योजना ६२

३.३.४  पात्रविधान ६३

३.३.५  परिवेश विधान ६४

३.३.६ भाषाशैलीगत प्रवृत्ति ६४

३.३.७ दृष्टिबिन्दु ६६

३.४ विचारधारागत प्रवृत्ति ६७

३.५ निष्कर्ष ६८

**चौथो परिच्छेद : सारांश तथा निष्कर्ष ६९–७२**

४.१ सारांश ६९

४.२ निष्कर्ष ६९

**सन्दर्भग्रन्थ सूची ७३–७६**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| एम. ए. | : | माष्टर् अफ् आर्टस् |
| संस्क. | : | संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| प्रा.डा. | : | प्राध्यापक, डाक्टर |
| पृ. | : | पृष्ठ |
| वि.सं. | : | विक्रम् सम्वत |
| सम्पा. | : | सम्पादक |

## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ विषयपरिचय

डायमनशमशेर राणाको जन्म वि. सं. १९७५ साल असाढ २१ गते पाल्पा जिल्लाको तानसेन बजारमा भएको हो । उनी बुबा बुधशमशेर र आमा मोहनकुमारीका कान्छा सुपुत्र हुन् । उनका बुबा तत्कालीन समयमा पाल्पा जिल्लाका बडाहाकिम भएका कारण उनी पनि उतै जन्मेका हुन् । पछि छ महिनाको भएपछि पाल्पाबाट उनलाई काठमाडौँ ल्याइएको थियो ।

नेपाली साहित्यका उपन्यास क्षेत्रमा प्रसिद्धि कमाएका डायमनशमशेरको चिनारी साहित्यमा मात्र नभएर राजनीतिमा पनि उत्तिकै छ । साहित्य र राजनीतिमा सक्रिय रहेका डायमनशमशेर बङ्गाली विद्वान् अनिमेषचन्द्र रायको शिक्षादीक्षाबाट नै प्रजातन्त्रप्रेमी र साहित्यानुरागी बनेको बुझिन्छ । साहित्यका माध्यमबाट जनचेतना र ज्ञान बाँड्ने उद्देश्य बोकेका राणाले राणाशाही पनि शिक्षा, साहित्य तथा प्रजातन्त्रको विरोधी भएको र जनता शिक्षित भएमा आफूहरूलाई नपत्याउने अन्धविश्वासले ग्रस्त भएका कारण त्यसप्रति विरोध जनाउँदै आफ्नै खानदानको राणाशासनप्रति कट्टर विरोधी भई विपरीत ध्रुवमा उभिने निडर र निर्भिक व्यक्तिका रूपमा उनलाई चिनाउन सकिन्छ । नेपाली सेनाको लेफ्टिनेन्ट पददेखि पटक पटक छ वर्षसम्म जेलजीवन भोग्दै नेपाली काँग्रेसका ललितपुर जिल्ला सभापतिसम्म बन्न पुगेका डायमनशमशेर सफल राजनीतिकर्मी पनि हुन् । साहित्यका माध्यमबाट राणाशासनप्रतिको वितृष्णालाई व्यक्त गर्दै त्यसप्रति विरोध गर्ने डायमनशमशेरलाई लोकतन्त्रप्रेमी सशक्त साहित्यिक योद्धाका रूपमा लिन सकिन्छ । यसरी साहित्यिक क्षेत्र र राजनीतिक क्षेत्र दुवैमा सक्रिय रहेका उपन्यासकार डायमनशमशेर राणाको ९२ वर्षमा काठमाडौँको नर्भिक अस्पतालमा निधन भएको हो । डायमनशमशेर राणा नेपालको राजनीतिक इतिहासमा विशेष महत्त्व राख्ने राणाशासनका गतिविधिहरूलाई विषयवस्तु बनाई उपन्यास लेख्ने एक शसक्त ऐतिहासिक उपन्यासकार हुन् । आधुनिक नेपाली उपन्यास परम्पराको पहिलो चरणमा रुद्रराज पाण्डेको **रूपमती** (१९९१) उपन्यासको प्रकाशन पश्चात् ऐतिहासिक यथार्थवादी उपन्यास लिएर डायमनशमशेर राणाको आगमन भएको हो । उनको

**वसन्ती** (२००६) बाट आधुनिक नेपाली उपन्यासका क्षेत्रमा ऐतिहासिक यथार्थवादी उपन्यास लेखनको सुरुआत भएको मानिन्छ । हुन त **वसन्ती**भन्दा पहिले नै टुकराज पद्मराज मिश्रको दुइवटा कृतिहरू **रजबन्धकी** (१९९६) र **रामकृष्ण कुवँर राणा** (१९९९) ऐतिहासिक विषयमा आधारित भएर लेखिएको पाइन्छ तर तिनमा इतिहासको थोरै मात्र वर्णन गरिएको अनि तत्कालीन सामाजिक पृष्ठभूमि र सूक्ष्म यथार्थ तथा औपन्यासिक कलाको अभावका कारण तिनलाई पूर्ण ऐतिहासिक उपन्यास मान्न सकिदैन । तिनलाई ऐतिहासिक उपन्यास लेखनको प्रारम्भका निम्ति पृष्ठभूमिका रूपमा लिन सकिन्छ । २००६ सालमा डायमनशमशेर राणाको **वसन्ती** उपन्यास आएपछिमात्र आधुनिक नेपाली उपन्यासमा पूर्ण ऐतिहासिक उपन्यासको आगमन भएको मानिन्छ । ऐतिहासिक तथ्यलाई समाविष्ट गरिएको एवम् औपन्यासिक कलाले भरिपूर्ण रहेको **वसन्ती** नै ऐतिहासिक प्रथम उपन्यास हो र डायमनशमशेर राणा प्रथम ऐतिहासिक उपन्यासकार हुन् । उनका प्रकाशित उपन्यासहरू **वसन्ती** (२००६), **सेतो बाघ** (२०३०), **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनीता** (२०४६), **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** (२०५९) रहेका छन् । उनका यिनै उपन्यासहरूले उनी एक सशक्त ऐतिहासिक उपन्यासकार हुन् भन्ने कुराको पुष्टि गर्दछ ।

ऐतिहासिकताका साथै उनका उपन्यासहरूमा सामाजिक तथा राजनीतिक विषयवस्तुहरू समेत समेटिएका छन् । यसरी हेर्दा उनका उपन्यासहरूमा **वसन्ती**, **सेतो बाघ**, **सत्प्रयास** र **गृहप्रवेश** विशुद्ध ऐतिहासिक विषयवस्तुलाई समेटेर लेखिएको पाइन्छ भने **प्रतिबद्ध**, **अनीता** र **धनको धब्बा** ऐतिहासिक पृष्ठभूमिमै सामाजिक तथा राजनीतिक विषयवस्तुलाई समेटेर लेखिएको पाइन्छ ।

डायमनशमशेरको प्रथम उपन्यास **वसन्ती**मा तत्कालीन शासकीय कुत्सित प्रवृत्तिलाई अँगालिएको छ । यसमा जङ्गबहादुर राणाको अभ्युदयसँग सम्बन्धित कथानकको प्रस्तुतिका साथै गगनसिंह र वसन्तीको प्रेमसम्बन्ध, रानी लक्ष्मीदेवीको अनैतिक सम्बन्ध तथा जङ्गबहादुरको महत्त्वाकाङ्क्षा पूरा गर्नका लागि गरिएका राजनीतिक षड्यन्त्रहरूको चित्रण गरिएको छ ।गगनसिंहको हत्या र जङ्गबहादुरको उदयका घटनाहरुलाई विषयवस्तु बनाइएको यो उपन्यास कोतपर्वको पूर्वसन्ध्यासम्मको विषयलाई समेटिएको राणाको प्रथम ऐतिहासिक उपन्यास हो ।

**वसन्ती** पछिको उनको अर्को विश्वप्रसिद्ध उपन्यास **सेतो बाघ** हो । जुन राणाले छ वर्षसम्म नख्खु जेलमा रहँदा लेखेका थिए । यसमा जङ्गबहादुर सत्तामा आएदेखि उनको रहस्यमय मृत्युको घटना हुँदै ४२ साल पर्वसम्मका घटनाहरू कथानकका रूपमा आएका छन् । यसमा पनि इतिहासमा घटेका दरबारिया षड्यन्त्रकै शृङ्खलाहरू प्रस्तुत गरिएका छन् । राणाले विशेषगरी यिनै उपन्यासबाट प्रसिद्धि प्राप्त गरेको पाइन्छ । क्रान्तिलाई सघाउने उद्देश्यले राणातन्त्रको विरुद्धमा लेखिएको **वसन्ती** र जङ्गबहादुरको उदयपछि नेपाली राजनीतिमा आएको उतारचढावलाई प्रस्तुत गरिएको **सेतो बाघ** नै राणालाई प्रसिद्धि, यश वा कीर्तिको मार्गतर्फ लम्काउने कृतिहरू हुन् । उनको **वसन्ती** उपन्यासलाई १९७२ मा दिनानाथ शरणले हिन्दीमा अनुवाद गरी १९७३ मा पुस्तकाकार रूपमा प्रकाशित गराई हिन्दी पाठकसम्म पुऱ्याएका छन् । यसैगरी उनको अर्को प्रसिद्ध उपन्यास **सेतोबाघ** श्रीमती ग्रेटा राणाले वि.सं. २०४१ मा अङ्ग्रेजीमा अनुवाद गरिन् भने २०४४ मा काजुहिको साइकीले जापानीमा र रविन कुञ्जले फ्रान्सेली भाषामा अनुवाद गरेका छन् ।

डायमनशमशेर राणाको **सेतो बाघ** पछि २०३४ सालमा प्रकाशित तेस्रो उपन्यास **प्रतिबद्ध** देवशमशेरसँग सम्बन्धित विषयवस्तुमा आधारित उपन्यास हो । प्रवृत्तिगत रूपमा ऐतिहासिक उपन्यासकार भए पनि राणाको यो उपन्यास इतिहास दर्शनको कोणभन्दा भिन्न शिल्पसौन्दर्यमा प्रकट भएको छ । निर्दोष व्यक्तिहरूप्रति गरिएको षड्यन्त्र तथा सामाजिक सन्दर्भहरूको प्रस्तुति रहेको यो उपन्यास झट्ट हेर्दा इतिहासपरक देखिए पनि यथार्थमा त्यस्तो छैन ।

उनको अर्को २०३८ सालमा प्रकाशित **सत्प्रयास** पनि देवशमशेरसँग नै सम्बन्धित रहेको छ । यसमा देवशमशेरको प्रजातान्त्रिक एवम् सुधारवादी विचारलाई नै सत्प्रयासका रूपमा लिइएको छ । राणाले **सत्प्रयास**मा देवशमशेरलाई नै कथाका केन्द्रबिन्दु बनाएका छन् भने उसैको सेरोफेरोमा कथावस्तु घुमेको छ ।

उनको अर्को उपन्यास **अनीता** (२०४३) ऐतिहासिक पृष्ठभूमिमा रचिएको राजनीतिक तथा सामाजिक सन्दर्भहरू भएको अर्को उपन्यास हो । बहादुरशमशेरको षड्यन्त्रपूर्ण हत्याबाट सुरु भएको यसको कथानकमा इच्छा विपरीत भएको अनीताका विवाहका क्रियाकलापहरूसँगै अनीताको इच्छाअनुसार सामाजिक परिवर्तनको चाहना प्रस्तुत गरिएको

पाइन्छ भने ऐतिहासिक पृष्ठभूमि र परिवेश भएको यस उपन्यासमा लोकतन्त्रप्रतिको चेतनालाई चित्रण गरिएको छ ।

पञ्चायतकालीन राजनीतिक सन्दर्भहरूको प्रस्तुति रहेको राणाको अर्को उपन्यास **धनको धब्बा** (२०५१) मा पनि सामाजिकताकै प्रबलता पाइन्छ । सामाजिक शोषण, अन्धविश्वास, गरिबी आदिको चित्रण गरिएको यस उपन्यासमा पञ्चायती व्यवस्थाको अन्त्यका लागि भएको आन्दोलनको समेत चर्चा पाइन्छ ।

त्यसैगरी डायमनशमशेर राणाको जीवनकालको पछिल्लो चरणमा प्रकाशित भएको **गृहप्रवेश** (२०५९) पनि ऐतिहासिक विषयवस्तुहरू समेटिएको उपन्यास हो । यसमा राजा राजेन्द्रविक्रमको राज्यकालमा घटेका घटनाहरूलाई समावेश गरिएको छ । जेठी रानी साम्राज्यलक्ष्मी र कान्छी रानी राज्यलक्ष्मीका आआफ्ना छोराहरूलाई राजा बनाउने महत्त्वाकांक्षाका कारण भएका षड्यन्त्रपूर्ण क्रियाकलापहरूसँगै नेपालको इतिहासमा ३२ वर्षसम्म शासन गरेका भीमसेन थापाको षड्यन्त्रपूर्ण आत्महत्याका घटनाहरूलाई समेटिएको यस उपन्यासमा जङ्गबहादुर र पुतलीका प्रेमप्रणय हुँदै विवाहसम्मका घटनाहरूलाई काल्पनिकताले सिंगारेर वर्णन गरिएको छ । भीमसेन थापाको अन्त्य र जङ्गबहादुरको उदयको घटनाहरूलाई नै सेरोफेरो बनाइएको यस उपन्यासमा राष्ट्रभक्ति, राजभक्ति प्रदर्शनका साथै प्रेम, विरह, आक्रोश, धैर्य, सहनशीलता, पाखण्ड, साहस जस्ता सम्पूर्ण मानव चरित्रलाई उदाङ्ग पारिएको छ । यसरी ऐतिहासिक घटनाहरूलाई आफ्नो कुशल साहित्यिक सिपले सजाएर प्रस्तुत गरिएको यस उपन्यासको कृतिपरक अध्ययन हालसम्म नभएकोले प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.२ समस्याकथन

डायमनशमशेर राणाको **गृहप्रवेश** उपन्यासको कृतिपरक अध्ययन गर्नु प्रमुख समस्या रहेको प्रस्तुत शोधकार्यका मुख्य मुख्य समस्याहरू निम्नलिखित छन् :

(क) विधातात्त्विक आधारमा **गृहप्रवेश** उपन्यास के कस्तो छ ?

(ख) प्रवृत्तिगत आधारमा **गृहप्रवेश** उपन्यास के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

**गृहप्रवेश** उपन्यासको कृतिपरक अध्ययन गर्नु प्रमुख उद्देश्य रहेको प्रस्तुत शोधपत्रको मुख्य मुख्य उद्देश्य निम्न लिखित छन्

(क) **गृहप्रवेश** उपन्यासको विधातात्त्विक अध्ययन गर्नु ।

(ख) **गृहप्रवेश** उपन्यासको प्रवृत्तिगत अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

डायमनशमशेर राणाको **गृहप्रवेश** उपन्यास चर्चित कृति हो । इतिहास र कल्पनाको राम्रो संयोजन गरिएकाले यो उपन्यास शसक्त बन्न पुगेको छ । यस उपन्यासका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गमा अध्ययन गरेका छन् । यहाँ ती पूर्वकार्यको सङ्क्षेपमा कालक्रमिक ढङ्गमा समीक्षा गरिएको छ ।

सरोज देवकोटाले **गृहप्रवेश** (२०५९) उपन्यासको भूमिकामा यस उपन्यासको चर्चा गरेका छन् । उक्त अध्ययनमा **गृहप्रवेश**लाई उत्कृष्ट कलाकारिताले भरिएको उपन्यासका रूपमा औँल्याउँदै उक्त उपन्यासको समग्रमा परिचय दिइएको छ । यो अध्ययन सामान्य परिचयात्मक किसिमको छ ।

शारदाकुमारी अधिकारीले **'वसन्ती' उपन्यासको कृतिपरक अध्ययन** (२०६३) शीर्षकको शोधपत्रमा **गृहप्रवेश** पनि उपन्यासको चर्चा गरेकी छन् । यस अध्ययनमा **गृहप्रवेश** उपन्यासको प्रवृतिहरू उल्लेख गर्दै उक्त उपन्यासको विषयवस्तुहरूको सामान्य चर्चा गरिएको छ । प्रस्तुत अध्ययन सामान्य व्याख्यात्मक रहेको छ ।

छायादत्त न्यौपाने 'बगर'ले **आख्यानकार डायमन** (२०६५) नामक पुस्तकमा प्रकाशित "डायमनको **गृहप्रवेश**" शीर्षकको लेखमा **गृहप्रवेश** उपन्यासको पनि चर्चा गरेका छन् । उक्त अध्ययनमा **गृहप्रवेश** उपन्यासको कथानक, पात्र, परिवेश, उद्देश्य तथा भाषाशैलीको विवेचना गरिएको छ । यो अध्ययन सङ्क्षिप्त किसिमको छ ।

राजेन्द्र सुवेदीले **आख्यानकार डायमन** (२०६५) नामक पुस्तकमा "इतिहासको औपन्यासिकीकरण : **वसन्ती**" शीर्षकको लेखमा **गृहप्रवेश**को उल्लेख गरेका छन् । यस

अध्ययनमा राणाको उपन्यास लेखनलाई कलात्मकता साथ पहिचान कायम गर्न सफल उपन्यासहरूको शृङ्खलामा **गृहप्रवेश**को पनि नाम आएको छ । प्रस्तुत अध्ययनले **गृहप्रवेश**को खासै अध्ययन नगरी नामोल्लेख मात्र गरिएको छ ।

कुमारप्रसाद कोइरालाले **आख्यानकार डायमन** (२०६५) नामक समीक्षाग्रन्थमा "डायमनशमशेरको औपन्यासिक सफलता" शीर्षकअन्तर्गत राणाका प्रकाशित कृतिहरूका रूपमा **गृहप्रवेश**को नाम उल्लेख गरेका छन् । प्रस्तुत अध्ययनमा राणालाई ऐतिहासिक उपन्यासका प्रवर्तक र सफल प्रयोक्ताका रूपमा चिनाउने क्रममा **गृहप्रवेश**लाई खुल्ला परिवेशमा प्रकाशित कृतिका रूपमा चिनाइएको छ । प्रस्तुत अध्ययन अति सङ्क्षिप्त किसिमको रहेको छ ।

देवी नेपालले **आख्यानकार डायमन** (२०६५) नामक समीक्षाग्रन्थमा सङ्गृहीत "कालरात्रिभित्रको एउटा दियो सत्प्रयास" शीर्षकको लेखमा राणाका ऐतिहासिक उपन्यासहरूको चर्चा गर्ने क्रममा **गृहप्रवेश**को नाम उल्लेख गरेका छन् । यो अध्ययनमा **गृहप्रवेश**को अन्य केही पनि व्याख्या नगरी नाम मात्र उल्लेख गरिएको छ ।

नवराज खतिवडाले **आख्यानकार डायमन** (२०६५) नामकै पुस्तकमा रहेको "**सेतो बाघ**भित्रको रायपाटे बाघ" शीर्षकको आफ्नो लेखमा डायमनशमशेर राणाको उपन्यास लेखनको चर्चा गर्ने सन्दर्भमा **गृहप्रवेश**को नाम उल्लेख गरेका छन् । प्रस्तुत अध्ययनमा **गृहप्रवेश**को अन्य केही व्याख्या भएको छैन र नाम मात्र उल्लेख छ ।

टीकाराम पोखरेलले **आख्यानकार डायमन** (२०६५) कृतिमा नै "डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास : कल्पनाको प्रयोग र इतिहासको रक्षाको प्रश्नका सन्दर्भमा" शीर्षकमा **गृहप्रवेश**को चर्चा गरेका छन् । उक्त अध्ययनमा **गृहप्रवेश** उपन्यासको कथानकमा सम्बद्ध इतिहासमा नभएका घटनावर्णनहरूको सामान्य व्याख्या गरिएको छ । प्रस्तुत अध्ययन सामान्य आलोचनात्मक किसिमको रहेको छ ।

ज्ञानेन्द्र विवशले **आख्यानकार डायमन** (२०६५) नामको पुस्तकमा सङ्गृहीत "ऐतिहासिक उपन्यासकार डायमन" शीर्षकको लेखमा **गृहप्रवेश**को उल्लेख गरेका छन् । यसमा **गृहप्रवेश**को विषयवस्तुको सामान्य चर्चा गरिएको छ । प्रस्तुत अध्ययन सामान्य परिचयात्मक रहेको छ ।

टीकाराम पोखरेलले **ऐतिहासिक उपन्यास सिद्धान्त र स्वरूप** (२०६८) नामक पुस्तकमा रहेको "ऐतिहासिक उपन्यासका रूपमा डायमनशमशेर राणाका उपन्यासहरूको विश्लेषण" शीर्षकअन्तर्गत राणाका ऐतिहासिक चार उपन्यास **वसन्ती, सेतो बाघ, सत्प्रयास** र **गृहप्रवेश**को पनि विश्लेषण गरेका छन् । यस अध्ययनमा **गृहप्रवेश** उपन्यासको कथानक, पात्र, परिवेश, उद्देश्य तथा भाषाशैली पक्षको विवेचना गरिएको छ । यो अध्ययन सामान्य तुलनात्मक प्रकृतिको रहेको छ ।

जीवनचन्द्र कोइरालाले उनैद्वारा सम्पादित **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) पुस्तकको "उपन्यासकार डायमनशमशेर राणाको सङ्क्षिप्त जीवनी" शीर्षक अन्तर्गत डायमनशमशेरको जीवनीको विश्लेषण गर्ने क्रममा **गृहप्रवेश**को नाम उल्लेख गरेका छन् । यसमा **गृहप्रवेश**लाई राणाको अन्तिम तथा सातौँ उपन्यासका रूपमा चिनाइएको छ । प्रस्तुत अध्ययनले **गृहप्रवेश** भित्रको कुनै पनि पक्षको अध्ययन नगरी यसको प्रकाशन सम्बन्धी मात्र छोटो चर्चा गरेको छ ।

तुलसीमान श्रेष्ठले **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) पुस्तकको "पात्रविधानका दृष्टिबाट **अनीता** उपन्यास" शीर्षकमा **गृहप्रवेश**को नाम उल्लेख गरेका छन् । यस अध्ययनमा **अनीता** उपन्यासको अध्ययन गर्ने क्रममा प्रसङ्गवश **गृहप्रवेश**को नाम उल्लेख भएको छ । यसमा **गृहप्रवेश**को खासै अध्ययन भएको छैन र नाम मात्र उल्लेख छ ।

कुलप्रसाद कोइरालाले **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) नामक पुस्तकको समालोचना खण्डअन्तर्गत "ऐतिहासिक उपन्यासको सेरोफेरोमा **सत्प्रयास**" (२०६९) शीर्षकमा **गृहप्रवेश**को उल्लेख गरेका छन् । यस अध्ययनमा इतिहाससिद्ध उपन्यासको रूपमा **गृहप्रवेश**को परिचय दिइएको छ । यो अध्ययन अति सङ्क्षिप्त रहेको छ ।

शैलेन्दुप्रकाश नेपालले **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) नामक पुस्तकको समालोचना खण्डमा रहेको "**गृहप्रवेश** उपन्यासको अध्ययन" शीर्षकअन्तर्गत **गृहप्रवेश** उपन्यासको चर्चा गरेका छन् । यस अध्ययनमा **गृहप्रवेश** उपन्यासमा रहेको कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु तथा भाषाशैली पक्षको सामान्य विवेचना गरिएको छ । यो अध्ययन त्यति विस्तृत नभएर सङ्क्षिप्त किसिमको छ ।

जयराज पन्तले **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) नामक पुस्तककै समालोचना खण्डमा सङ्गृहीत "नेपाली ऐतिहासिक उपन्यासको परम्परा र उपन्यासकार डायमनशमशेर राणा" (२०६९) शीर्षकमा **गृहप्रवेश** उपन्यासको चर्चा गरेका छन् । यस अध्ययनमा **गृहप्रवेश** उपन्यासको समग्रमा सङ्क्षिप्त परिचय दिएका छन् । प्रस्तुत अध्ययन सामान्य परिचयात्मक किसिमको छ ।

खगेन्द्रप्रसाद लुइटेलले **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) मा "ऐतिहासिक उपन्यासकार डायमनशमशेर राणा" (२०६९) शीर्षकमा डायमनशमशेर राणाको ऐतिहासिक उपन्यासहरूको अध्ययन गर्ने सन्दर्भमा **गृहप्रवेश** उपन्यासको चर्चा गरेका छन् । उक्त अध्ययनमा **गृहप्रवेश**लाई ऐतिहासिक यथार्थवादी उपन्यासका रूपमा चिनाउँदै उक्त उपन्यासको विषयवस्तु तथा प्रवृत्तिहरूको सामान्य व्याख्या गरिएको छ । प्रस्तुत अध्ययन सामान्य व्याख्यामा मात्रै सीमित छ ।

धनराज भट्टराईले **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) नामकै पुस्तकको "ऐतिहासिक उपन्यास लेखनमा डायमनशमशेर" शीर्षक रहेको लेखमा ऐतिहासिक उपन्यासहरूको चर्चा गर्ने सन्दर्भमा **गृहप्रवेश** उपन्यासको चर्चा गरेका छन् । यसमा **गृहप्रवेश**को विषयवस्तु र प्रवृत्तिहरूको सङ्क्षिप्त रूपमा व्याख्या गरिएको छ । प्रस्तुत अध्ययन अति सङ्क्षिप्त रहेको छ ।

लक्ष्मण गौतमले **डायमनशमशेर : चिन्तन र चित्रण** (२०६९) नामक पुस्तकमा सङ्कलित "**प्रतिबद्ध** उपन्यासमा मानवीय विद्रुपताको चित्र" शीर्षकको लेखमा राणाको ऐतिहासिक उपन्यासहरूको चर्चा गर्ने सन्दर्भमा **गृहप्रवेश**को उल्लेख गरेका छन् । प्रस्तुत अध्ययनमा **गृहप्रवेश** उपन्यासको कुनै पनि पक्षहरूको अध्ययन भएको छैन र खाली नाम मात्र उल्लेख गरिएको छ ।

झुलप्रसाद गुरुङले "**सेतो बाघ** उपन्यासको पात्रविधान" (२०६९) शीर्षकको शोधपत्रमा डायमनशमशेरको औपन्यासिक यात्राको चर्चा गर्ने क्रममा **गृहप्रवेश**को पनि चर्चा गरेका छन् । यस अध्ययनमा **गृहप्रवेश** उपन्यासको विषयवस्तु तथा प्रवृत्तिहरूको छोटो व्याख्या गरिएको छ । प्रस्तुत अध्ययन सङ्क्षिप्त प्रकारको छ ।

खगेन्द्रप्रसाद लुइटेलले **नेपाली उपन्यासको इतिहास** (२०६९) नामक आफ्नो पुस्तकमा डायमनशमशेर राणा र उनको सातओटै प्रकाशित उपन्यासहरूको चर्चा गर्ने क्रममा **गृहप्रवेश**को पनि सामान्य चर्चा गरेका छन् । यस अध्ययनमा **गृहप्रवेश** उपन्यासको विषयवस्तु तथा प्रवृत्तिहरूको संक्षिप्त व्याख्या गरिएको छ । प्रस्तुत अध्ययन अति संक्षिप्त रहेको छ ।

तारा ओभ्हाले **डायमनशमशेर राणाका उपन्यासको विधातात्त्विक अध्ययन** (२०७०) शीर्षकको शोधग्रन्थमा **गृहप्रवेश** उपन्यासको चर्चा गरेकी छिन् । उक्त अध्ययनमा राणाका उपन्यासहरूका विधातत्त्वहरूका बारेमा चर्चा गर्ने क्रममा **गृहप्रवेश** उपन्यासको पनि व्याख्या भएको छ । उक्त अध्ययन **गृहप्रवेश** उपन्यासको तत्त्वहरूमा मात्र केन्द्रित छ ।

लक्ष्मण गौतमले **डायमन सृष्टि : एक सिंहावलोकन** (२०७१) नामक पुस्तकमा सङ्गृहीत "डायमनशमशेर राणाको ऐतिहासिक उपन्यासकारिता" शीर्षकमा डायमनशमशेर राणाको ऐतिहासिक उपन्यासहरूको चर्चा गर्ने क्रममा **गृहप्रवेश**को सामान्य चर्चा गरेका छन् । यसमा **गृहप्रवेश**लाई ऐतिहासिक तथा चरित्रप्रधान उपन्यासको रूपमा चिनाउदै यसका अन्तरवस्तुहरूको अति सङ्क्षिप्त व्याख्या गरिएको छ । प्रस्तुत अध्ययन सामान्य परिचयमा मात्र केन्द्रित छ ।

रोसनाकुमारी मल्लले **डायमनशमशेर राणाका उपन्यासमा पात्रविधान** (२०७४) शीर्षकको शोधपत्रमा डायमनशमशेरको औपन्यासिक यात्राको चरण, विभाजन गर्ने क्रममा **गृहप्रवेश** उपन्यासको चर्चा गरेकी छन् । उक्त अध्ययनमा **गृहप्रवेश**को विषयवस्तु र प्रवृत्तिहरूको सामान्य परिचय दिइएको छ । प्रस्तुत अध्ययन सामान्य व्याख्यामा मात्र केन्द्रित छ ।

उपर्युक्त अध्ययनहरू उपन्यासकार डायमनशमशेर राणा र उनका उपन्यासकाबारेमा प्रकाश पार्ने उद्देश्यले मात्र लेखिएको पाइन्छ तर **गृहप्रवेश** उपन्यासकै कृतिपरक अध्ययनमा मात्र केन्द्रित भएर कुनै पनि लेख वा कृतिहरू लेखिएको नपाइएकाले प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

## १.५. शोधकार्यको औचित्य

**गृहप्रवेश** नेपाली साहित्यको महत्त्वपूर्ण ऐतिहासिक उपन्यास भए पनि यसको खासै अध्ययन भएको देखिँदैन । यस कृतिका बारेमा सामान्य लेख लेख्नेहरूले लेखे पनि शोधमूलक ढङ्गबाट कुनै अध्ययन नभएको देखिन्छ । त्यसैले प्रस्तुत शोधपत्रमा उक्त कृतिको सकेसम्म सुव्यवस्थित रूपमा कृतिपरक अध्ययन गरिने भएको हुँदा साथै यस कृतिको अध्ययनबाट शोधार्थीको लेखन, अध्ययन तथा अनुसन्धान शिल्पको विकास हुने र पछि आउनेहरूले यसलाई आधार बनाई अनुसन्धानको मार्ग समाउन सक्ने हुँदा यो शोधकार्य औचित्यपूर्ण देखिन्छ ।

## १.६. शोधकार्यको सीमाङ्कन

डायमनशमशेर राणाले विभिन्न ऐतिहासिक उपन्यासहरू लेखेका छन् । प्रस्तुत अध्ययन **गृहप्रवेश** उपन्यासको अध्ययनमा मात्र सीमित छ । उपन्यासको अध्ययन विभिन्न आधारमा गर्न सकिन्छ । प्रस्तुत शोधकार्य उपन्यासको विधातात्त्विक एवं प्रवृत्तिगत अध्ययनमा केन्द्रित छ ।

## १.७. शोधविधि

शोधविधिअन्तर्गत दुईवटा पक्षहरू पर्दछन्– सामग्री सङ्कलन विधि र विश्लेषणको विधि ।

### १.७.१. सामग्री सङ्कलन विधि

शोधकार्यलाई सजिलो पार्न सहयोग गर्ने सबै सामग्री खोज्नु शोधार्थीको धर्म हो । त्यसैले डायमनशमशेर राणाका कृतिबारे लेखिएका सामग्रीहरू खोजिएका छन् ।

### १.७.२. विश्लेषण विधि

शोधकार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा सङ्कलित सामग्रीहरूलाई वर्णनात्मक तथा विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्न निम्नानुसारका चार परिच्छेदहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : विधातात्त्विक आधारमा **गृहप्रवेश** उपन्यासको अध्ययन

तेस्रो परिच्छेद : प्रवृत्तिगत आधारमा **गृहप्रवेश** उपन्यासको अध्ययन

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

**सन्दर्भ सामग्री सूची**

## दोस्रो परिच्छेद

# विधातात्त्विक आधारमा 'गृहप्रवेश' उपन्यासको अध्ययन

## २.१ विषयप्रवेश

उपन्यास आफैँमा एउटा पूर्ण संरचना हो । यसले विभिन्न तत्त्वहरूको मेल वा संयोजनद्वारा पूर्णता प्राप्त गरेको हुन्छ । तिनै तत्त्वहरूका आधारमा यस परिच्छेदमा **गृहप्रवेश** उपन्यासको अध्ययन गरिएको छ ।

## २.२ उपन्यासका विधातत्त्व

उपन्यासको संरचनाका लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । कुनै एक तत्त्वको अभावमा पनि उपन्यासले पूर्णता प्राप्त गर्न सक्दैन । उपन्यासका लागि आवश्यक पर्ने तत्त्वहरूका बारेमा विभिन्न विद्वान्हरूको भिन्न भिन्न मत रहेको पाइन्छ । मोहनराज शर्माले कथानक, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिबिन्दुलाई कथाका प्रमुख उपकरण वा तत्त्व मानेका छन् (शर्मा, २०५५ : ३८४) । कथा र उपन्यास दुवै आख्यान अन्तर्गतकै विधा भएका कारण यिनीहरूको तत्त्वहरू पनि एउटै हुने भएकाले उपन्यासमा पनि यी कुरा लागु हुन्छन् । ऋषिराज बरालले कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशलाई उपन्यासमा प्रमुख र आधारभूत तत्त्वका रूपमा लिएका छन् (बराल, २०६३ : २६) । राजेन्द्र सुवेदीले उपन्यासका मूलभूत तत्त्वहरूमा वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, उद्देश्यलाई लिन सकिने कुरा व्यक्त गरेका छन् (सुवेदी, २०६४ : १७) । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण, उद्देश्य आदिलाई उपन्यासका मूलभूत तत्त्वहरू मानेका छन् (प्रधान, २०५२ : ७) । यी विभिन्न विचारहरूलाई मनन गर्दै उपन्यासका प्रमुख तत्त्वहरूमा कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीलाई लिन सकिन्छ ।

### २.२.१ कथानक

उपन्यास आख्यान विधाको प्रमुख उपविधा भएकोले यसमा कथानकको महत्त्वपूर्ण भूमिका रहन्छ । उपन्यासका अन्य तत्त्वहरूलाई समेत एउटा सूत्रमा बाँध्ने कार्य कथानकले

नै गर्ने हुँदा पनि यसको महत्त्व सहजै अनुमान गर्न सकिन्छ । घटना, स्थिति, अवस्था वा प्रसङ्गहरूको योजनाबद्ध विन्यासलाई नै कथानक भनिन्छ । कथानकले आख्यानात्मक कृतिमा पाठकलाई ध्यानाकर्षण गराई रुचि जगाउन चयन गरिएका घटनाहरूको विन्यास र अन्तःसम्बन्ध, उपन्यासका घटनास्थिति, अवस्था वा प्रसङ्गहरूको योजनाबद्ध ढाँचा, रचनाकारका वैचारिक अवधारणाको प्रस्तुति तथा कालक्रममा श्रृङ्खलित घटनाको विस्तारलाई समेत जनाउँछ । परस्परमा सम्बद्ध विभिन्न दृश्यहरूको निर्माण गरिएको योजनाबद्ध प्रस्तुतिको रूपमा लिइने कथानकको विकास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा अघि बढ्दछ (लुइटेल, २०६९ : ४०) । कथानक घटनाहरूको एउटा माला नै हो, जसमा एकपछि अर्को घटना आउने क्रम चलिरहन्छ । कथानकमा घटना आउँदा कार्यकारण मिलेर आउनु पर्दछ । उपन्यासका चिन्तक इ.एम. फोस्टरले समयक्रम मिलाएर आएका घटनाहरूको समाख्यानलाई कथानक मानेका छन्, जसमा कारण प्रबल रहने कुरा व्यक्त भएको छ । राजा मरे अनि रानी मरिन् कथा हो भने राजा मरे अनि त्यसको शोकमा परेर रानी पनि मरिन चाहिँ कथानक हो (फोस्टर, १९८२ : ६१) । यसबाट कथानक सम्बन्धी एउटा धारणा बनेको छ ।

कथानकमा घटनाका अतिरिक्त बुद्धितत्त्व (intelligence) तथा स्मृति (memory) को पनि आवश्यकता पर्दछ । त्यस्तै कथानकका लागि रहस्य पनि आवश्यक पर्छ जसमा कौतुहल स्वतः आउने गर्छ । कथानक निर्माणका क्रममा उपन्यासकारले कहिलेकाहीँ घटनाहरुलाई नयाँ सूत्र तथा प्रभावद्वारा पुनव्यवस्थापन गर्दा अतीत अवलोकन अर्थात् पूर्वदीप्ति (flashback) र पूर्वाभाष अर्थात् पूर्वसङ्केत (fore-shadow) को पनि प्रयोग हुने गर्छ (बराल र एटम, २०५६ : २३) । कथानक भन्नु नै उपन्यासको आधारवस्तु हो भन्न सकिन्छ, जसमा घटनाहरूको श्रृङ्खलालाई जोडेर सुसंगठित बनाइएको हुन्छ । प्रमुख र सहायक कथाहरूको मेल वा गठनबाट पनि कथानक निर्माण हुने गर्छ भने यसले आदि, मध्य र अन्त्यको कार्यकारण श्रृङ्खलामा पूर्णता पाएको हुन्छ । घटनाको चिनारी, सङ्घर्ष विकास, चरमोत्कर्ष, उपसंहार जस्ता अवस्थाहरूलाई अङ्गाल्दै कथानक अगाडि बढेको हुन्छ । त्यसैगरी भावी घटनाप्रति जिज्ञासा उत्पन्न गराउने कौतुहल र विपरित तत्त्व वा परिस्थिति बीचको सम्बन्ध द्वन्द्व पनि कथानकमा आएको हुन्छ । व्यक्तिको विपरित इच्छा, विचार वा धारणा बीच हुने द्वन्द्वलाई आन्तरिक द्वन्द्व र व्यक्ति र व्यक्ति, व्यक्ति र समाज, व्यक्ति र नियति वा व्यक्ति र प्रकृति बीच हुने द्वन्द्वलाई बाह्य द्वन्द्व भनिन्छ (घर्ती, २०६८ :

३९) । त्यसैगरी एउटा बिन्दुबाट सुरु भएर अर्को बिन्दुमा टुङ्गिने रैखिक र जुन बिन्दुबाट सुरु भएको हो त्यही बिन्दुमा आएर टुङ्गिने वृत्ताकारीय जस्ता कथानकीय ढाँचाहरु घटना विकासका क्रममा देखा पर्दछन् । कथानकमा प्रयुक्त कालक्रम घटनाको समय प्रवाह हो भने निरन्तर अघि बढ्दै गएर अन्त्य हुने कथानकलाई क्रमिक र पछाडितर्फ मोडिनेलाई व्यतिक्रमिक भनिन्छ । यसरी स्रोत, गठन, पूर्णता, अवस्था, कौतुहल, द्वन्द्व, कथानक ढाँचा, कालक्रम आदिको योजनालाई नै कथानक भनिन्छ । कथानकलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ । घटनाप्रधान उपन्यासमा यसलाई आत्मास्वरूप प्रमुख महत्त्व दिइएको हुन्छ तर उपन्यासको शिल्पीय बिकासको शास्त्रीय पद्धतिको निर्धारण हुन नसकिरहेकोले प्रारम्भकालीन उपन्यासमा कथानक प्रमुख तत्त्व मानिए पनि हाल त्यसको महत्त्व र अनिवार्यता घट्दै गई यसलाई गौण स्थान दिएर उपेक्षा गर्न खोजिए झैं विश्व उपन्यासको स्थिति छ । जेम्स ज्वायसको जुलियस र नवीनतम् फ्रेन्च उपन्यासकार रोत्रे गिले र सरोका उपन्यासहरूमा नाममात्रको कथानक पाइन्छ (प्रधान, २०५२ : ७) । यसरी पछिल्लो युगमा कथानकलाई कम महत्त्व दिइए पनि यसको जरुरी र आवश्यकता छैन भनेर चाहिँ कसैले पनि भनेका छैनन् ।

प्रस्तुत उपन्यासको कथानकमा नेपाली इतिहासमा देखिएको राजा राजेन्द्रबिक्रम शाहका राज्यकालमा घटित हत्या, हिंसा र षड्यन्त्रपूर्ण राजनैतिक खिचातानीका घटनाहरूलाई नै विषयवस्तुका रूपमा लिइएको छ । उपन्यासको कथानक चौध परिच्छेदहरूमा विभाजित रहेको छ ।

पहिलो परिच्छेदमा सेर्बूले नुवाकोटको बुङताङ गाउँबाट ल्होसार मान्न बँसी झर्दै गर्दा बीच बाटोमा एउटा युवक निदाइरहेको देख्छे । घटना सन्दर्भ दरबारतर्फ मोडिन्छ जहाँ जङ्गबहादुरलाई घोडा बनाएर युवराज सुरेन्द्र राजकुमार दिवेन्द्रको उपचारकक्षमा पुग्छन् । दिवेन्द्र सिकिस्त विरामी भएका कारण प्रधानमन्त्री भीमसेन थापाको निर्देशनमा उनको वैद्यद्वारा उपचार भइरहेको हुन्छ । युवराजले औषधि बनाउन प्रयोग गरिने विषलाई पाचक ठानेर खान खोज्छन् । वैद्यले सावधान गरेपछि सुसारे कक्षमा उच्छृङ्खलता प्रदर्शन गर्न जङ्गबहादुरलाई उक्साइरहेको अवस्थामा राजकुमार दिवेन्द्रको निधनले कोलाहल मच्चिन पुग्छ ।

दोस्रो परिच्छेदमा राजकुमार दिवेन्द्रको मृत्युपश्चात प्रधानमन्त्री भीमसेन थापा थुनामा पर्छन् भने उनका नातेदारहरूपनि बिल्लिबाठ हुन्छन् । जङ्गबहादुर पनि अनेकतिर चाहार्दै नुवाकोट पुगेका हुन्छन् । सुतिरहेको अवस्थामा सर्पले उनको टाउकामा फणा फिँजाएर बसेको सेर्बूले देख्छे र कहालिन्छे । सर्प भाग्छ र अरू कसैले देख्दैनन् । सेर्बू बाटो लाग्छे । युवक पनि उसैको पछि लाग्छ । बाटामा युवक पछिपछि लागेकाले सशङ्कित बनेकी सेर्बू युवकको एकै फड्कोमा माथिबाट खोला तर्दाको पुरुषार्थ देखेर अचम्मित हुन्छे ।

तेस्रो परिच्छेदमा सेर्बू र युवक दुवैका मनमा एक-अर्काप्रति चासो बढ्छ । युवकले बुङताङ गाउँबारे सोध्दा सेर्बूले तामाङ्ग भाषामा नै खस कुरा नजान्ने बताउँछे । बाटामा हिँड्दा दुवैजना एक-अर्काप्रति आकर्षित हुन्छन् । जङ्गलमा पसेकी सेर्बूलाई बाघले झम्टन्छ । युवकले बाघको खुकुरीद्वारा वध गर्छ । युवकको पुरुषार्थबाट सेर्बू लोभिन्छे । युवकले सानो डमरु फेला पारेर बोक्छन् र दरबारको बेथितिको स्मरण गर्छन् । राजा राजेन्द्र, जेठी रानी र कान्छी रानीको भाडभैलो छ । युवक र सेर्बू त्रिशूली आइपुग्छन् र त्यहाँ रामकृष्ण महाजनसँग भेट हुन्छ । दुवैजना बाघको छाला निकाल्ने योजना बनाउँछन् ।

चौँथो परिच्छेदमा भीमसेन थापाका पक्षधरहरूले दरबार घेर्ने योजना बनाउछन् भने राजालाई पनि भीमसेनमाथि अन्याय भयो भन्ने चिन्ता लाग्छ । साम्राज्यलक्ष्मीका विश्वासपात्र रणजङ्ग प्रधानमन्त्रीबाट हटी पुनः प्रधानसेनापति बन्छन् । राजारानीको सम्बन्ध चिसिन्छ ।

पाँचौं परिच्छेदमा जेठी रानी तथा रणजङ्गबीच कान्छी रानी र भीमसेन थापाका विरुद्धको कुराकानी हुन्छ । जेठी रानीले रणजङ्गलाई प्रधानमन्त्री बनाउने प्रस्ताव राख्छिन् ।

छैटौं परिच्छेदमा जेठी रानी तथा प्रधानमन्त्री रणजङ्ग पाण्डे भीमसेन थापामाथि षड्यन्त्र गर्ने योजना बनाउछन् । राजाले पनि रणजङ्गको कुरामा परी भीमसेनप्रति अविश्वास प्रकट गर्छन् । भीमसेनले आफू निर्दोष भएको बताउछन् । जेठी रानी र कुलराजले भीमसेनलाई आत्महत्या गर्न बाध्य बनाउने गोप्य षड्यन्त्रको सल्लाह गर्छन् ।

सातौं परिच्छेदमा थुनामा परेका भीमसेनको रात छट्पटीमा बित्छ । बिहानीपख थुनाबाट उम्किएर बेलायत पुगेको सपना देख्छन् । बेलायत र नेपालको प्रसङ्गवश तुलना गर्छन् ।

आठौँ परिच्छेदमा सुत्न लागेका भीमसेनसमक्ष षड्यन्त्रको जालो बिछ्याउन कुलराज आइपुग्छन् । भोलिपल्ट थापाकी पत्नीलाई बेइज्जत गर्ने कार्यक्रम रहेको झुटो कुरा सुनाई देश छाडेर भाग्ने कि भन्ने उपाय दिएझैँ गर्छन् । आफू जेठी र कान्छी रानीको अहङ्कारको चेपुवामा परेको ठानी थापा झ्यालको सिसा फोरेर सेरिन्छन् । घटना सुनेर राजासमेत आउँछन् । थापाको आवाज स्पष्ट नभएकोले रणजङ्गले राजालाई उल्टो कुरा सुनाउँछन् । नौ दिनपछि थापाको बेवारिसे अवस्थामा प्राण जान्छ ।

नवौँ परिच्छेदमा वीरनरसिंह नाम बताएर भोलि भेट्ने सुचित गरी गएका प्रेमी फर्किएर नआएपछि मर्ने टुङ्गोमा पुगेकी सेर्बूको मन फर्कन्छ । पुनर्मिलनको आशमा बाँचेर आफूलाई विशिष्ट र योग्य बनाउने अठोट गर्छे । नेपाली भाषा सिकेर काठमाडौंको वस्तुस्थिति बुझ्छे । सेर्बू परिवर्तन भई राम्री र योग्य भएपछि रामदास भन्ने सामन्त पनि सेर्बूको पछि लाग्छ । सेर्बू हिड्दै गर्दा त्रिशूलीले मान्छे बगाएर ल्याएको देख्छे । मानिसहरू जम्मा हुन्छन् । सेर्बू बाटो लाग्छे ।

दसौँ परिच्छेदमा युवराज सुरेन्द्र जङ्गबहादुरका साथ त्रिशूली आउँछन् । सुरेन्द्रले जङ्गबहादुरलाई घोडासहित त्रिशूलीमा हामफाल्ने आदेश दिन्छन् । जङ्गबहादुर बाध्य भएर हामफाल्छन् र बेपत्ता हुन्छन् । पछि सुरेन्द्रले पुनः जङ्गेलाई खोज्न पठाउँछन् । उता सेर्बूलाई रामदासले हातपात गर्न खोजिरहँदा सैनिकहरू पुग्छन् र रामदास भाग्छ ।

एघारौँ परिच्छेदमा सेर्बू लखतरान भएर घर पुग्छे । माइजुसित कुरा गर्दा त्रिशूलीमा बगेको मान्छेको बारेमा सोध्छे । माइजुले आफ्नै घरमा ओत लाग्न आएको बताएपछि सेर्बू खाजा लगेर भेट्न जान्छे । त्यो व्यक्ति आफ्नै प्रेमी भएको थाहा पाउँछे । त्रिशूलीमा बगेर आएका व्यक्ति उनै जङ्गबहादुर हुन्छन् । फर्केर किन युवराजकहाँ जानु भनेर गाउँतिर लाग्दा सेर्बूकै मामाघरमा आइपुग्दा रहेछन् । युवकले प्रेमिकालाई चिन्दैनन् तर चिनेको स्वाङ पार्छन् । उनीहरू घुम्दै बाहिर निस्कन्छन् । जङ्गेलाई खाज्दै सैनिकहरू त्यही आइपुग्छन् र आफू नजाने बताएपछि सैनिकहरूले च्यापचुप समातेर लैजान्छन् ।

बाह्रौँ परिच्छेदमा सेर्बूमाथि रामदासको वक्रदृष्टि परिरहेकै छ भने दरबारमा भाडभैलो भइरहँदा आफ्नो छोरालाई राजा नबनाउने पत्तो चलेपछि जेठी रानी काशीबास लाग्छिन् । राजा  पनि फकाउँदै पछि लाग्छन् । हेटौडा पुगेपछि रानी रोगले थला पर्छिन् । नुवाकोटमा

जान्ने वैद्य छ भन्ने सुनेपछि सैनिकहरू सेर्बूका मामा दोर्जे तामाङ्गको घरमा पुग्छन् । पाँच महिनादेखि दोर्जे हराएको सेर्बूले बताउँछे । सेर्बूले पहिला देखेका सैनिकलाई चिन्छे र आफ्नो प्रेमी वीरनरसिंहको खोजीमा सैनिकहरूको पछि लाग्छे । कर्रा पुगेपछि हुलिया बदलेर कमारीकी रूपमा छानिन्छे । एकजना योगीले महारानीको सङ्ज्ञा दिन्छन् । सेर्बू छानिएकै दिन जेठी रानीको निधन हुन्छ ।

तेह्रौं परिच्छेदमा जेठी रानीको निधनपछि युवराज सुरेन्द्र झन उग्र हुन्छन् । जनताले उनलाई मन पराउादैनन् । कान्छी रानी सर्वेसवा हुन्छिन् । उनको सुसारेकी रूपमा गगनसिंहकी छोरी उमा हुन्छे । बाबु गगनसिंह उनको प्रेमीसँग बिहे गर्न दिदैनन् । उमाको प्रेमीको चिठी पढिदिने सेर्बू अर्थात् नौली हुन्छे । उमाकै सङ्केतले नौलीले आफ्ना मामा दोर्जे तामाङ्गलाई नेलहत्कडीमा देख्छे । कागजपत्र हेरेपछि पान खाएर मातिन्छे । दरबारमा अन्याय भएको र भारदारहरू बदमास भएको कुरा गर्छे । ऊ तरबार बोकेर भारदारहरूलाई लखेट्न थाल्छे । सबै भाग्छन् यसै क्रममा नौलीले आफ्ना प्रेमी वीरनरसिंहलाई भेट्छे । नौलीले प्रेमीकै भनाई अनुसार उनलाई महारानीसमक्ष पुऱ्याउँछे । नौलीको पुरुषार्थ देखेर महारानी मुग्ध बनी नौलीबाट पुतली नाम दिन्छिन् ।

चौधौं परिच्छेदमा गगनसिंहको हत्या हुन्छ । महारानीले गगनसिंहको हत्यारा खोजिरहन्छिन् । उमाको प्रेमी आफ्नो भाई बद्रीनरसिंह भएको जङ्गबहादुरलाई थाहा हुँदैन । विदेशमा भएका माथवरसिंह थापा नेपाल बोलाइन्छन् । भीमसेन थापाको मुद्दा उल्टिन्छ । पाण्डेहरू धेरै मारिन्छन् । माथवरसिंह थापा प्रधानमन्त्री तथा प्रधानसेनापति बन्छन् । कान्छी रानीको आफ्नो छोरालाई राजा बनाउने चाहाना माथवरसिंहबाट पुरा नहुने देखेपछि आफ्नै भाञ्जा जङ्गबहादुरबाट गोली हानेर उनको हत्या गरिन्छ । जङ्गबहादुरको पदोन्नति हुँदै जान्छ । कोतपर्व मच्चिन्छ । जङ्गबहादुरले देवदूत आफ्नै भाई बद्रीनरसिंह भएको थाहा पाउँछन् । कोतपर्व पश्चात जङ्गबहादुर प्रधानमन्त्री तथा प्रधानसेनापति बन्दछन् । उनबाट पनि महारानीको इच्छा पूर्ण नहुने देखेपछि उनी जङ्गबहादुरलाई समाप्त गर्ने षड्यन्त्र रच्छिन् । पुतलीले उक्त कुरा जङ्गबहादुरलाई सूचित गर्छे फलस्वरूप भण्डारखालपर्व मच्चिन्छ । राजारानी काशीबास लाग्छन् पछि अलौमा राजाले विद्रोह गर्न खोज्दा थुनामा पर्छन् । नेपाल तिब्बत युद्धमा सफलता प्राप्त भएपछि राजा सुरेन्द्र खुशी भई जङ्गबहादुरलाई बक्सिस माग्न आग्रह गर्छन् । जङ्गबहादुरले पुतली नानीलाई लैजाने बिन्ती गर्छन् । पुतलीले

जङ्गबहादुरलाई देशमा प्रजातन्त्र र शिक्षाको विकास गर्न सुझाव दिन्छे । अनावश्यक तडकभडकको विरोध गर्छे । बग्गीयात्रापछि जङ्गबहादुर र पुतली श्री ३ महाराज र महारानीका रूपमा साइत पारेर थापाथली दरबारमा भित्रिन्छन् । यसरी कथानकको पनि अन्त्य हुन्छ ।

प्रस्तुत उपन्यासको कथानकमा प्रमुख कथा र सहायक कथाहरू नभई एउटै कथा दुई किनारा भएर हिँडेको छ । एउटा छ जङ्गबहादुरको राजनीतिक सफलताको कथा र अर्को छ पुतलीसँगको जङ्गबहादुरको प्रेमप्रणय (पोखरेल, २०६८ : १९६) । यी दुई कथा खण्डित नभईकन समान गतिमा अगाडि बढेकोले एउटै कथानक हुन पुगेको छ । अन्य प्रासङ्गिक घटनाहरू बीच बीचमा आए पनि उपन्यासको कथानक जङ्गबहादुरकै केन्द्रीयतामा घुमेको हुँदा र जङ्गबहादुरको उदयका निम्ति नै पुतलीको भूमिकाले सघाएको हुँदा यसमा दुईवटा कथा नभई एउटै कथा रहेको पाइन्छ ।

उपन्यासको पहिलो परिच्छेदमा जङ्गबहादुर, राजा राजेन्द्र, जेठी रानी साम्राज्यलक्ष्मी र उनका सन्तानहरू युवराज सुरेन्द्र, उपेन्द्र र दिवेन्द्र, कान्छी रानी राज्यलक्ष्मी र उनका सन्तानहरू रणेन्द्र र वीरेन्द्र, प्रधानमन्त्री भीमसेन थापा, राजवैद्य, एकदेव, शिवानन्द भवानी, तालिमेहरू जस्ता उपन्यासका पात्रहरूको परिचयसँगै ती पात्रहरूको अवस्था, त्यहाँको वातावरण तथा पात्रका व्यवहारहरूको चिनारी दिइएको छ । यस परिच्छेदमा ल्होसार मनाउन बनेली बाटो हुँदै बुङताङ झर्दै गरेकी सेर्बूको अनौठो अवस्थामा निदाइरहेको युवक (जङ्गबहादुर, वीरनरसिंह)सँगको भेट पछि घटना सन्दर्भ मोडिएर दरवारतर्फ राजकुमार दिवेन्द्रको निधन सम्मको घटनास्थिति प्रस्तुत भएको छ । यसबाट अब अगाडि के होला भन्ने  उत्सुकता पैदा भएको छ । त्यसैले उपन्यासको पहिलो परिच्छेद कथानकको आदि भाग हो ।

दोस्रो परिच्छेददेखि घटनाको विकास हुँदै जाने क्रममा दरवारका विभिन्न क्रियाकलापहरू, भीमसेन थापाको मृत्यु, वीरनरसिंह र सेर्बू बीचको प्रेमसम्बन्ध, पुनर्मिलन र वियोग, सेर्बूको मामा लापत्ता हुनु, प्रेमीको खोजीमा सेर्बू घरबाट निस्कनु तथा कमारीको रूपमा छनौट भई सेर्बूको दरवार प्रवेश जस्ता घटनाहरूले कौतुहल पैदा गर्दै गएको छ र तेह्रौ परिच्छेदको मध्यतिर वीरनरसिंह नाम बताएर छुटेका प्रेमी जङ्गबहादुरलाई खोज्न दरवार प्रवेश गरेकी सेर्बू अर्थात् नौलीले हराएका आफ्नो मामा दोर्जे तामाङ्गलाई नेल हतकडीमा

देखेपछि कौतुहल झन् तिव्र हुन पुगेको छ, त्यसैले त्यहाँ सम्मको अंशलाई मध्य भाग मान्न सकिन्छ ।

तेह्रौं परिच्छेदको अन्त्यतिर पान खाएर मातिएकी सेर्बू (नौली)ले नाङ्गो तरवार बोकेर भारदारहरूलाई लखेट्ने क्रममा आफ्नो प्रेमी वीरनरसिंहलाई भेटेर सबै कुरा थाहा पाएपछि कौतुहलको एउटा पाटो समाप्त भएको छ । चौधौं परिच्छेदमा गगनसिंहको रहस्यमय हत्या हुँदै माथवरसिंहको स्वयम् जङ्गबहादुरद्वारा भएको हत्या पछि जङ्गबहादुरको पदोन्नति हुँदै गएको छ भने कोत पर्वपछि उनको अझ पदोन्नति हुँदै प्रधानमन्त्री तथा प्रधानसेनापति बन्न पुगेको छ । जङ्गबहादुरलाई मार्ने कान्छी रानी राज्यलक्ष्मीको षड्यन्त्रलाई पुतलीको सहायताले विफल पार्दै भण्डारखाल पर्व मच्चिएको छ भने नेपाल तिब्बत युद्धको सफलता पछि जङ्गबहादुरले बक्सिस स्वरूप राजा सुरेन्द्रसँग प्रेमिका पुतलीलाई मागी थापाथली दरवारमा साइतका साथ भित्रिएका छन् । यसरी तेह्रौ परिच्छेदको अन्त्यदेखि चौधौं परिच्छेद सम्मलाई कथानकको अन्त्य भाग मान्न सकिन्छ ।

त्यसैगरी कथानकको अवस्थातर्फ पहिलो परिच्छेदलाई चिनारी, दोस्रो परिच्छेद देखि तेह्रौ परिच्छेदको प्रारम्भ सम्म संघर्ष बिकास, तेह्रौ परिच्छेदको अन्त्यदेखि चौधौं परिच्छेदको भण्डारखाल पर्वसम्म चरमोत्कर्ष र राजारानीको काशीवास पछि राजा सुरेन्द्रले जङ्गबहादुरलाई बक्सिस् दिएबाट संघर्ष ह्रास हुँदै चौधौं परिच्छेदको अन्त्य भागलाई कथानकको उपसंहार मान्न सकिन्छ ।

प्रस्तुत उपन्यासको कौतूहल पक्ष त्यति सबल नदेखिए पनि कौतूहल नै नभएको कथानक भने होइन । पहिलो परिच्छेदको आरम्भमा नै बीचबाटोमा निदाइरहेको युवकसँग सेर्बूको भेट भएपछि उक्त युवक को होला, कहाँबाट आएको होला या कहाँ जान लागेको होला जस्ता कौतूहलताहरू उत्पन्न हुन्छ । त्यस्तै दोस्रो परिच्छेदमा राजकुमार दिवेन्द्रको निधन पश्चात् भीमसेन थापामाथि लागेको आरोपको परिणाम के कस्तो होला भन्ने कौतूहलको सिर्जना भएको छ भने युवक र सेर्बूको यात्राका क्रममा पनि अब के होला या एक अर्काका बोलीका भाषा नबुझ्ने ती दुईबीच एक अर्काका कुरा कसरी सञ्चार होला भन्ने जस्ता सामान्य कौतूहल पैदा हुन्छ । उता दरवारमा भीमसेन थापा षड्यन्त्रका जालमा परेका छन् । जेठी रानी, रणजङ्ग र कुलराज उनलाई षड्यन्त्रको भुमरीमा पारी सिध्याउने दाउमा लागेका छन् तर राजा राजेन्द्रको अन्तर्मनमा अझै पनि भीमसेनप्रति निगाह रहेको

छ । यस अवस्थामा अब भीमसेनले न्याय पाउला या नपाउला भन्ने जिज्ञासाले डेरा जमाउँछ । त्यसैगरी युवक (वीरनरसिंह)को भेट रामकृष्ण महाजनसँग भएपछि बाघको छाला निकाल्ने योजना बनाएर भोलिपल्ट भेट्ने कुरा सूचित गरी गएको प्रेमी नफर्किएपछि उसैको प्रतिक्षामा बसेकी सेर्बूको आफ्नो प्रेमीसँग पुनः भेट होला की नहोला भन्ने कुरा पनि पाठकको मनमा लागिरहन्छ । युवराज सुरेन्द्रको आग्रहमा त्रिशूलीबाट घोडासहित फाल हानेर बेपत्ता भएका जङ्गबहादुरको संयोगवस सेर्बूकै मामाघरमा उनीसँग भेट हुनपुग्छ तर जङ्गबहादुरलाई नै खोज्दै आएका सैनिकहरूले उनलाई भेटेपछि च्यापचुप समातेर लैजान्छन् । प्रेमीसँग छुटेपछि रामदासको गिद्धेदृष्टिबाट बँच्न घरभित्रै चुलोचौका गरिरहेकी सेर्बू बिमारी महारानीका निम्ति जान्ने वैद्य खोज्दै आइपुगेका सैनिकहरूको पछि लागेर प्रेमीको खोजीमा निस्किएपछि उनले अब कसरी आफ्नो प्रेमीको पत्ता लगाउली या उनको आउने दिनहरू कस्ता रहलान् भन्ने जिज्ञासाका साथसाथै उनका मामा कहाँ बेपत्ता भए भन्ने उत्सुकताहरू पैदा भइरहन्छ । तेह्रौं परिच्छेदको मध्यतिर आइपुगेपछि सेर्बू (नौली)ले आफ्नो मामा दोर्जे तामाङ्गलाई नेल हतकडीमा देखेपछि आफ्ना मामालाई झुटो अभियोगमा कैदी बनाएको थाहा पाउँछे भने आफ्नो प्रेमी वीरनरसिंह (जङ्गबहादुर)सँग पनि उनको भेट हुनपुग्छ । आफ्ना प्रेमीका बारेमा सबै थाहा पाए पछि मामा र प्रेमी प्रतिको जिज्ञासा समाप्त भएको छ भने चौधौं परिच्छेदमा पुगेपछि जङ्गबहादुरले उमाको प्रेमी आफ्नै भाइ बद्रीनरसिंह रहेको पत्ता लगाएसँगै सम्पूर्ण जिज्ञासाहरू समाप्त भएको छ । यसरी उपन्यासको कुतूहल केही समय उठ्दै फेरि हराउँदै गएकोले यस उपन्यासको कौतुहल पक्ष त्यति सबल नभई सामान्य किसिमको रहेको छ ।

प्रस्तुत उपन्यासमा आन्तरिक द्वन्द्व भन्दा पनि बाह्य द्वन्द्वहरूको प्रस्तुति सबल रहेको पाइन्छ । त्यसै पनि राजनीति तथा हत्या, हिंसा र षड्यन्त्र नै विषयवस्तु भएको उपन्यासमा द्वन्द्व प्रशस्त पाइने गर्छ । द्वन्द्व सबल हुनु उपन्यासको सबल पक्ष हो । एक त राजनीतिक कथावस्तु त्यसमाथि पनि इतिहासको हत्या, हिंसाको राजनीति नै विषय बनेर आएको हुँदा उपन्यासमा पनि बाह्य द्वन्द्व नै सबल भएको छ (पोखरेल, २०६८ : २२४) । **गृहप्रवेश**को कथानकमा रहेको बाह्य द्वन्द्वका रूपमा जङ्गबहादुरको परिस्थितिसँगको द्वन्द्वलाई नै प्रमुख मान्न सकिन्छ । उनले आफ्नो अधिकार गुमाएपछि आफ्नो अधिकार पुनः प्राप्तिका लागि गरेको संघर्षको बिकास हुँदै अन्त्यमा सफलतासम्म पुगेको छ । जङ्गबहादुरका साथै दरवारमा जेठी रानी र कान्छी रानी बीच आफ्ना आफ्ना छोरालाई राजा बनाउने स्वार्थका बीचमा

पनि द्वन्द्वको सिर्जना भएको छ भने थापा खलक र पाण्डे खलकका बीच एकले अर्कालाई गिराउने र आफू सत्तामा आउने खेलमा बाह्य द्वन्द्व सशक्त भएर देखा परेको छ । त्यस्तै गाउँमा सेर्बू र रामदास बीचको सम्बन्धमा पनि द्वन्द्व देखिएको छ । रामदास सेर्बूलाई प्राप्त गर्न चाहन्छ भने सेर्बू वीरनरसिंह नाम बताई छुटेको प्रेमीको प्रतिक्षामा छे र ऊ बाहेक कसैसँग पनि आफ्नो भविष्य सोच्न सक्दिन । यस परिस्थितिमा रामदासले सेर्बूमाथि हातपात सम्म गर्न पुगेको छ । त्यसैगरी गगनसिंह र उनकी छोरी उमा तथा देवदूत बीच पनि द्वन्द्व भएको छ । देवदूत र उमा एकअर्कामा प्रेम गर्छन् तर गगनसिंह त्यसको खिलाफमा रहेकोले गगनसिंहलाई नमारी दुई बीचको प्रेमसम्बन्ध सफल नहुने देखेपछि देवदूतले गगनसिंहलाई मार्ने योजनासम्म बनाएको छ । उपन्यासका यी विभिन्न द्वन्द्वहरूसँगै देखिएको अन्य द्वन्द्वहरूमा साम्राज्यलक्ष्मी र भीमसेन थापा बीचको द्वन्द्व, कान्छी महारानी र पाण्डेहरू बीचको द्वन्द्व, कान्छी महारानी र जङ्गबहादुर बीचको द्वन्द्व तथा निर्वासित राजा राजेन्द्र र जङ्गबहादुर बीचको द्वन्द्व रहेका छन् । बाह्य द्वन्द्व सबल रहेको यस उपन्यासमा आन्तरिक द्वन्द्व भने सामान्य रूपमा प्रस्तुत भएको छ । पुतली, राजा राजेन्द्र, भीमसेन थापा, जङ्गबहादुर राणा, लिम्पा आदि चरित्रहरूको माध्यमबाट आन्तरिक द्वन्द्व प्रस्तुत भएको छ । पहिलो भेटपछि छुटेका प्रेमीको अत्तोपत्तो नभएपछि आत्महत्या गर्ने मनस्थितिसम्म बनाउन पुगेकी सेर्बूको अन्तर्आत्माले त्यसो गर्न नदिएपछि सक्षम र योग्य भई आफ्नो प्रेमीलाई प्राप्त गर्न सफल सेर्बूमा उपन्यासको अन्त्यसम्म पनि आन्तरिक द्वन्द्व देखा परेको छ । जङ्गबहादुरका आफ्नै वंशबीच शक्ति र सम्पत्तिका निम्ति काटमार चल्ने, देशको प्रगति नहुने, चिल्लिबिल्लि पर्ने संभावना तथा अन्धकार भविष्यका निम्ति तर्सिएकी पुतली (सेर्बू) बग्गीबाट फालहानेर शहरबासीको हुलभित्र पसी ठूलो स्वरले शिक्षाविरोधी नीतिको विरोध गर्न चाहन्छे (राणा, २०७३ : १७९) । आफूले लगाएको दरवारीया बहुमूल्य गहना उतिनैखेर फुकालेर फाल्न चाहन्छे तर सतित्व नारीले सौभाग्य चिन्ह गहना फुकाले पतिको आयु क्षीण हुने रुढिवादका कुराले त्यसो गर्न नसकेको अवस्था रहेको छ । त्यसका अतिरिक्त पुरुषप्रधान युग भएकाले लोग्नेसित असहमति प्रकट गर्न नसकेको अवस्थामा पुतलीले आफूलाई लाचार बनाएकी छिन् । त्यस्तै युवराज दिवेन्द्रलाई विष खुवाएको आरोप लागेपछि भीमसेन थापाको मनमा चलेको द्वन्द्व पनि आन्तरिक द्वन्द्वको उदाहरण हो । आफू जेलमा रहँदा आफ्नी मुखिनीलाई नाङ्गै सहर घुमाउने कुरा सुनाएपछि भीमसेनको मनमा आन्तरिक द्वन्द्व चलेको छ भने विरोधीहरूको षड्यन्त्रमा परेपछि देशमा आफूले प्रजातान्त्रिक परिपाटीप्रति बेवास्ता

गरेकाले नै आफ्नो यस्तो दुर्गति भएको भनी उनको मनमा द्वन्द्व पलाएको छ । त्यस्तै सुरेन्द्रले जङ्गबहादुरलाई त्रिशूली नदीमा घोडासहित फालहान्ने आदेश दिएपछि उनको मनमा आदेश मान्ने कि नमान्ने भन्ने द्वन्द्व चलेको छ (पोखरेल, २०६८ : २०९) । त्यसैगरी उपन्यासको गौण पात्रका रूपमा रहेको लिम्पाको मनमा पनि आन्तरिक द्वन्द्व भएको छ । उनी सेर्बूलाई मनपराउने तथा सेर्बूसँग विवाहको कुरासम्म चलेको युवक हो । तर रामदासले पनि त्यही सेर्बूलाई हत्याउन खोजेको अवस्थामा लिम्पालाई दोधार भएको छ । रामदासको हातपातमा लडिरहेकी सेर्बूलाई जोगाउँ या आफ्ना मालिक रामदासको कुविचारमा सघाउँ भन्ने अवस्थाका बीच उनको मनमा आन्तरिक द्वन्द्व देखिएको छ ।

प्रस्तुत उपन्यासको कथानकलाई रैखिक ढाँचाको कथानक मानिन्छ । कथानकमा आएका पात्रले कतै कतै पूर्वस्मृति गरेका छन्, त्यसबाहेक उपन्यासको कथानक सोझो धर्सो जस्तो तानिएको छ । उपन्यासका प्रमुख पात्र सेर्बू र वीरनरसिंहको भेट पश्चात् जङ्गलको यात्राका क्रममा उनीहरू एक अर्काका मायाप्रेममा परेका छन् भने दरवारबाट निकालिएका जङ्गबहादुरले विभिन्न परिस्थितिहरूको सामना गर्दै आफ्नो लामो संघर्ष र मेहनत पश्चात् दरवारमा पुनः स्थान पाएका छन् । त्यसैगरी राजा राजेन्द्र र भीमसेन थापाबाट प्रारम्भ भएको घटनाक्रम राजा सुरेन्द्र र प्रधानमन्त्री जङ्गबहादुरमा आइपुगेको छ । त्यस्तै प्रमुख पात्र सेर्बूले पनि गाउँका खलपात्रबाट बँच्न कष्टकर यात्रा गर्दै वीर, धीर, पराक्रम्, देशभक्त पुरुष तथा आफ्ना प्रेमी वीरनरसिंह (जङ्गबहादुर)लाई पतिका रूपमा प्राप्त गरी श्री ३ महारानीकी रूपमा गृहप्रवेश गरेपछि कथानक समाप्त भएको छ । यसरी एउटा बिन्दुबाट प्रारम्भ भएको कथा अर्को बिन्दुमा पुगेर समाप्त भएको छ । कहीँ कतै पूर्वस्मृतिहरू भए पनि कथानक पश्चगामी नभई निरन्तर अघि बढेर परिणतिमा नै पुगेको देखिन्छ । त्यसैले उपन्यासको कथानक पनि क्रमिक नै रहेको छ ।

### २.२.२ पात्र

उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ (बराल र एटम, २०५६ : २९) । कृतिमा संलग्न रहेका विभिन्न व्यक्ति नाम वा सहभागीहरू नै पात्र हुन् । पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा

निर्जीव वस्तुहरू पनि हुन सक्छन् । ती मानवेतर वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा आरोपित गरी प्रस्तुत गर्दछन् (लुइटेल, २०६९ : ४४) । उपन्यासमा प्रयुक्त पात्रहरूले नै कथानकलाई गति प्रदान गर्दै त्यसमा प्राण भर्दछन् । उपन्यासकारले समाजबाट पात्रहरू लिँदा जस्ताको तस्तै नलिएर सिर्जनात्मक कल्पनाद्वारा ढाली समाजका जस्तै बनाएर प्रस्तुत गर्छन् । यसरी प्रस्तुत हुँदा पात्रहरू विभिन्न किसिमको स्वरूप र चरित्र वहन गर्न पुग्छन् । कुनै उपन्यासको खास भागमा मात्र देखा पर्छन भने कुनै सुरूदेखि अन्त्यसम्म रहन्छन् । कुनै पात्रको अस्तित्वले उपन्यासको संरचनालाई खासै असर पार्दैन भने कुनैले उपन्यासलाई आदिदेखि अन्त्यसम्म डोऱ्याएको हुन्छ (बराल, २०६३ : ३३) ।

नाटक वा आख्यानात्मक कृतिहरूमा विभिन्न किसिमका पात्रहरूले प्रतिनिधित्व गरेका हुन्छन् । चरित्र चित्रणले गर्दा नै आधुनिक उपन्यास जीवनको भाष्य झैँ वर्णित भएकाले उपन्यासमा चरित्रको महत्ता सर्वोपरि मानिन्छ (प्रधान, २०५२ : ८) । उपन्यास पनि आख्यान विधाअन्तर्गत कै एउटा नयाँ विधा भएकाले उपन्यासमा पनि पात्र वा चरित्रको भूमिकालाई महत्त्वपूर्ण स्थान दिइएको हुन्छ । उपन्यासमा विभिन्न थरीका पात्रहरू हुन्छन् । सामान्यतः सबै प्रकारका उपन्यासका पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा हेर्न सकिन्छ (घर्ती, २०६८ : ३९) । यी विभिन्न आधारमा पात्रहरूको वर्गीकरण गर्ने क्रममा त्यस भित्र पनि विभिन्न वर्गहरू देखा पर्छन् । लिङ्गका आधारमा नायक, खलनायक तथा सहनायक आदिको पहिचान गराउने पुलिङ्ग र नायिका, खलनायिका तथा सहनायिका पहिचान गराउने स्त्रीलिङ्गी पात्रहरू पर्दछन् भने कार्यका आधारमा बढी मूल्यको कार्य गर्ने प्रमुख पात्र, त्यो भन्दा घटि कार्य गर्ने सहायक पात्र र त्यसभन्दा पनि घटी कार्य गर्ने गौण पात्रहरू पर्दछन् । त्यसै गरी प्रवृत्तिको आधारमा पात्रको वर्गीकरण गर्दा खलत्व नभएको अनुकूल पात्र र खलत्व भएको प्रतिकूल पात्रहरू पर्दछन् भने स्वभावका आधारमा बदलिने स्वभावका गतिशील पात्र र नबदलिने स्वभावका गतिहीन पात्रहरू पर्दछन् । त्यस्तै जीवन चेतनाका आधारमा वर्गीकरण गर्दा सामाजिक वर्गको प्रतिनिधित्व गर्ने वर्गगत पात्र र आफ्नै मात्र प्रतिनिधित्व गर्ने व्यक्तिगत पात्रहरू पर्दछन् भने आसन्नताका आधारमा परोक्ष वर्णन वा उपस्थित हुने नेपथ्य पात्र र प्रत्यक्ष कार्य गर्ने मञ्चीय पात्रहरू पर्दछन् । त्यसैगरी आवद्धताका आधारमा पात्रहरू हेर्दा कृतिका पर्याधारमा बाँधिएर सार्थक हुने बद्ध पात्र तथा सो पर्याधारबाट स्वतन्त्र भएर पनि सार्थक हुने मुक्त पात्रहरू पर्दछन् (शर्मा, २०४८ : १७४-१७६) । यीनै विभिन्न वर्गका पात्रहरूका

क्रियाकलापहरूद्वारा नै उपन्यासको कथानक अघि बढेको हुन्छ र औपन्यासिक संरचनाले सार्थकता पाएको हुन्छ ।

प्रस्तुत उपन्यासमा सेर्बू (नौली, पुतली), जेठी महारानी साम्राज्यलक्ष्मी, कान्छी महारानी राज्यलक्ष्मी, उमा, उमाकी आमा, सेर्बूकी माइजू, चनमती तथा दरवारका सुसारे केटीहरू नारी पात्रका रूपमा रहेका छन् भने वीरनरसिंह (जङ्गबहादुर), भीमसेन थापा, श्री ५ राजेन्द्र, रणजङ्ग पाण्डे, कुलराज, रामदास, कटुवाल, सुरेन्द्र, गगनसिंह, देवदूत, माथवरसिंह, दोर्जे तामाङ्ग, रङ्गनाथ, उपेन्द्र शाह, रणेन्द्र शाह, दिवेन्द्र शाह, कान्छो आले, लिम्पा तथा सैनिक जवानहरू पुरुष पात्रका रूपमा रहेका छन् । त्यसैगरी जङ्गबहादुरका हजुरबुबा भू.पू.सेनापति रामकृष्ण कुँवर, बाबु बालनरसिंह, श्री ५ पृथ्वीनारायण शाह, जङ्गबहादुरकी दुई पत्नी, जेठी प्रसादलक्ष्मी र कान्छी नन्दकुमारी आदि नेपथ्य पात्रका रूपमा रहेका छन् । यी पात्रहरू कतै पनि देखा परेका छैनन र अन्य पात्रहरूले गरेका वर्णनमा मात्र आएकाले यी पात्रहरू नेपथ्य पात्रहरू हुन् । त्यसैगरी उपन्यासका सम्पूर्ण पात्रहरूमध्ये रणेन्द्र शाह, उपेन्द्र शाह, वीरेन्द्र शाह, दिवेन्द्र शाह, रामकृष्ण महाजन, कान्छो आले, कनकसिंह, बुद्धिमान कार्की, करवीर पाँडे, चौतारिया फत्तेजङ्ग, अभिमान राना, दलमञ्जन पाँडे, वीरकिशोर, खड्गविक्रम, कृष्णबहादुर, बमबहादुर, धीरशमशेर, रणोदिपसिंह, गोप्रसाद, वीरध्वज लगायतका बाँकी सम्पूर्ण पात्रहरू गौण पात्रका रूपमा आएका छन् । यी मध्ये पनि चौतारिया फत्तेजङ्ग प्रधानमन्त्रीको भूमिकामा देखिए पनि उनको सम्पूर्ण जिम्मेवारीको उपभोक्ता गगनसिंह भएका छन् (राणा, २०७३ : १५३) । त्यसैले यहाँ फत्तेजङ्गलाई पनि गौणपात्रका रूपमा लिन सकिन्छ । अनगिन्ती पात्रहरू रहेको प्रस्तुत उपन्यास ऐतिहासिक उपन्यास भएकोले अधिकांश पात्रहरू पनि ऐतिहासिक नै छन् तर इतिहासमा गौण भूमिका भएको पुतली जस्ता पात्रलाई उपन्यासमा प्रमुख पात्र बनाइएको छ (पोखरेल, २०६८ : १९८) । बहुल पात्रहरूको उपस्थिति रहेको प्रस्तुत उपन्यासमा कुटिल तथा वैयक्तिक स्वार्थमा चुर्लुम्म डुबेका पात्रहरूको चलखेल रहेको पाइन्छ (न्यौपाने, २०६५ : २३७) ।

वीरनरसिंह अर्थात् जङ्गबहादुर प्रस्तुत उपन्यासका प्रमुख पुरुषपात्र तथा उपन्यासका नायक हुन् । उसैको केन्द्रीयतामा उपन्यासको कथानक अगाडि बढेको छ । मुल्याहा जन्मिएका हुनाले उनी मावल पठाइएका थिए र उनको चिनाको नाम वीरनरसिंह भए पनि सानैदेखि उनको स्वभाव जङ्गी भएका कारण मामा माथवरसिंहले ‘जङ्गे’ भनेर बोलाउने गर्थे

र पछि उनको नाम जङ्गबहादुर रहन गएको हो (राणा, २०७३ : ११८) । बालनरसिंह कुवँरकी कान्छी पत्नीतर्फका जेठा छोरा जङ्गबहादुरले बाबुद्वारा कुस्ती, घोडचढी, पौडी, घुयँत्रो हान्न अभ्यास प्राप्त गरेका छन् । उनले प्रसादलक्ष्मीसँग विवाह गरेको भए पनि असमयमै तिनको निधन भएपछि नन्दकुमारीसँग दोस्रो विवाह गरेको देखिन्छ । भीमसेन थापा कैदमा परेपछि दरबारबाट निकाला गरिएका उनी बिल्लिबाठ भएर भौतारिदै कहिले भारत र कहिले नेपालका विभिन्न ठाउँ घुम्दै जीविकाको खोजीमा हिँड्दै जाँदा नुवाकोट पुगेपछि सेर्बूसित भेट हुन्छ (नेपाल, २०६९ : ९८) । सेर्बूसँगको भेटपछि यात्राका क्रममा यी दुईबीच प्रेम सम्बन्ध गाँसिएको छ । पहिलो भेटमा नै सेर्बूको प्रेममा परेका उनी प्रेमिकासँग भोलि भेट्ने इसारा गरी छुटेपछि अनेक प्रयासका बावजुद युवराज सुरेन्द्रको अङ्गरक्षक बन्न पुगेका छन् । यसै शिलशिलामा युवराज सुरेन्द्र त्रिशूली घुम्न जान्छन् र जङ्गबहादुर पनि सँगै आएका हुन्छन् । सुरेन्द्रले घोडासहित त्रिशूलीमा फालहान्न लगाएपछि बाध्य भएर त्रिशूलीमा फालहान्छन् । तर चतुर जङ्गबहादुर चलाखीपूर्ण तरिकाले ज्यान बचाउन सफल हुन्छन् र सेर्बूकै मामाघरमा आश्रय लिन पुग्छन् । प्रेमिकासँग भेट भए पनि प्रेमिकामा आएको परिवर्तनका कारण उनले चिन्न सक्दैनन् र चिनेको स्वाङ्ग मात्र पार्छन् । त्यसै समय उनलाई खोज्दै आएका सैन्य जवानको फेला परेपछि उनलाई च्यापचुप समातेर लैजान्छन् । प्रेमिकासँग छुटेको लामो समयपछि उनैलाई खोज्न दरवार प्रवेश गरेकी आफ्नी प्रेकिमासँग उनको पुनः भेट हुन्छ र त्यसपछिका समयहरूमा उनले आफ्नी प्रेमिकाको अत्यन्त सहयोग पाएको देखिन्छ । प्रधानमन्त्री तथा प्रधानसेनापति आफ्नै  मामा माथवरसिंहलाई कान्छी रानीको आदेशअनुसार गोली हानी हत्या गर्छन् । त्यसपछि उसको पदोन्नति हुँदै जान्छ । कोतपर्व पछि उनकी प्रेमिका पुतलीले उमा र देवदूत जस्तै प्रेम सफल पार्न त्यहाँबाट भागौं भन्दा उनी मान्दैनन् बरु रानीको मन जिती प्रधानमन्त्री तथा प्रधानसेनापति बन्न सफल हुन्छन् । रानीको अपराधी मनसायमा साथ नदिँदा उनलाई मार्न वीरध्वजलाई रानीद्वारा आदेश दिइन्छ तर पुतलीको सहायताले उनले भण्डारखाल पर्व मच्चाउन पुग्छन् । यी विभिन्न सफलताहरूसँगै नेपाल तिब्बत युद्धमा सफलता प्राप्त गरी राजा सुरेन्द्रलाई खुसी पार्छन् भने राजाले बक्सिस् माग्न आग्रह गरेपछि उनले पुतलीलाई लान पाऊँ भन्ने बिन्ती गर्छन् र अन्तमा श्री ३ महाराजको पदवी सहित साइतका साथ थापाथली दरबारमा गृहप्रवेश गर्न पुग्छन् । यसरी हेर्दा उनी विभिन्न संघर्षका कारण पदोन्नति हुँदै नेपालको प्रधानमन्त्री तथा प्रधानसेनापतिसम्म बन्न पुगेका छन् । उनले परिस्थितिलाई अध्ययन गरी

आफ्नै हिम्मतले कोतपर्व, भण्डारखाल पर्व र अलौ पर्व हाँसिल गर्दै प्रशासनको एउटा सुनिश्चित भाग बनाएका छन् । उनको पराक्रमलाई उपन्यासले सकारात्मक रूपमा प्रस्तुत गरेको छ । यिनले राजा राजेन्द्र, जेठी महारानी साम्राज्यलक्ष्मी र कान्छी महारानी राज्यलक्ष्मी सबैको भलाई गर्दै, अपराधी मनोवृत्तिको सामना गर्दै तथा नियम भन्दा परको कुरालाई विरोध गर्दै अघि बढेका छन् भने युवराज सुरेन्द्रलाई मार्ने कान्छी रानीको षड्यन्त्रलाई असफल गराएर जेठो छोरा नै राजा हुनुपर्ने परम्परालाई जीवन्त गराएर आफ्नो राजभक्ति अटल राखेका छन् । साहसी, पुरुषार्थी, अनपढ भए पनि चतुर, दृढनिश्चयी र महत्त्वाकाङ्क्षी व्यक्तित्व जङ्गबहादुरको चरित्रमा खलत्व नभएकोले उनी एक अनुकूल प्रवृत्तिका पात्र हुन् । सुरुमा नुवाकोटे एक पखिनी केटी सेर्बूको प्रेमीदेखि देशको प्रधानमन्त्री एवम् श्री ३ महाराजसम्म आइपुग्दा निकै परिवर्तनहरू देखा परेका छन् । त्यसैले उनी एक गतिशील पात्र हुन् । उनले कुनै वर्गविशेषको प्रतिनिधित्व नगरेको हुनाले उनी एक व्यक्तिगत पात्र हुन् । उनी एक अत्यन्त कुशल राजनैतिक खेलाडीका रूपमा उपन्यासमा उपस्थित छन् भने उनकै केन्द्रियतामा उपन्यासको कथानक अगाडि बढेकोले उनी एक बद्ध तथा मञ्चीय पात्र हुन् ।

सेर्बू प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र तथा नायिका हुन् । ल्होसार मनाउने संस्कार बोकेकी सेर्बू बुङ्गताङ्ग झर्न लाग्दा अनौठौ अवस्थामा निदाइरहेको युवक वीरनरसिंह (जङ्गे)सँग भेट भएपछि यात्राका क्रममा युवकको पुरुषार्थबाट मोहित भई बाघको आक्रमणबाट युवकले बचाएपछि त्यही युवकसँग प्रेम गर्न पुगेकी छे । तामाङ्गभाषी सेर्बूले युवकले बोल्ने नेपाली भाषा नबुझे पनि उनको नाम वीरनरसिंह भएको बुझ्छे र रामकृष्ण महाजनसँग भेटेपछि भोलिपल्ट भेट्ने इशारा गरी गएको प्रेमीको प्रतिक्षामा बस्छे । तर प्रेमीको अत्तोपत्तो नभएपछि मर्ने कोसिससम्म गर्न पुगेकी सेर्बूको मन फर्किएर र प्रेमीसँगको पुनर्मिलनको आशमा बाँचेर आफूलाई विशिष्ट र योग्य बनाउने अठोट गर्छे । यही शिलशिलामा उनले नेपाली भाषा सिक्ने, लेखपढ गर्ने र काठमाडौँको वस्तुस्थिति बुझ्ने कोसिसमा सफल भई आफूलाई योग्य बनाएकी छ । राम्री र योग्य भएपछि सबैको नजरमा परेकी सेर्बूमाथि रामदास भन्ने सामन्तको वक्रदृष्टि परेको छ र ऊ त्यही रामदासको हातपातको कोसिसमा समेत फस्न पुगेकी छे । तर भाग्यवस सैनिकहरूका कारण आफ्नो अस्तित्व बँचाउन सफल भएकी छे ।रामदासको लछाऱ्याइँमा परेकी सेर्बूको घर पुग्दा संयोगवस पुनः आफ्ना प्रेमीसँग भेट हुन्छ तर सैनिकहरूले प्रेमीलाई समातेर लगेपछि

उनीहरूको पुनः वियोग हुन पुग्छ । त्यसपछि रामदासको दुष्ट नजरबाट बँच्न घरभित्रै रहेकी सेर्बू उनको मामालाई खोज्दै आएका सैनिकहरूको पछि लागेर आफ्नो प्रेमीको खोजीमा निस्कन्छे । कर्रा (हेटौडा) पुगेपछि बजारमा कमाराकमारी बिक्री भइरहेको देखेपछि आफू पनि हुलिया बदलेर कमारीमा छानिन्छे । दरवार छिरेकी सेर्बू नौली नामले चिनिन थाल्छे भने उमा र देवदूत बीचको प्रेमसम्बन्धमा चिठी पढिदिने सहयोगी बनेकी छे ।

दरवारमा कोठेमेचे बनेकी नौलीले आफ्नो मामा दोर्जे तामाङ्गलाई नेलहतकडीमा देख्छे र कागजपत्र हेरी झुटो अभियोगमा मामालाई फसाएको थाहा पाएपछि पान खाइ मातिएर भारदारहरूलाई नाङ्गो तरबार लिएर लखेट्न थाल्छे । यसै क्रममा आफ्नो प्रेमी वीरनरसिंहसँग भेट्न पुग्छे । प्रेमीकै स्वीकृतिमा महारानीको आदेशअनुसार उनलाई महारानी समक्ष पुऱ्याउँछे । नौलीको पुरुषार्थबाट महारानी खुसी भएपछि नौलीबाट पुतली नाम पाउँछे । महारानीको मन जित्न सफल भएकी पुतलीले आफ्नो प्रेमी जङ्गबहादुरलाई प्रसस्तै सहयोग गर्छे । नेपाल-तिब्बत युद्धमा जङ्गबहादुरले सफलता प्राप्त गरेपछि सुरेन्द्रको स्वीकृति सहित पति श्री ३ महाराज जङ्गबहादुर राणाका साथ श्री ३ पुतली महारानी बनी थापाथली दरवारमा भित्रिएकी छे भने उनले शिक्षा सम्बन्धी राम्रा राम्रा सल्लाह तथा सुझावहरू दिएकी छे ।

यसरी साहसी, दृढनिश्चयी समझदार तथा बुद्धिमति पात्रका रूपमा उपस्थित पुतलीले आफ्नो क्षमता प्रदर्शन गर्दै अघि बढेर अन्त्यमा जङ्गबहादुरसँग विवाह गरी रानी बन्न पुगेकी छे । सुझबुझ भएकी गम्भीर नारी पुतलीले आफ्ना पति जङ्गबहादुर राणालाई अनेक सल्लाह दिएकी छे भने अनावश्यक तडकभडकको विरोध गरेकी छे । "प्रधानमन्त्री जनताको सेवक हो । उनीहरूको रहनसहनमा घुलमिल भएर देश विकास गर्नुपर्छ । यसरी विदेशी आयातको चौघोडे बग्गीमा खर्च गर्नु ब्यर्थ हो । यसो गर्ने समय र पैसाले शिक्षण संस्था खोल्नु बेस (राणा, २०७३ : १७५)" जस्ता उनका कुराबाट उनी एक जनताप्रेमी, देशप्रेमी तथा विकास प्रेमी साहसी पात्रका रूपमा प्रस्तुत भएकी छिन् । त्यसैले उनी अनुकूल पात्र हुन् । सुरुमा पखिनी स्वभावकी, खाली हातले सिँगान पुछ्ने, जथाभावी पिच्च थुक्ने, दाँत कोट्याउने, कपाल कन्याउने, उफ्रँदै हिँड्ने, पुठ्ठा ठटाएर हर्ष प्रकट गर्ने, जिब्रो टोकेर त्रास व्यक्त गर्ने, फुटेका हात खुट्टा, चिरिएको ओठ, धुवाँगन्धे लुगा, आङबाट खुकुण्डीको हरक आउने (राणा, २०७३ : १६) जस्ता गुण भएकी सेर्बू पछि आफूलाई

परिवर्तन गराई राम्री र योग्य भएकी छे । त्यति मात्र नभएर बुङ्गताङ्ग गाउँकी सेर्बू तामाङ्गनीदेखि कोठेमेचे नौली हुँदै जङ्गबहादुरकी श्री ३ पुतली महारानीसम्म आइपुग्दा उसमा निकै परिवर्तनहरू आएका छन् (पोखरेल, २०६८ : २००) । त्यसैले उनी गतिशील पात्र हुन् । उनी सुरुमा सोझी, सरल, गाउँले केटीको प्रतिनिधित्व गर्ने वर्गीय पात्रका रूपमा प्रस्तुत भएकी छे भने पछि आफूलाई परिवर्तन गरी सुझबुझ भएकी गम्भीर नारीका रूपमा उपस्थित भएकी छे । उनी उपन्यासको सुरुदेखि अन्तसम्म प्रत्यक्षरूपमा देखिएकीले मञ्चीय पात्र हुन् भने उपन्यासको कथानकमा प्रमुख नारी पात्रका रूपमा रही घटना विकासमा महत्त्वपूर्ण भूमिका निभाएकीले बद्ध पात्र हुन् ।

श्री ५ राजेन्द्र यस उपन्यासको अर्को महत्त्वपूर्ण सहायक पात्र हो । उनकै कमजोर तथा कुटनीतिरहित चरित्रका कारण दरवारमा विभिन्न षड्यन्त्रका घटनाहरू घटेका छन् भने उनकै निर्णायक क्षमता कमजोर भएका कारणले भीमसेन थापा जस्ता नेपालको इतिहासमा ३२ वर्षसम्म शासनमा रहेका देशभक्त नागरिकको दर्दनाक मृत्युसम्म हुन पुगेको छ । उनी राजा भएर पनि श्रीमतीहरूको नियन्त्रणमा छन्, आफूखुसी केही गर्न सक्दैनन् र कुर्सीमोह पनि छाड्दैनन् ।

रानी साम्राज्यलक्ष्मीले षड्यन्त्र गरी उठाएका विद्रोही सेना भनिएका मानिसहरू दरबारतिर आएको खबर सुने पछि डरले काँप्ने, जेठी पत्नीले फकाउँदा उतैतिर लाग्ने, कान्छीले हप्काए त्यसै कायल हुने कमजोर तथा राजबल नभएको काँतर पात्रका रूपमा प्रस्तुत छन् । उनको कमजोरीका कारणले नै राज्य लथालिङ्ग भएको छ । कहिले जेठीका कुरा सुनेर त कहिले कान्छीका कुरा सुनेर मनपरी व्यक्तिलाई सत्तामा ल्याउने या सत्ताबाट हटाउने जस्ता राजाका कमजोर स्वभावका कारण राज्यको नीतिसमेत कमजोर भएको छ भने जनताले पाउनुसम्म दुःख पाएका छन् । उनी घरी घरी दुई पत्नीको चेपमा परेर प्रतिकूल स्वभावका जस्तो देखिए पनि भीमसेनप्रतिको उनको निगाह तथा कुनै पनि भारदारहरूको प्रति अहित नचिताएका कारण उनलाई अनुकूल पात्र कै रूपमा लिन सकिन्छ । उनको कमजोर, कुटनीतिरहित तथा अदूरदर्शी स्वभाव उपन्यासको अन्त्यसम्म पनि नबद्लीकन जस्ताको तस्तै रहेको छ । त्यसैले उनी एक गतिहीन पात्र हुन् । उनले कुनै पनि निश्चित वर्गको प्रतिनिधित्व नगरेकाले उनी व्यक्तिगत पात्र हुन् । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म नै प्रत्यक्षरूपमा उनको उपस्थिति रहेकाले उनी एक मञ्चीय पात्र

हुन् । त्यसैगरी उपन्यासको कथानकलाई अगाडि बढाउनमा उनको भूमिकाले महत्त्वपूर्ण स्थान राखेकाले उनी एक बद्ध पात्र हुन् ।

प्रस्तुत उपन्यासकी साम्राज्यलक्ष्मी शाह राजा राजेन्द्रकी जेठी पत्नी तथा उपन्यासकी नारी सहायक पात्र हुन् । उनी एक व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुबेकी पात्रका रूपमा उपन्यासमा उपस्थित छिन् । पाण्डे खलकका पक्षधर तथा थापा खलकका विरोधी पात्रका रूपमा उनको भूमिका प्रस्तुत भएको छ । उनी सौताको रिसले पोइको काख फोहोर पार्ने भनेझैँ राजा र राज्य भर्सेला परे परोस आफ्नोछोरो राजा भइहाल्नु पर्छ भन्ने सोचबाट प्रेरित छिन् (न्यौपाने, २०६५ : २३७) । उनले आफ्नो छोरा सुरेन्द्रलाई राजा बनाउने स्वार्थ पूरा गर्न भीमसेन थापालाई हटाउने तथा राजालाई तर्साएर काशी पठाएर आफ्नो छोरा अर्धसिल्ली सुरेन्द्रलाई राजा बनाउने दाउमा नराम्रो षड्यन्त्रको खेल खेलेकी छन् । उनले भीमसेन थापा जीवित रहेसम्म आफ्नो छोरा राजा बनाउने अभिलाषा पूर्ण नहुने देखेपछि कसरी हुन्छ भीमसेनलाई सिध्याउने षड्यन्त्र गरेकी छन् । त्यसैले आफ्नो छोरा दिवेन्द्रको अन्य कुनै रोगका कारण भएको मृत्युलाई उनले भीमसेनलाई हटाउने बाटो बनाएकी छन् । राजकुमार दिवेन्द्रलाई विष खुवाइ मारेको आरोप लगाएर भीमसेन थापालाई कैदी बनाएपछि कुलराज पाण्डे तथा रणजङ्ग पाण्डेको सहायताले थापालाई मृत्युवरण गर्न बाध्य बनाएकी छन् । उनी राजालाई तर्साएर भारततिर भाग्ने स्थितिमा पुऱ्याउन सके आफू सफल हुने ठान्छिन् । त्यसैले पाण्डेहरूलाई उकासेर तथा रणजङ्गलाई उठाएर राजाको विरोधमा विरोधी लगाएर तर्साउने कार्य आफैले गरेकी छिन् । राजाको कमजोर स्वभावको फाइदा उठाएर आफ्नो अर्धपागल छोरो सुरेन्द्रलाई राजा बनाउने ढिपीमा राजासमक्ष विभिन्न घुर्की लगाउने गर्छिन् । यसरी राजालाई घुर्की लगाउने क्रममा काशी हिंडेकी उनको हिंड्दा हिंड्दै कर्रा (हेटौडा) पुगेपछि निधन भएको छ । यसरी हेर्दा उनी व्यक्तिगत स्वार्थपूर्तिका निम्ति अर्काको हत्या गर्ने तथा आफ्नै पतिको कुभलो चिताउने अनि आफ्नो छोरो राजा बनाउन पाए राज्यको जस्तोसुकै अवस्था होस् बेवास्ता गर्ने प्रवृत्तिको प्रतिकूल पात्र हुन् । उपन्यासको आरम्भदेखि अन्त्यसम्म अर्थात् उनको निधनसम्म नै आफ्नो स्वार्थका निम्ति हठ राखेकी छन् र उनको स्वभावमा कुनै परिवर्तन आएको छैन । त्यसैले उनी एक गतिहीन पात्र हुन् । उनले कुनै पनि वर्गको प्रतिनिधित्व नगरी आफ्नै मात्र प्रतिनिधित्व गरेको पाइन्छ त्यसैले उनी व्यक्तिगत पात्र हुन् । त्यसैगरी उपन्यासको घटनाविकासमा उनको सहभागिताले महत्त्वपूर्ण भूमिका

खेलेको हुनाले र उपन्यासमा प्रत्यक्षरूपमा प्रस्तुत भएकीले उनी एक बद्ध तथा मञ्चीय पात्र हुन् ।

प्रस्तुत उपन्यासको अर्को महत्त्वपूर्ण नारी सहायक पात्र हुन् रानी राज्यलक्ष्मी । उनी राजा राजेन्द्रकी कान्छी पत्नी हुन् भने थापा खलकको समर्थकका रूपमा देखापरेकी छन् । राजकुमार दिवेन्द्रको विष खुवाई हत्या गरेको अभियोग लागेका भीमसेन थापाका समर्थनमा उनले राजासमक्ष न्यायको याचना गरेकी छन् भने तीस-एकतीस वर्षसम्म राजपरिवारको सेवा गरेका देशसेवकले बालहत्या गर्न सक्दैनन भन्दै थापाका सफाइका निम्ति राजालाई सम्झाएकी छन् (राणा, २०७३ : ५७) । तर पाण्डेहरूको षड्यन्त्रका अगाडि यिनी असफल हुन पुगेकी छन् । जेठीका छोराहरूलाई नभएर उनी पनि आफ्नै छोरालाई राजा बनाउन चाहन्छिन् । त्यसैले व्यक्तिगत स्वार्थबाट भने उनी पनि अछुतो देखिदैनन् । सौताको निधनपछि शक्ति आफ्नो हातमा लिएर सुरेन्द्रलाई पागल घोषित गरी आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने प्रयास गरेकी छन् । आफ्ना प्रिय पात्र गगनसिंहको हत्यापछि हत्यारा पत्ता लगाउन कोतमा सबै भारदारहरू भेला गराई कोत पर्व मच्चाउन पुगेकी छन् । आफ्नो काम सफल होला भनेर प्रधानमन्त्री बनाएका जङ्गबहादुरलाई मार्ने योजना बनाउँछिन् । फलस्वरूप भण्डारखालपर्व मच्चिन पुग्छ । पछि जङ्गबहादुरले राजाको आदेश भन्दै सबै काम आफ्नो हातमा लिएर उनलाई काशीवासी बनाएका छन् । यसरी उनी सुरुमा भीमसेन थापा जस्ता देशभक्त, राजभक्त व्यक्तिको न्यायका निम्ति लागी परेकी हुनाले अनुकूल देखिए पनि सौताको निधनपछि सम्पूर्ण शक्ति आफ्नो हातमा आइसकेपछि आफ्नै पति राजालाई समेत मार्ने धम्की दिने, आफ्नो स्वार्थपूर्तिका निम्ति सौताको छोराको ज्यान लिन खोज्ने तथा आफ्नो स्वार्थका निम्ति प्रधानमन्त्री नियुक्त गरिएका जङ्गबहादुरबाट पनि केही नहुने देखेपछि उनलाई समेत मार्न खोज्ने प्रतिकूल पात्रका रूपमा देखिएकी छन् । प्रारम्भदेखि नै आफ्नो छोरो रणेन्द्रलाई राजा बनाउने स्वार्थ बोकेकी राज्यलक्ष्मीले उपन्यासको अन्त्यसम्म पनि त्यही स्वार्थका निम्ति विभिन्न अपराधिक क्रियाकलाप तथा घटनाहरू घटाएकी छन् भने उनको स्वभावमा कुनै परिवर्तन आएको देखिदैन त्यसैले उनी एक गतिहीन पात्र हुन् । उनी कुनै पनि वर्ग विशेषको प्रतिनिधित्व नगर्ने व्यक्तिगत पात्र हुन् । उपन्यासमा प्रत्यक्ष उपस्थिति जनाएकी उनको चरित्रले कथानकको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुनाले उनी मञ्चीय तथा बद्ध पात्र हुन् ।

भीमसेन थापा यस उपन्यासको अर्को महत्त्वपूर्ण पात्र हुन् । पूर्वप्रधानमन्त्री भीमसेन थापा नेपालको इतिहासमा रणबहादुर शाहका पालादेखि जीवित रही ३०-३१ वर्षसम्म नेपालको शासनमा भूमिका निर्वाह गरेको नेपाली इतिहास छ । प्रस्तुत उपन्यासमा यिनै भीमसेन थापा रानी तथा पाण्डेहरूको षड्यन्त्रको सिकार भएका छन् । छ महिने बालक राजकुमार दिवेन्द्रलाई विष खुवाएर मारेको आरोप लागेका भीमसेन थापा रणजङ्ग, कुलराज तथा जेठी महारानी साम्राज्यलक्ष्मी शाहको मिलोमतोमा तयार पारिएको षड्यन्त्रद्वारा अत्यन्त निर्मम तरिकाले आत्महत्या गर्न बाध्य भएका छन् । एक पछि अर्को षड्यन्त्रमा फस्दै गएका थापाले राजासमक्ष आफू निर्दोष भएको अनि जोकोहीको कुरा सुनेर आफू माथि अन्याय नगर्न अनुनयविनय गरे पनि दुई पत्नीको चेपाइमा परेका राजाको ठिक निर्णय गर्न नसक्ने कमजोर क्षमताका कारण थापाले न्याय पाएका छैनन् । थुनामा परेका भीमसेन थापाले देवी देवताको सामु पुकार गरेका छन् भने पूर्वस्मृतिमा थापाबाट भएका गल्तीहरू पुरानो इतिहासबाट झलझली आएका छन् । रणबहादुर शाहको निधनपछि आफ्ना समर्थकद्वारा पचासभन्दा बढी उच्च सैनिक अफिसर, त्रिभुवन काजी, चौतारिया विदुर शाही, पृथ्वी पालसेन आदिलाई थापाले मारेका कुरा देवीवाणीद्वारा बताइएको छ भने ती अकालमा मृत्युवरण गरेकाहरूका नाताकुटुम्बका सराप लाग्ने कुरा देवीद्वारा सङ्केत गरिएको छ (राणा, २०७३ : ५६) । कान्छी महारानी र राजाको कुराकानी पछि भीमसेन थापा निर्दोष देखिएपछि राजाले त्यो मुद्दा हेरेर सफाइ दिने कुरा गर्छन् । त्यो कुरा थाहा पाएपछि जेठी महारानी, कुलराज र रणजङ्ग मिलेर भीमसेनलाई मार्ने उपाय झिक्ने क्रममा कुलराजद्वारा 'सर्प पनि मर्ने, लाठी पनि नभाचिने' उपायस्वरूप उनलाई आत्महत्या गर्न बाध्य तुल्याउने निर्णय गरेका छन् (राणा, २०७३ : ६१) । कान्छी रानीको प्रभावबाट न्याय पाइएला भन्ने आशा बोकेका थापा बिहानीपख थुनाबाट उम्किएर बेलायत पुगेको र त्यहाँको व्यवस्थाबारे जानकारी लिएको सपना देख्छन् । मिर्मिरे उज्यालो भएपछि कुलराज आत्महत्या गर्न बाध्य बनाउन रचिएको षड्यन्त्रको जालो बिछ्याउन आइपुग्छन् । जसअनुसार थापाकी मुखिनीलाई टुँडिखेलमा नाङ्गो पारेर ल्याउने र सिपाहीहरूलाई भण्डारा दिने काल्पनिक कुरा उनलाई सुनाउँछन् । मन गलिसकेका भीमसेन थापा ती कुराले अझ विक्षिप्त हुन्छन् र मुड्कीले हानेर झ्यालको सिसा फुटाई त्यसैले गला रेट्न पुग्छन् । उक्त खबर पाएपछि रणजङ्गसहित राजा त्यहाँ पुग्छन् । राजाको आगमनले उनको होस आउँछ । उनी नेपालमा जननिर्वाचित प्रतिनिधिद्वारा चलाइने राजतन्त्रात्मक प्रजातान्त्रिक पद्दतिको सिफारिस गर्छन् । आफ्नो

शासनकालमा त्यसो नगरेकोमा राजासँग माफी माग्छन् भने रणजङ्गलाई यथासिघ्र बेलायतको जस्तो बहुदलीय व्यवस्था स्थापना गर्न सल्लाह दिन्छन् । तर रणजङ्गले राजा समक्ष यसको पनि गलत अर्थ सुनाउँछन् (राणा, २०७३ : ७८) । थापाले अन्तिम अवस्थासम्म पनि आफ्नो निर्दोषपनको  सफाई राजा समक्ष व्यक्त गर्न सक्दैनन् भने नौ दिन पछि भीमसेनको बेवारिसे अवस्थामा मृत्यु भएको छ ।

यसरी भीमसेन थापा यस उपन्यासमा रानीको षड्यन्त्रका सिकार भएका छन् भने आफ्ना पछाडि दुश्मनको षड्यन्त्र रहेको कुरा थाहा नपाई आफ्नो ज्यान खेर फाल्ने हरुवा पात्रका रूपमा उपस्थित छन् । उनले विगतमा रणबहादुर शाहको आदेशमा जे-जस्ता अपराध गरे पनि राजा र देशको वफादारी निभाएका छन् । आफ्नो अन्तिम अवस्थामा पनि राजतन्त्रात्मक प्रजातान्त्रिक परिपाटीको राजा समक्ष सिफारिस गरेका छन् भने बेलायतको जस्तो बहुदलीय व्यवस्था स्थापनाका निम्ति रणजङ्ग समक्ष आग्रह गरेका छन् । त्यसैले उनी एक अनुकूल पात्र हुन् । उनी व्यक्तिगत तथा मञ्चीय पात्र हुन् । प्रस्तुत उपन्यास ऐतिहासिक उपन्यास भएकोले ऐतिहासिक श्रृङ्खलालाई पूर्णता दिनमा उनको भूमिकाले महत्त्वपूर्ण स्थान राख्दछ । उनकै निधन पश्चात् राजनीतिक अवस्थामा धेरै उतार चढावहरू आएका छन् । त्यसैले उनी एक बद्ध पात्र हुन् ।

युवराज सुरेन्द्र उपन्यासको अर्को पुरुष सहायक पात्र हुन् । ऊ राजा राजेन्द्रकी जेठी पत्नी साम्राज्यलक्ष्मी शाहका जेठा छोरा हुन् भने उपन्यासमा उनी सन्काहा, बिलासी र छिट्टै राजगद्दी ताक्ने राजकुमारका रूपमा देखिएका छन् । मानिसलाई घोडा बनाएर चढ्ने, नचाहिने कामहरू गरेर खुसी हुने तथा अरूलाई दुःख दिएर रमाउने प्रवृत्तिका सुरेन्द्र अनौठा स्वभावका थिए । औषधी बनाउन प्रयोग गरिने विषादीलाई खान खोज्ने उनी भीमसेनले दिवेन्द्रलाई विष खुवाएको देखेको कुरा राजा समक्ष व्यक्त गर्छन् । उनले जङ्गबहादुरलाई समेत त्रिशूलीमा घोडा सहित फालहान्ने आदेश दिएका छन् र ज्यानै जाने त्यस्ता कार्यबाट आफूले भने मनोरञ्जन लिएका छन् । त्यतिमात्र नभएर निजामती सेवामा रहेका हाकिम कारिन्दाको मुखमा ध्वाँसो घस्न लगाएर सहर घुमाउनु, आफ्ना धाई सुसारेलाई बाढी आएको बाग्मतीको भेलमा फाल हान्न पठाउनु आदि उट्पट्याङ कामहरू उनका मनोरञ्जनका साधन बनेका छन् (राणा, २०७३ : ९९) । आफ्नी आमाको निधन पश्चात् अझ उग्र भएका उनी कसैको कुरा नटेर्ने स्वभावका भएका कारण राजाले समेत केही भन्दैनन् । उनको

पागलपनको अत्यचारले सीमा नाघेपछि जनतामाथि गर्ने खेलवाडको रोकटोक गरिपाऊँ भनी प्रधानमन्त्री फत्तेजङ्ग चौतारिया र गुरुप्रसाद शाहको अध्यक्षतामा ६७५ जना प्रतिष्ठित राजकर्मचारीले युवराज विरुद्ध विन्तीपत्र चढाएपछि उनका सम्बन्धमा बाहेक सम्पूर्ण अधिकार कान्छी महारानीले आफ्नो हातमा लिएकी छन् । जङ्गबहादुरबाट सुरक्षा पाएका सुरेन्द्र सुरु सुरुमा उनको अर्धपागल स्वभावका कारण प्रतिकूल जस्तो देखिए पनि अन्त्यमा आएर जङ्गबहादुरको भनाइहरू मान्ने तथा जङ्गबहादुरबाट खुसी भइ उनलाई बक्सिस दिने जस्ता उनको कार्यबाट उनी अनुकूल पात्रका रूपमा देखिएका छन् । सुरुमा अर्धपागल भई विभिन्न उट्पट्याङ मात्र गरिरहने सुरेन्द्रको स्वभावमा अन्ततिर आएर थोरै भए पनि परिवर्तन देखिएको छ । त्यसैले उनलाई गतिशील पात्रका रूपमा लिन सकिन्छ भने उपन्यासमा प्रत्यक्ष देखिएका कारण उनी मञ्चीय पात्र हुन् ।

माथवरसिँह थापा उपन्यासको अर्को पुरुष पात्रका रूपमा देखिएका छन् । उपन्यासको ऐतिहासिक श्रृङ्खलालाई अघि बढाउनमा उनको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । भीमसेन थापाको पतनपछिको विपत्तिपूर्ण नेपालबाट भारत भाग्न सफल भएका माथवरसिंह पनि जेठी रानीको नजरमा तँगारो देखिएका छन् । त्यसैले जेठी रानी उनलाई कसैगरी नेपाल झिकाएर मार्न चाहन्छिन् (राणा, २०७३ : ४७) । तर उनले नेपाल नआएर नै आफ्नो ज्यान जोगाएका थिए । उनले भीमसेन थापाका विरुद्धमा जालसाजी भएको खबर पाएपछि आफ्नो भाञ्जा जङ्गबहादुरको हातमा भीमसेन थापाका न्यायका निम्ति राजालाई पत्र पठाएका छन् । जस अनुसार उनले भीमसेन थापा जस्तो पुरानो, सोझो वजीरले अन्यायमा पर्नु नपरोस, आफ्नो ज्यानको पर्वाह नगरी भए पनि थापाका विरुद्धमा भएका जालसाजीलाई प्रष्ट पारेर सत्यलाई बँचाउने कुरा आग्रह गरेका छन् । भीमसेन थापा पछि थापा खानदानमा उनी नै जेठाबाठा देखिएका छन् भने राजाको अनुमतिबाट कान्छी महारानीद्वारा बोलाइएपछि उनी नेपाल आएका थिए । भान्जा जङ्गबहादुर मार्फत् परिस्थिति थापाहरूको पक्षमा भएको सूचना पाएपछि मात्र राजा रानीसँग दर्शन भेट गरेका उनलाई तत्कालै प्रधानमन्त्री पद ग्रहण गर्न आग्रह गरे पनि उनले भीमसेन थापा उपर लागेको राजद्रोहको मुद्दाले आफू पनि थापा भएको नाताले  अपराधीमा गनिएको र त्यसको इन्साफ नपाई पद ग्रहण गर्न नसक्ने भन्दै पुरानो शत्रु पाण्डे खलकसित बदला लिने सोच बनाएका छन् (राणा, २०७३ : १५०) । उनले भीमसेन थापालाई निर्दोष घोषित गराएका छन् भने पाण्डे खलकलाई दोषी साबित गरी करवीर पाण्डे, कुलराज पाण्डे, कनकसिंह महत तथा

भू.पू. प्रधानमन्त्री रणजङ्ग पाण्डे आदिलाई प्राणदण्ड दिएका छन् । त्यस्तै कसैको नाक, कसैको ओठ तथा कान कटाए भने पाण्डे परिवारका ४० व्यक्तिको सर्वस्व हरण गरी देश निकालामा पारे । अन्तमा भारदार, फौजी अफिसर, जनसाधारण जनता तथा महारानी लक्ष्मीदेवीको ढिपीले गर्दा उनी प्रधानमन्त्री तथा प्रधानसेनापति मनोनित हुनपुग्छन् (राणा, २०७३ : १५१) । तर महारानीको इच्छापूर्तिका निम्ति सुरेन्द्रलाई हटाएर रणेन्द्रलाई युवराजधिराज बनाउनुलाई उनी अपराध ठान्छन् भने सुरेन्द्रलाई सकेसम्म सुधार्न चाहन्छन् । उनको यो विचारदेखि रुष्ट भएकी महारानीले गगनसिंहका साथ मिलेर माथवरकै भान्जा जङ्गबहादुरद्वारा उनको हत्या गराएकी छिन् । यसरी उनी सच्चा देशभक्त, न्यायको पक्षधर तथा इमान्दार व्यक्तित्व भएको अनुकूल पात्रका रूपमा देखिएका छन् भने उनलाई मञ्चीय तथा बद्ध पात्रका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासमा विभिन्न ऐतिहासिक पात्रहरू रहेका छन् । ती मध्ये गगनसिंहको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । उनको चरित्र इतिहासमा भैँ लक्ष्मीदेवीको पूरक भएर देखा परेको छ (पोखरेल, २०६८ : २०१) । सुरुमा वैठके पदमा साधारण काम गर्ने गगनसिंहलाई कान्छी महारानीले आफ्नो छोरो रणेन्द्रलाई राजा बनाउने अभिलाषाका कारण पद दिदै लगेर प्रधानसेनापतिसम्म बनाएका छन् भने प्रधानमन्त्री फत्तेजङ्गको समस्त अधिकार तथा जिम्मेवारीको उपभोक्तासमेत हुन पुगेका छन् । उनले आफ्नो कृपापात्र भएका कारण जङ्गबहादुरलाई समेत जर्नेल बनाएका थिए । महारानीको नजिक भएका कारण महारानीको नाममा जथाभावी हुकुम ठोक्ने, कसैलाई नटेर्ने, सोधखोजका निम्ति प्राय रानीकै खोपीमा बसिरहने तथा महारानी समक्ष न्यासे पल्टिने उनको चरित्रदेखि दरबारियाहरू इर्ष्या गर्थे भने महारानी र गगनसिंह बीच कुत्सित सम्बन्ध रहेको अफवाहसमेत फैलिएको पाइन्छ । त्यसैका कारण उनलाई पनि माथवरसिंहलाई जस्तै जङ्गबहादुरद्वारा हत्या गराउनेसम्म भारदारहरूको सोचाई रहेको पाइन्छ तर गगनसिंह र जङ्गबहादुरको घनिष्टताका कारण कसैले मुख फोर्न नसकेको स्थिति देखिन्छ । गगनसिंह आफ्नी छोरी उमा र देवदूतको प्रेमसम्बन्धका बाधक बनेका छन् भने देवदूतलाई उनी भूतप्रेत ठानेर आफ्नी छोरीलाई राजघरानाबाहेक अरू कसैसँग विवाह गर्न नदिने पक्षमा देखिन्छन् । यस्तो अवस्थामा देवदूत र आफ्नै छोरी उमाको सल्लाह अनुसार गगनसिंह मारिने योजनासम्म भएको छ । यसै वातावरणमा गगनसिंहको अज्ञात व्यक्तिको गोली लागेर मृत्यु भएको छ भने उनकै हत्यारा पत्ता लगाउने क्रममा महारानी लक्ष्मीदेवीद्वारा कोतपर्व मच्चिन पुगेको

छ । यसरी इतिहासमा झैँ उपन्यासमा पनि उनी महारानी लक्ष्मीदेवीका प्रियपात्र बनेका छन् भने उनैका कारणबाट जङ्गबहादुरको उदय भएकाले उनी उपन्यासको महत्त्वपूर्ण बद्ध पात्र हुन् । कसैको कुरा नटेर्ने, महारानीको नाममा जे पायो त्यही हुकुम दिने तथा उमा र देवदूतको प्रेमसम्बन्धलाई अस्वीकार गर्ने जस्ता स्वभावका कारण उनलाई प्रतिकूल पात्रका रूपमा लिन सकिन्छ । त्यसै गरी उनी उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थिति जनाउने मञ्चीय तथा कुनै पनि वर्गको प्रतिनिधित्व नगर्ने व्यक्तिगत पात्रका रूपमा उपस्थित छन् ।

रणजङ्ग पाण्डे उपन्यासका अर्का पुरुष पात्र हुन् । उनी उपन्यासमा खलपात्रका रूपमा देखा परेका छन् । जेठी महारानी साम्राज्यलक्ष्मीको वफादार बन्न खोज्ने उनी प्रधानमन्त्री पद प्राप्त भए जेठी महारानीको छोरा सुरेन्द्रलाई युवराज घोषित गराउने लक्ष्य सफल पार्न सक्ने बताउँछन् (राणा, २०७३ : ४३) । भीमसेन थापा जस्ता देशभक्त व्यक्तिलाई उनले बालहत्याराको दोष लगाएका छन् । उनले कुलराजलाई हतियार बनाएर भीमसेन थापालाई आत्महत्या गराउने सम्मको जाल बुनेका छन् भने अन्तिम अवस्थामा रहेका भीमसेन थापाको  अन्तिम वाक्यसम्म पनि राजासमक्ष पुग्न नदिएर अझ त्यसको उल्टो  अर्थ बनाई राजालाई सुनाउने निर्दयी व्यक्तिका रूपमा देखिएका छन् । राजासमक्ष सुगौली सन्धि भङ्ग गराउने र महारानी समक्ष राजालाई काशीवास पठाउने अङ्गीकार लिएर प्रधानमन्त्री बन्न सफल भएका उनी प्रधानमन्त्री पद प्राप्त भएपछि आफ्नो कबुलतिर ध्यान नदिई बापबैरी साध्नपट्टि लागेर भीमसेन थापा काण्डबाट बँचेका थापाहरूलाई तड्पाई तड्पाई मारेका छन् (राणा, २०५९ : १२२) । राजा राजेन्द्रले ती कुराहरूबाट रिसाएर आफूलाई काशीवास पठाउन रचिएको षड्यन्त्रको भण्डाफोर गरेपछि भने रणजङ्ग आफ्नो बिंडो जोगाउनका निम्ति युद्धको स्थिति सिर्जना गर्न तिर लाग्छन् । तर ब्रिटिस राजदूत हागसनलाई रणजङ्गको राजनीतिक दाउपेचको ज्ञान भएकाले नेपाल र कम्पनी बीचको युद्ध रोक्नका निम्ति राजकाजमा पाण्डेहरूको हस्तक्षेप रोक्नु आवश्यक रहेको बिन्तिपत्र राजासमक्ष पठाएपछि उनी सत्ताबाट हट्न पुगेका छन् र पछि माथवरसिंह नेपाल आएपछि उनलाई मृत्युदण्डस्वरूप बेइज्जत साथ सडकमा प्रदर्शन गरेपछि उनको मृत्यु भएको छ । यसरी उनको स्वभाव र चरित्रमा प्रसस्तै खलत्व देखिएकोले उनी प्रतिकूल पात्र हुन् । उनकै चरित्रका कारण भीमसेन थापाको मृत्यु भई राजनीतिक परिवेशमा उथलपुथल आएको छ । त्यसैले उनी एक बद्ध पात्र हुन् भने उनको चरित्र कुनै वर्गको प्रतिनिधित्व नगर्ने व्यक्तिगत तथा मञ्चीय रहेको छ ।

त्यसैगरी कुलराज पाण्डे उपन्यासका अर्का प्रतिकूल पात्र हुन् जो रणजङ्ग पाण्डेकै पुरकका रूपमा उपस्थित छन् । उपन्यासमा थोरै मात्र भूमिका रहेको कुलराजले जेठी रानी तथा रणजङ्गको षड्यन्त्रमा तनमनले साथ दिँदै भीमसेन थापाको आत्महत्याको उपाय निकालेका छन् । त्यसैले उनलाई महत्त्वपूर्ण बद्ध पात्र मान्न सकिन्छ । उनी भीमसेनका समर्थक बनेर कान्छी रानी र राजाको कुरा सुन्ने तथा भीमसेनकै शुभचिन्तक भएको नाटक गरी उनलाई आत्महत्यासम्म पुऱ्याउने प्रतिकूल तथा मञ्चीय पात्र हुन् ।

त्यसैगरी रङ्गनाथ पौड्याल पनि उपन्यासमा छोटो भूमिकामा उपस्थित छन् । भीमसेन थापा थुनामा परेपछि उनी प्रधानमन्त्री बनाइएका छन् । इमान्दार भारदारमाथि जेठी र कान्छी रानीको चुक्ली चलिरहेको वातावरणमा भीमसेन थापाको अवस्थाबाट डराएका उनी राजीनामा दिने अवस्थामा पुगेका छन् । छोटो समयमात्र प्रधानमन्त्री रहेका उनी भीमसेन थापाप्रति सहानुभूति प्रकट गर्ने अनुकूल तथा मञ्चीय पात्र हुन् ।

प्रस्तुत उपन्यासका अर्का दुई पात्रहरू हुन् देवदूत र उमा । एक अर्कालाई प्रेम गर्ने यी दुई पात्र देवदूत र उमा उपन्यासका महत्त्वपूर्ण ऐतिहासिक पात्रका रूपमा रहेका छन् । केही समय रहस्यको पर्दाभित्र रहेका पात्र देवदूत अरू कोही नभएर जङ्गबहादुरको काहिँलो भाइ बद्रीनरसिंह भएको र उमा चाहिँ गगासिंहकी छोरीको रूपमा देखा परेकी छे । यी दुईको प्रेमसम्बन्धमा तगारो बनेकोले नै देवदूतरूपी बद्रीनरसिंहद्वारा गगनसिंहको हत्या भएको तथा यसमा गगनसिंहकै छोरी उमाको समेत सहमति रहेको सङ्केत उपन्यासमा पाइन्छ (पोखरेल, २०६८ : २०२) । कोतपर्व पछि उमाले देवदूतलाई प्रधानमन्त्री पदमा सिफारिस गर्न खोजेकी छन् भने देवदूतले त्यो पदभन्दा ठूलो आफ्नो प्रेमलाई मानी उमालाई रोज्न पुगेका छन् । यसरी प्रेमलाई रोजेर प्रधानमन्त्री पदलाई समेत लत्याउन पुगेका बद्रीनरसिंह अर्थात् देवदूतलाई गगनसिंहको हत्याराका रूपमा उभ्याइएकोले अनि त्यसमा उमाको समेत पूर्ण सहमति रहेकोले यी दुई उपन्यासका महत्त्वपूर्ण बद्ध पात्रका रूपमा रहेका छन् । यी दुवै छोटो भूमिकामा देखा परेका मञ्चीय पात्रहरू हुन् ।

त्यसैगरी उपन्यासमा देखिएका एक काल्पनिक पात्र हुन् साधु अर्थात् जोगी । पुतली (सेर्बू)लाई रगत बगाउन हिडेकी नानी भन्दै कोतपर्वको पूर्वसङ्केत दिने ती जोगीलाई भविष्यद्रष्टाका रूपमा उपन्यासमा उभ्याइएको छ भने उपन्यासको अन्तितिर उनलाई जनप्रतिनिधिमूलक शासन व्यवस्था र सुधारिएको आर्थिक प्रणालीको वक्ताका रूपमा देख्न

सकिन्छ (पोखरेल, २०६८ : २१) । जङ्गबहादुरलाई बहुदलीय प्रजातान्त्रिक व्यवस्थातर्फ लाग्न अर्ति दिने आदर्श पात्र तथा कोतपर्वको पूर्वसङ्केत दिने भविष्यद्रष्टाका रूपमा उपस्थित साधु उपन्यासको मञ्चीय तथा अनुकूल पात्र हुन् ।

प्रस्तुत उपन्यासमा रामदास, लिम्पा, कान्छो आले, दोर्जे तामाङ्ग, सेर्बुकी माइजू आदि काल्पनिक पात्रहरूको भूमिका सामान्य किसिमको देखिन्छ । रामदास सेर्बूलाई कुदृष्टिले हेर्ने तथा सकेसम्म उनलाई आफ्नो बनाउन खोज्ने गाउँका हुनेखाने सामन्तका रूपमा देखिएका छन् भने लिम्पा तथा कान्छो आले रामदासकै नियन्त्रणमा रहेका गाउँका सर्वसाधारण हुन् । यी तीनै पात्र वर्गीय पात्र हुन् । त्यस्तै दोर्जे तामाङ्ग वैद्य हुन् भने सेर्बूकी माइजू गाउँकी साधारण आइमाई हुन् । उनीहरूको भूमिका उपन्यासमा खासै उल्लेखनीय देखिदैन र सेर्बूको जीवनयात्रालाई अगाडि बढाउनलाई मात्र सहयोग गरेकाले यी पात्रहरूलाई उपन्यासका सहायक तथा बद्ध पात्रका रूपमा लिन सकिन्छ । यी बाहेक अनगिन्ति रूपमा रहेका उपन्यासका अन्य सम्पूर्ण पात्रहरूलाई गौण पात्रका रूपमा राख्न सकिन्छ । ती पात्रहरूमध्ये कसैको प्रसङ्गवस नाम मात्र आएको छ भने कसैको अति न्यूनभूमिका मात्र रहेको छ । ती मध्ये पनि केही गौण पात्रहरूलाई छाडेर उपन्यासका प्राय सम्पूर्ण पात्रहरू ऐतिहासिक नै छन् ।

### २.२.३ परिवेश

चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगतलाई परिवेश भनिन्छ (शर्मा, २०५५ : ३९९) । खासमा परिवेश भनेको देश, काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार हुने समय र वातावरणले कार्यव्यापारबाट उत्पन्न पाठकीय प्रभावलाई जनाउँछ । यसरी घटना घटित हुने स्थान, समय र वातावरणलाई नै परिवेश भनिन्छ (लुइटेल, २०६९ : ४९) । परिवेशलाई कथान्तरमा पर्यावरण, वातावरण परिवृत, परिधि जस्ता शब्दहरूले पनि सम्बोधन गर्ने गरिन्छ (सुवेदी, २०६४ : २५) । देशकाल र वातावरण भनेर चिनिने परिवेशमा देशकालअन्तर्गत औपन्यासिक कार्यव्यापारको समय र स्थान पर्दछ भने वातावरणअन्तर्गत रीतिथिति, प्रथा, व्यवहार, जीवन, रहनसहनका साथै प्राकृतिक पृष्ठभूमि र वातावरण पर्दछन् । वातावरण कृतिमा व्याप्त भावोत्तेजक रङ्गसङ्गति हो जसले पाठकमा घटनाको गतिले सुखद, त्रासद वा अनर्थकारीमध्ये के कस्तो मोड लिन्छ भन्ने प्रत्याशा जगाउँछ (घर्ति, २०६८ : ३९) ।

उपन्यास देशकाल तथा वातावरणमा केन्द्रित भएर लक्ष्योन्मुख हुन्छ । वर्णित वस्तु वा चरित्र देशकालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति वा विश्वसनीयता दिन्छ (प्रधान, २०५२ : १०) । उपन्यासमा देश, काल तथा वातावरणद्वारा नै उपन्यासकारले कथानकमा विश्वसनीयता, पात्रहरूमा यथार्थता र ऐतिहासिकतामा सङ्गति प्रदान गर्ने हुनाले परिवेश पनि उपन्यासको महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको छ र उपन्यासका अन्य तत्त्वहरूका तुलनामा कथानकसँग सबैभन्दा नजिकको सम्बन्ध राख्ने तत्त्वका रूपमा पनि परिवेशलाई लिन सकिन्छ ।

प्रस्तुत उपन्यास **गृहप्रवेश**को परिवेश व्यापक रहेको पाइन्छ । उपन्यासमा काठमाडौं वरपरका जिल्ला नुवाकोट, त्रिशूली, हेटौडा र सपना कै रूपमा भए पनि बेलायतसम्मको परिवेशहरू देखाइएको छ । राजेन्द्रबिक्रमको राज्यसत्ता सुरु भएदेखि जङ्गबहादुरको प्रवेशसम्मको समयावधि एवम् घटनावस्तु तयार हुँदाको परिस्थिति नै परिवेश भएको प्रस्तुत उपन्यासमा तत्कालीन राजा राजेन्द्रको दरबार, राजसभा, गद्दी बैठक, नुवाकोट, पत्थरघट्टा, त्रिशूली नदी, बेलायती राजदूतले ओहोदाको प्रमाणपत्र बुझाउने समारोह आदि स्थानहरूमा घटनाहरू घटित भएका छन्. भने कोतपर्व, भण्डारखालपर्व जस्ता विभत्स दृष्यहरू समेत गृहप्रवेश उपन्यासका परिवेश बनेका छन् । यसका साथै राजनीतिले वा प्रशासनले गरेको दमन, अत्याचार, हत्या जस्ता मानवनिर्मित परिवेश पनि सक्रिय रहेको पाइन्छ । भौगोलिक परिवेश सुन्दर हुँदाहुँदै पनि मानवनिर्मित परिवेश सहजै अनुमान गर्न नसकिने किसिमको रहेको प्रस्तुत उपन्यासको परिवेशलाई निम्न किसिमले चर्चा गर्न सकिन्छ ।

**(क) भौगोलिक परिवेश**

**गृहप्रवेश** उपन्यासका अधिकांश घटनाहरू काठमाडौं उपत्यका र नुवाकोटको त्रिशूली र सो क्षेत्रको आसपासमा घटेका छन् । पुतली र जङ्गबहादुरका प्रारम्भिक केही घटनाहरू नुवाकोटको त्रिशूली र सो आसपासको गाउँमा र पछिल्लो चरणका प्रेम प्रसङ्गका केही घटनाहरू राजनीतिसँग सम्बद्ध अधिकांश घटना उपत्यकाको हनुमानढोका दरबार, थापाथली दरवार, ढाकाटोल, भण्डारखाल बगैँचा आदि स्थानमा घटेका छन् भने केही घटनाहरू उपत्यका बाहिर नेपालको तराइ भेगमा समेत घटेका छन् (पोखरेल, २०६८ : २०४) । परोक्षरूपमा भए पनि भीमसेन थापाका माध्यमबाट बेलायतका सन्दर्भहरू समेत

आएका छन् भने नेपाल बाहिर भारतका विभिन्न स्थानहरूको नाम पनि उपन्यासमा उल्लेख भएको छ ।

प्रस्तुत उपन्यासमा नेपालको नुवाकोट जिल्लाअन्तर्गत पर्ने बाक्लोबस्ती भएको बुङताङ गाउँको चित्रण गरिएको छ जुन विकासको हिसाबले निकै पिछडिएको तामाङ्ग गाउँका रूपमा रहेको छ । खेतीपाती गर्नुपर्ने गाउँले परिवेश, धान, कोदो फल्ने खेतबारी उकालो ओह्रालो बाटो तथा नजिकैको त्रिशूली नदी भौगोलिक परिवेशको प्रमाण भएको पाइन्छ भने उपन्यासलाई यथार्थ धरातल दिन चिलाउने, सल्लो, टुनी आदि वनस्पतिहरूको वरपर मृग, थार, न्याउली, डाँफे, मुनाल जस्ता जनावरहरू तथा पक्षीहरू रहने गरेको कुराहरू आएको छ । यस्ता भौगोलिक परिवेशमा युवतीहरू दाउरा घाँस गर्न डोको नाम्लो बोकेर हिँडेको प्रसङ्गबाट वनजङ्गललाई त्यहाँको आर्थिक स्रोतका रूपमा लिइएको बुझिन्छ । यहीँ भौगोलिक परिवेश माझ उपन्यासको प्रारम्भ भएको छ भने यहीँ परिवेशमा उपन्यासका प्रमुख पात्र तथा नायक जङ्गबहादुर (वीरनरसिंह) र नायिका सेर्बू (पुतली) को प्रथम भेट भएको छ । उनीहरूको भेट पश्चात् यात्राका क्रममा गाउँका चिप्ला र अप्ठेरा बाटाहरू, उफ्रिएर फड्को मार्नु पर्ने खोल्सीहरू र साहसी यात्राका लागि अति उचित ठाउँहरू रहेको वर्णन भएको छ जसलाई वीरका निम्ति सोखको विषय र महिलाका निम्ति पागलपनको प्रकोप भनेर भनिएको छ भने डाँडाकाँडा, टाकुरा, साना ठूला आवादी, पाटा पाटा परेका कान्ला तथा पाखापखेरा भएको बुङताङ गाउँको विकट भौगोलिक स्थितिको वर्णन गरिएको छ । त्यस्तै "उत्तर क्षितिजमा पर्वतमाला होचा अग्ला पङ्क्तिबद्ध शृङ्खलामा अवस्थित रहेको नीलगिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु आदि हिमशिखरहरू गरिमामय इतिहास बोकेर झलमल चम्किरहेको" जस्ता उपन्यासमा आएका कुराहरूद्वारा प्रकृतिले दिएको लोभलाग्दो सौन्दर्यको वर्णन गरिएको छ (राणा, २०७३ : ९४) । त्यसैगरी हिमाल खुलेको, नदी अन्धाधुन्धा उर्लिएको, लेक फुलेको, मुनाल चरी उडेको, न्याउली बासेको आदि प्राकृतिक र जैविक भिन्नताको मनमोहक दृष्य अवलोकन गर्न युवराज सुरेन्द्र त्रिशूली जाने गरेको कुराहरूद्वारा पनि उपन्यासमा भौगोलिक परिवेशको चर्चा भएको पाइन्छ (राणा, २०७३ : ९७) । जागिर खोसिएका युवक जङ्गबहादुर फौजका निम्ति अयोग्य ठहरिए पछि घुम्दै फिर्दै जानेक्रममा भारतको सिमला लगायतका विभिन्न ठाउँहरू पुगेको वर्णनसमेत पाइन्छ भने चितवनको वर्णनमा औलोको प्रकोपको जिल्ला भनेर चितवनलाई चिनाइएको

छ । जसलाई मृत्युदण्ड दिनुपरेमा पठाउने दमार भनिएको छ र जहाँ हात्ती समाउने व्यवसाय चल्ने गरेको पाइन्छ ।

**(ख) सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवेश**

राजनीति नै मुख्य मेरुदण्ड भएको प्रस्तुत उपन्यासमा राजनीतिसँगै सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवेशहरू समेत तानिएर आएको छ । सेर्बूको जीवनको प्ररम्भिक अवस्था सामाजिक परिवेशमा आधारित हुँदै पछिल्लो चरणमा राजनैतिक परिवेशसम्म पुगेको छ भने सामाजिक परिवेशसँगै ग्रामिण बासिन्दाको आर्थिक अवस्थाहरू तथा ग्रामीण र सहरिया सांस्कृतिक परिवेशहरू समेत उपन्यासमा प्रस्तुत हुन आएको छ ।

उपन्यासको प्रारम्भमा नै चर्चामा आएको बुङताङ गाउँ ल्होसार पर्व मनाउने संस्कार बोकेका तामाङ्ग जातीहरू रहने गरेको र विकासको हिसाबले निकै पिछडिएको गाउँ भनेर चिनिएको छ । जहाँका महिलाहरू विना कुनै श्रृङ्गार रहने गरेका, लट्टा परेका कपालमा शोभाहीन देखिने गरेका तथा पुरुषहरू लँगौटीकै भरमा मात्र हिँड्ने गरेका, कछाड लगाउने मानिसहरू विरलै मात्र हुने गरेका, कपाल तथा दाह्री राम्ररी नकाटेका तथा फाटेको टोपी लगाउने गरेका, हेर्दै सभ्यताको श्रेणीमा नचढेका जस्तो देखिने मानिसहरू रहेको, गरिबी, अशिक्षा र अज्ञानताले भरिएको समाजको चित्रण गरिएको छ (राणा, २०७३ : १) । पोषणयुक्त खाना खान नपाएर कङ्काल जस्ता देखिने त्यहाँका गरिब जनताले मुखियाहरूको घर बनाउन काठ काट्नुपर्ने, मुखिया कटुवाल तथा जिम्वालहरू आदेशमात्र दिने अनि जनताको रगत पसिना चुस्ने प्रवृत्तिका देखाएर समाजमाथि सहानुभूति प्रकट गरिएको छ ।

उपन्यासको सामाजिक तथा सांस्कृतिक परिवेश निकै दयालाग्दो किसिमले प्रस्तुतीकरणमा आएको छ । राजाका छोरा राजकुमार जस्तासमेत अनपढ भएका कारण मानिसको शरीरलाई घोडा बनाएर चढ्ने, औषधी बनाउन प्रयोग हुने विषलाई पाचक भनेर खान खोज्ने तथा गाउँका जनताहरूले राष्ट्रभाषा समेत नबुझ्ने अवस्था रहेको अशिक्षित समाजको चित्र उतारिएको छ । धामी झाँक्री तथा झारफुककै भरमा बिरामीको उपचार गराउने संस्कार रहेको र ससानो क्लिनिकसमेत नभएको अवस्थामा धेरैले अकालमै ज्यान गुमाउनु पर्ने अन्धविश्वासी समाजको चर्चा उपन्यासमा गरिएको छ ।

"जति उच्च घराना उति नै धेरै जोइ, नामर्दको कोही न कोही" भन्ने उखानले तत्कालीन समयमा बहुविवाहको चलन रहेको कुरा प्रष्ट हुन आउँछ । राजा, मन्त्री, सुब्बा, जिम्दार आदिका धेरैवटा पत्नी हुने गरेको देखिन्छ भने सेर्बूसँगको यात्रामा युवक जङ्गबहादुरले पनि घरकी पत्नीलाई स्मरण गर्दै उनीलाई दोस्रो पत्नीको स्थानमा राख्ने कुरा मनमनै सोचेबाट त्यसबेला बहुविवाह कानुनीरूपमा स्वीकृत रहेको कुरा बुझ्न सकिन्छ ।

सपनामा बेलायत पुगेका भीमसेनले त्यहाँको रमझम र महिलाहरूको अग्रगमन देखेको र नेपालतर्फ हेर्दा बोक्सीको आरोपमा महिलाहरूलाई कुटीकुटी मारेको स्मरणबाट तुलनात्मक रूपले तत्कालीन नेपालको अन्धविश्वासले ग्रस्त समाजको चित्र उतारिएको छ । "अभिनेत्री, विश्वविजेता खेलाडी, स्कुल, कलेज तथा विश्वविद्यालयमा प्रथम श्रेणीमा उत्तीर्ण हुने देवीजीहरूलाई गहनाको आवश्यकता थिएन (राणा, २०७३ : ६४) ।" भन्ने भनाइबाट पिछडिएको देश नेपालको दयनीय अवस्था प्रकाशमा आएको छ । नेपालमा लिच्छविकालीन सभ्यता हुनु, मल्लकालमा वास्तुकलाको विकास हुनु तर अहिले आएर तेल, नुन, चिनी र कपडा जस्ता आधारभूत कुराहरू समेत भारतबाट निर्वाह हुनु दुःखको विषय भएको देखिएको छ । बेलायतमा महिलाहरूलाई पनि पुरुषसमान स्थानमा राखी सम्मान गरिएको देखाएर नेपालको समाजमा स्वास्नीलाई जुत्तासमान ठान्ने प्रवृत्तिको कारण देशको प्रगति हुन नसकेको कुरा व्यक्त भएको छ । समाजमा अशिक्षित गाउँले युवतीहरूलाई आफ्नो अस्मिता बँचाउन कठिन भएको, कटुवाल जस्ता तिरो मालपोत उठाउने व्यक्ति नै युवतीहरूको इज्जत लुट्न लागि परेको तथा लिम्पा, कान्छो आले अनि गाउँका अन्य युवाहरू रामदास जस्ता सामन्तको थिचोमिचोमा पर्नु पर्ने दयनीय समाजको चित्र खिचिएको छ । दरवारमा काम गर्ने कमारा कमारीहरूलाई खसी बोका सरह मोलतौल गर्ने त्यसबेलाको चलनले गरिबहरू पशुसरह किनबेच हुने गरेको देखिन्छ ।

**(ग) राजनैतिक परिवेश**

**गृहप्रवेश** उपन्यासको खास धरातल नै राजनैतिक ऐतिहासिक घटनाबाट विकास भएको छ । यसले भीमसेन थापाको पतन (वि.सं. १८९४) देखि अलौपर्व (वि.सं.१९०४) सम्मको जम्मा १० वर्षको अवधिलाई समेटेको छ । भीमसेन थापाको पतनदेखि जङ्गबहादुरको उदयसम्मको नेपालको हत्याहिंसाको चरमतापूर्ण राजनैतिक इतिहास नै प्रस्तुत उपन्यासको मुख्य वातावरणको रूपमा प्रस्तुत भएको छ । राजाको काम न्याय र अन्याय

छुट्याई साँचो र सत्य कुरालाई समर्थन गर्नु र प्रजाको निम्ति अहोरात्र खट्नु हुनु पर्नेमा त्यसको विपरित कहीले जेठी र कहिले कान्छी रानीको कुरामा लागेर पत्नीहरूको स्वार्थ अनुरूप मन्त्री फेरबदल गरिरहने राजा राजेन्द्रबाट नै देश बिगार्ने पर्यावरणको सिर्जना भएको छ । जेठी रानी तर्फका राजकुमार दिवेन्द्र बिरामी भई सिकिस्त भएको तर आधुनिक उपचारको प्रवेश नभएको अवस्थामा प्रधानमन्त्री भीमसेन थापाले वैद्यका साथ उपचारको प्रयास अति गम्भिरताका साथ अगाडि बढाइरहे पनि परिणामले विपरित दिशा लिई बालकको मृत्यु हुन पुगेको छ । रषादिमा विषको मात्रा मिलाएर औषधी बनाइने भएकाले ल्याइएको विषलाई सुरेन्द्रले पाचक भनेर खान खोजेपछि “यो त विष !” भनेको र “विष ! यहाँ किन ल्याएको ?” भन्ने प्रश्नको जवाफमा “विषस्य विषमा औषधम् प्रभु !” भनिएको वाक्यलाई आधार बनाई भीमसेनमाथि षड्यन्त्रको राजनीति गरिएको छ (राणा, २०७३ : ३) । यसबाट विष ल्याएको देखेको, खान खोज्दा रोकेको, वैद्यद्वारा भीमसेन थापाले नै विष प्रयोगमा ल्याई राजकुमार दिवेन्द्रको हत्या गराइएको भन्ने षड्यन्त्र गर्ने गराउने परिवेशको जन्म भएको छ भने दिवेन्द्रको दुःखदायी निधन पश्चात् भीमसेनको पतन र रणजङ्ग उठ्ने समय आएको सङ्केत पाइन्छ ।

गृहप्रवेश उपन्यासमा दरबार, देश र प्रशासकमा निष्पक्ष र तटस्थ नीति नभएको राजनैतिक अवस्थाको चिरफार गरिएको छ । जेठी महारानी साम्राज्यलक्ष्मी पाण्डे भारदारको पक्षपाती र थापा खलकलाई फुटेको नजरले देख्न नसक्ने प्रवृत्तिकी छिन् (राणा, २०७३ : ७) भने कान्छी रानी राज्यलक्ष्मी पाण्डे खलकका विरोधीको रूपमा रहेकी छन् । यसमा जसको हात अगाडि बढ्छ, विरोधीको काल आउँछ । त्यसरी नै रणजङ्ग पाण्डे अगाडि आएपछि भीमसेन थापाको पनि षड्यन्त्रमा परेर मृत्यु हुन पुगेको छ । तत्कालीन समयमा कुनै एकजनाले गलत काम गरेबापत सजाय पाएमा उसका सम्बन्धितहरू समेत सेवाबाट खोसुवामा पर्ने गर्थे । भीमसेन थापा आजीवन कारावासको सजायमा परेपछि उनका भानिज खलक (जङ्गबहादुर) समेत सेवाबाट खोसुवामा परी सर्वस्वहरण भएको छ (राणा, २०७३ : ९) । उपन्यासमा शिकार प्राप्त भएपछि ऐरा (सिकार) लगेर राजालाई चढाउने चलन पूर्वकाल भू.पू. सेनापति रामकृष्ण कुवँरदेखि रहेको ऐतिहासिक कुरा पनि आएको छ । जङ्गबहादुरका बाजे रामकृष्ण, बाबु बालनरसिंह कुवँर समेतले राजा पृथ्वीनारायण शाहका पालादेखि कोसेलीपात चढाएर देशको सेवा गरी बढुवाको हकवाला भई काम गरेको कुरा सेर्बूलाई आक्रमण गर्ने बाघको वध गरेपछि युवक जङ्गबहादुरले स्मरण गरेका छन् (राणा,

२०७३ : २२-२३) । उपन्यासमा राज्यको भ्रष्ट नीतिका कारण कसैको जागिर, धन र जनको सुरक्षा देखिदैन । दरवार आपसी स्पर्धा, वैमनस्य र कलहमा फसेको छ । भारदारहरूको दाउ सिर्फ राजाको नजरमा धुलो छर्ने, कुर्ची हत्याउने र राष्ट्रकोषको सम्पत्ति कुम्ल्याउने तथा एक भारदारको खलकले अर्को खलकलाई खाल्डा खनेर पुर्न खोज्ने स्थितिले जरा गाडेको षड्यन्त्रपूर्ण दरबारिया परिवेशको चित्र उतारिएको छ (राणा, २०७३ : ३७) । आफ्नो छोरोलाई राजा बनाउने स्वार्थको जिदमा राजालाई घुर्की लगाएर काशी हिँडेकी जेठी रानीको कर्रा (हेटौडा) पुगेपछि बिरामी भई मृत्यु भएको छ भने कान्छी रानी सर्वेसर्वा भई भीमसेन थापातर्फका भारदारले टाउको उठाउने मौका आएपछि पाण्डे खलकको दुर्दशा हुन पुगेको छ ।

उपन्यासमा देवदूत र गगनसिंहकी छोरी उमाको प्रेमसम्बन्धमा तगारो बनेका कारण प्रेमी देवदूत (बद्रीनरसिंह)ले उमाको सहमतिअनुसार गगनसिंहको हत्या गरेको भन्ने तर्क आएको छ (राणा, २०७३ : १३६-१४०) । राज्यलक्ष्मीका प्रिय पात्र कहलिएका गगनसिंहको हत्या भएपछि रानीले उनको हत्यारा पत्ता लगाउने प्रयासका क्रममा कोतपर्व जस्तो विभत्स घटना मच्चिन पुगी ठूला ठूला धेरै भाइ भारदारहरू काटिन पुगेका छन् । इतिहासको डरलाग्दो घटना कोतपर्व पश्चात नै जङ्गबहादुरको उदयको वातावरण बन्दै गएको देखिन्छ । प्रधानमन्त्री तथा प्रधानसेनापति हुन सफल जङ्गबहादुरलाई उनकी प्रेमिका सेर्बू (पुतली) को पनि निकै सहयोग मिलेको देखिन्छ । कान्छी रानीले आफ्नो स्वार्थ जङ्गबहादुरबाट पूरा नहुने देखेपछि जङ्गबहादुरको हत्या गर्न वीरध्वजलाई पठाएको खवर पुतलीको सहायताबाट थाहा पाएपछि जङ्गबहादुरद्वारा भण्डारखाल पर्व जस्तो अर्को विभत्स घटना घट्न पुगेको छ । यसरी बिस्तारै बिस्तारै शक्तिमा आएका जङ्गबहादुरले नवनियुक्त राजा सुरेन्द्रलाई खुसी बनाई बक्सिस स्वरूप आफ्नी प्रेमिका पुतलीलाई लिई श्री ३ पदवीसहित गृहप्रवेश गरेका छन् । समग्रमा नेपालको राजनीतिक दाउपेच र षड्यन्त्रबाट अगाडि बढेको इतिहास बोकेको प्रस्तुत उपन्यासले मूलतः वि.सं. १८९४ देखि १९०४ का बीचमा घटेका घटना तथा परिवेशलाई समेटेको पाइन्छ ।

### २.२.४ भाषाशैली

भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो, जसले वाङ्मय र कलालाई छुट्याउँछ र साहित्य साधक र पाठक बीचको सम्प्रेषण कार्य पनि भाषामा नै आधारित हुन्छ (शर्मा,

२०५५ : ४०४) । उपन्यासमा भाषाको प्रयोग उपन्यासको समाख्यान र पात्रका संवादका रूपमा गरिएको हुन्छ । समाख्यानमा मानक भाषाको प्रयोग हुन्छ भने संवादमा व्यक्तिको उमेर, अवस्था र स्तर अनुरूपको भाषा हुने हुँदा व्यक्तिभाषाको प्रयोग हुन्छ (घर्ती, २०६८ : ४०) । उपन्यासमा कथा, समय , पात्र अनुकूल भाषा अख्तियार गरिन्छ । जीवनको सान्निध्य बुझाउन र प्रवाह कायम गर्न स्थानीय लोकोक्तिहरू प्रयोग गर्ने गरिन्छ (प्रधान, २०५२ : ९) । उपन्यास प्रस्तुत गर्ने माध्यम नै भाषा भएकोले यो उपन्यासको अनिवार्य तत्त्व हो । शैली प्रस्तुतिको भङ्गिमा तथा लेखकको आफ्नोपन हो (बराल, २०५६ : ४९) । साहित्यिक सन्दर्भमा भाषिक अभिव्यक्तिको ढङ्ग वा तरिका नै शैली हो भने कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ । (लुइटेल, २०६९ : ५६) । रचनाकारको यस्तो विशिष्ट प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०५५ : ४०८) । शैलीलाई सामान्यतया भाषिक प्रयोग, संरचना र प्रस्तुतिका आधारमा हेर्न सकिन्छ (घर्ति, २०६८ : ४०) । उपन्यास वर्णनात्मक, आत्मकथात्मक, संवादात्मक, पत्रात्मक, दैनिकीमूलक विभिन्न शैलीमा लेख्न सकिन्छ (लुइटेल, २०६९ : ५७) । अभिव्यक्तिको ढङ्गलाई बुझाउने शैली साहित्यका जुनसुकै विधाका कृतिको सिर्जनाका निम्ति आवश्यक हुने हुनाले उपन्यासको पनि महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको छ ।

**गृहप्रवेश** उपन्यास भाषाशैलीको हिसाबले निकै उल्लेखनीय छ । डायमनशमशेर राणाका अन्य उपन्यासहरूको तुलनामा **गृहप्रवेश**को भाषा शैली निकै नै पृथक् पाइन्छ । यसमा शब्दहरू छानी छानी प्रयोग गरिएकोले शब्दचयन तथा वाक्य निर्माणमा लेखकको परिश्रमको सहजै अनुमान गर्न सकिन्छ । उपन्यासमा साधारण बोलीचालीको भाषादेखि लिएर कवितात्मक गद्य भाषाको समेत प्रयोग पाइन्छ । तत्सम, आगन्तुक र अनुकरणात्मक तथा सामान्यतया चलन चल्तीमा प्रयोग नहुने नेपाली भाषाहरूको प्रयोगले कसै कसैलाई भाषागत असहजता पैदा गराए पनि यसलाई उपन्यासकार राणाको वैशिष्ट्य नै मान्न सकिन्छ । उपन्यासमा कवितात्मक गद्यभाषा प्रयोग भएको एक उदाहरण :

खोलानाला-खहरे तेज गतिमा सुसाइरहेका -स्वाँ -स्वाँ ।

झ्याउँकीरी कराएको झ्याउँ-झ्याउँ, टिर्र -टिर्र । (पृ. १३)

“पाण्डित्यपूर्ण भाषाले केही दुरुह लागे पनि प्रकृतिको सुन्दर चित्रणले वर्णनमा मिठास थपेको छ ।” (पोखरेल, २०६८ : २०५) । उपन्यासमा प्रकृतिको सुन्दर सुन्दर वर्णनहरू गरिएका थुप्रै उदाहरणहरू पाइन्छ । केही उदाहरण :

उत्तर क्षितिजमा मनोरम श्रीपेच लगाएर ढसमस्स विराजमान छ सगरमाथा - सर्वोच्च हिमशिखर । अन्य श्वेत शृङ्खला, नीला पहाड, हरिया जङ्गल, सघन वन, त्यस आबादीरहित क्षेत्रमुन्तिरका पाटा-पाटा परेका कान्ला, खेतसँगै जोडिएका स-साना गाउँमध्ये एक हो बङताङ - सेर्बूको मावल । (पृ. १३)

बालसूर्यसँगसँगै यात्रा प्रारम्भ गरेकी, यतिखेर डाँडामाथिको पहिलो घाम झुल्केको रक्तिम किरणको सुन्दर प्राकृतिक छटामा लाली छरिएको मनोरम दृश्य अवलोकन गर्दै समथर भूभागमा ओर्लीसकी जहाँ सल्लो, चिलाउने, टुनी, धूपी जस्ता रुखहरू छन् । (पृ. १)

उपन्यासमा तत्सम र आगन्तुक शब्दहरूको बाहुल्य जतातत्तै भेट्न सकिन्छ । तत्सम र आगन्तुक शब्दहरूका अलावा विभिन्न अनुकरणात्मक तथा ठेट नेपाली शब्दहरूको प्रयोगले औपन्यासिक भाषामा मिठास थपेको छ । उपहासक, अभिमुख, निष्काम, प्रतीक्षक, क्लान्त, विषाक्त, विलक्षण, स्वच्छन्द, वशीकृत, विस्मृति, आत्मनाशी, दैहिक, श्लिष्ट, निश्चेष्ट, अरिस्कृत, असांसर्गिक, स्नेहाङ्कुर, रोदन, क्रन्दन, प्रस्थानार्थ, पलायित, वनिका, लीलोधान, निरिग्रह, आभ्यन्तरिक, निष्यषद्ध, आक्रान्त, अकुलित, आर्तनाद, सङ्कटापन्न, बधिक, अपगत, अन्यमनस्क, नेत्राम्बु, मृगमरीचिका, दुरागम, व्याघ्रचर्म, उपहारक, उच्छिष्ट, यज्ञोपवीत, स्नात, साक्षरी, कर्मण्य, मनस्विता, दुर्निमित्त, उद्धत, अर्चनीय, आमरण, दुराचरण, सान्निध्य, राजोपकरण, शोभनकृत, निष्कान्त, आवाहक, महत्तर, व्यामोह आदि जस्ता तत्सम शब्दहरूको प्रयोग अनगन्ती रूपमा पाइन्छ । त्यसैगरी चेहरा, चस्मदित, अपवाद, लालसा, जखमी, क्याम्प, इन्तजाम, इनाम, लिलिपुट, फरेसक्याप, अफिसर, वारदात, दुनियाँ, कामयाब, बुँद, पिछलग्गू, गलतफहमी, बदलाव, रसम, दर्दनाक, तायदाती, नौबत, बाबजुद, दिवालिया, हिदायत, जमामर्दी, ऐयासी, आदाब, अर्ज आदि जस्ता विभिन्न आगन्तुक शब्दहरूको समेत प्रयोग प्रशस्त पाइन्छ ।

त्यस्तै आँठो, लँगौटी, कछाड, दुधिला, लक्का, बोर्सी, रनक्क, उखर्माउलो, बुर्कुसी, पिन्चे, बाइपङ्खी, मखौरो, मजुवा, खोचिलो, चिसमिरो, गगरान, थच्काहा, पलेसो, कोग्ल्याँटो,

डोल्सी, ताइँ, खकारेकी, कोखेसो, बेसुल्लो जस्ता ठेट नेपाली शब्दहरू लगायत खल्याङ्मलल्याङ, ढ्याङ्ग ! ढ्याङ्ग !!, छ्वाङ्गछ्वाङ्ग, गड्याङगुडुङ, जिङ्ग्रिङ्ङ, सुरुसुरु जस्ता अनुकरणात्मक शब्दहरूको पनि प्रशस्तै प्रयोग भएको पाइन्छ । त्यसैगरी सामान्यतया चलनचल्तीमा प्रयोग नहुने देखौवा, पलायित, प्रवेशक, पिटवी, रिनाहा, प्राश्निक, बिर्सुवा, तर्सुवी, सुइँकुच्चे, भोगिनी जस्ता शब्दहरूको प्रयोगले पनि उपन्यासमा अझै मिठास थपेको छ (पोखरेल, २०६८ : २०६) ।

तत्सम शब्दहरूको बाहुल्य रहेको एउटा उदाहरण - "अन्दाजी २० मिनेटको उकालो चढेपछि डोकेनी देउरालीमाथि आइपुगी पसिना पुछ्दै डोको अड्याउने सजिलो ठाउँ छानेर भारी बिसाई । त्यही बिसौनी-अभिमुख प्रतीक्षक पनि आसन जमाउन प्रस्तुत भयो सुस्ताउने निहुँ गरेर । वास्तवमा ऊ आफूलाई हाँसोमा उडाउन खोज्ने उपहासकको अनुहारमा आफ्नो भीषण कार्यसफलताले मेख मरेको क्लान्त प्रतिक्रिया हेर्न चाहन्थ्यो, कर्के आँखा गाढेर निहारिरह्यो । (पृ. १५)

आगन्तुक शब्दहरू प्रयोग भएको एउटा उदाहरण - वस्तुतथ्य उसको यो तत्परता एउटा सुदखोरको सापटी दिँदाको कबुलियत थियो जुन ऋणीको निम्ति बघिनीको दाह्रा र नङ्गाको चोटभन्दा दर्दनाक, किनकी बिहानदेखिन्को खाली पेट र लखतरान स्थितिमा त्यतिको लामो बाटो कसरी फर्कनु । तर 'दुःखकी रानी पिना खान्थिन्' उक्तिझैँ आर्थिक सङ्कटले गर्दा निर्दिष्ट हिदायत मान्नैपऱ्यो । अन्यथा वणिकले सापटी नदिने कुरा झिक्यो । (पृ. ३२)

ठेट नेपाली शब्दहरू प्रयोग भएको एउटा उदाहरण - सधैँ ओहोरदोहोर गर्ने अभ्यस्त बटुवाले बाहेक नौलो यात्रुलाई चिसमिरो पहरामा हिँड्न खतराले खाली थिएन । च्यापूले माटो खान सम्भव । नभन्दै त्यस्तै भयो, सहरियाको अननुभूत गोडा करालो भीरको ओसिलो गगरानमा रड्कियो । शारीरिक सन्तुलन कायम राख्न सकेन । आर्द्र पाखामा सिलित्त चिप्लिएर थचारिन पुग्यो छोटो धोतीभित्रको ठाडो लँगौटीसमेत देखिने गरी । (पृ. ११)

अनुकरणात्मक शब्द प्रयोग भएको एउटा उदाहरण - खोच्याप्रोमुन्तिरको सोते बगरमा खहरे बगिरहेको छ्वाङ -छ्वाङ । (पृ. ११)

त्यसैगरी सामान्य चलनचल्तीमा प्रयोग नहुने शब्दहरू प्रयोग भएको एउटा उदाहरण -

प्राश्निकको हँसिलो मुखमा आँखा गाढेर हेर्छ बिर्सुवा । (पृ. ११७)

यसरी उपन्यासमा विभिन्न प्रकारका शब्दहरूको उपस्थिति प्रशस्त मात्रामा पाउन सकिन्छ । **गृहप्रवेश**को भाषा स्तरीय नेपाली भाषा हो । यसमा राजघराना सम्बन्धी विषयवस्तु भएका कारण उच्च वर्गीय परिवारले प्रयोग गर्ने अतिउच्चादरार्थी भाषाको प्रयोग भएको पाइन्छ (न्यौपाने, २०६५ : २३९) । जस्तो - "वैद्यले हत्तपत्त घातक वस्तु खोस्यो - 'यो त विष !' त्रासको लामो जिब्रो काढेर - 'जिउनार गरिबक्सन हुन्न ।' " (पृ. ३)

त्यस्तै ठुलाबडाहरूले साना वर्ग तथा आफूभन्दा निम्न ओहदाका व्यक्तिहरू माथि निम्न आदरार्थी भाषाको समेत प्रयोग गरेका छन् । जस्तो - "सरकार एक कदम वृद्धतिर अघि बढेर -'भीमसेन ! तँलाई माफी दिने विचारले मैले आफैं मुद्दा हेरिदिन्छु भन्न पठाएको हुँ कुलराजमार्फत तँ कहाँ । कान्छी महारानीको धन्दा मान्नुपर्दैन भन्ने सन्देशको पनि तैँले आशय बुझ्नुपर्ने हो । किन यसरी निराश भएर पलायनोन्मुख कदम अपनाइस् ?'।" (पृ. ७८)

उपन्यासको प्रारम्भमा तामाङ्ग भाषाको समेत प्रयोग पाइन्छ, जुन सेर्बू नामक तामाङ्ग भाषी पात्रद्वारा बोलिएको छ । जस्तो -"उसले निरीह अवलोकन तिखारेर आफ्नै बोलीमा खेद प्रकट गरी - 'खै, डुब्बे खस ग्यात आसें' (खै, म खस कुरा जान्दिनँ) पनुः निहुरिएर उन्मुक्त हाँसो खित्काउन थाली -खितखित ।" (पृ. १७) । त्यसैगरी 'आथाम्ले !' (पृ. २८) शब्दको प्रयोग भएको छ जसले अश्लील शब्दलाई जनाउने गर्छ । उपन्यासमा एक ठाउँ नेवारी भाषाको समेत प्रयोग भएको छ । जस्तो -"सगुनका निम्ति 'लावा (लसुन) कुटुक्क ऐला (रक्सी) घुटुक्क' गर्ने विचार थियो । छोइला-बजी खाने । " (पृ. १७०) । त्यस्तै एक दुई ठाउँमा रोमन लिपिको समेत प्रयोग पाइन्छ । जस्तो -

Unfortune never comes alone (पृ. २६)

Pride of the Gorkha (पृ. ६४)

त्यसैगरी सेर्बू, उनकी माइजू तथा लिम्पा आदिले बोल्ने भाषामा मध्यम आदरार्थी तथा उच्च आदरार्थी भाषाहरूको प्रयोग भएको पाइन्छ । उपन्यासमा भीमसेन थापाका माध्यमबाट स्वैरकल्पनाको समेत सिर्जना गरिएको छ । थापा सपनामा बेलायत पुगेको र त्यहाँको रहन सहन तथा राजनीतिक र न्यायिक स्थितिहरूको समेत अध्ययन गरेका प्रसङ्गहरू उपन्यासमा प्रस्तुत भएको छ । उपन्यासमा हास्यव्यङ्ग्य तथा श्रृङ्गाररसको समेत ठाउँ ठाउँमा प्रयोग भएका छन् । उपन्यासको प्रारम्भमा नै युवराज सुरेन्द्रको स्वभावप्रति व्यङ्ग्य गरिएको छ । जस्तो -"अभिनन्दितको आनीबानीबारे समीक्षा गर्ने हो भने उनी एक नम्बरका असत्ती थिए । अरू रोएको कहालिएको आत्तिएको, कष्टकर स्थिति हेर्न मन पराउने ।" (पृ. ४) यसरी मानिसलाई चारखुट्टे पशु बनाएर उसैको शरीरमाथि चढेर आनन्द प्राप्त गर्ने युवराजको स्वभावप्रति तिखो व्यङ्ग्य गरिएको छ ।

उपन्यासमा श्रृङ्गाररसको भाव पैदा गराउने विभिन्न अनुच्छेदहरू रहेका छन् । जस्तो : "त्यही घोडे लात समातेर केटीहरू घोडा धपाउने निहुँमा जङ्गबहादुरलाई घचेट्न पुगे, तान्न थाले । अँगाल्न चिमोट्न, कुतकुत्याउन, चुम्न थाले । आङमाथि उक्लने प्रयास पनि गरे । युवक जङ्गबहादुरका निम्ति यो शारीरिक छातछुत महाआनन्दको स्पर्श थियो । रोमाञ्चकारी हस्तमर्दन । तर युवराजको अबोध दृष्टिमा घोडा र केटीहरूबीच हात मिसामिस परेको भ्रम भएछ -दुवै थरी क्रोधले तमतमाएका, अलल्लिएका ।" (पृ. ५) युवक र सेर्बूका बीचमा होस् या राजारानीका बीचमा होस् यस्ता धेरै उदाहरणहरू छन् जहाँ श्रृङ्गाररसी भावहरू झल्कने भाषाको प्रयोग भएका छन् । "कति ठाउँमा त सरसरती इतिहासको वर्णन झैँ लाग्छ ।" (न्यौपाने, २०६५ : २३९) ऐतिहासिक उपन्यास भएका कारण इतिकासकै वर्णन झैँ लाग्ने भाषाको प्रयोग हुनु स्वभाविकै हो । उपन्यासमा यस्ता कयौँ अनुच्छेदहरू छन् जुन पढ्दा सरसरती इतिहास नै पढेझैँ अनुभव हुन्छ । एउटा उदाहरण : "जङ्गबहादुरको आलेङटालेङ नीतिले महारानीको मनमा आफ्नो आकाङ्क्षा परिपूर्ति नहुने शङ्का उत्पन्न भयो । आखिर १३ अक्टोबर १८४९ इ. को दिन एक दासीको हातद्वारा जङ्गबहादुरकहाँ पत्र पठाइन् जसमा सुरेन्द्र शाह र उपेन्द्रलाई मार्ने आज्ञा थियो ।" (पृ. १६२)

प्रस्तुत उपन्यासमा विभिन्न सूक्तिहरू तथा उखानहरूको बाहुल्य भेटिन्छ । हरियो वन नेपालको धन, तँ आँट म पुऱ्याइदिन्छु, दुःख की रानी पिना खान्थिन्, कीराले हीरा बिगार्छ, खुकुरीले बिर्सन्छ अचानोले सम्झिन्छ, इन्साफ नपाए गोर्खा जानू, आगलागी झुपडी

डेडघडी भद्रा, मर्नु परेपछि खुट्टै तानेर, बिरालाको ख्यालख्यालमा मुसाको प्राणन्त, राम ! राम !! भन्न सकिन्छ काँध थाप्न सकिदैन, अदेखा नानी नछुना बाहुनी, धनीको सामुन्ने गरिब सधैँ नाङ्गिएको हुन्छ, स्वास्नी मानिसको जात फुटेको कर्म, राजा यहाँ आउँदैनन् देवता बोल्दैनन्, कस्ता कस्ता कहाँ गए मुसाको छोरा देवान, कुकुरलाई घिउ नपचेको आदि यस उपन्यासमा प्रयोग भएका सूक्तिहरू हुन् । (पोखरेल, २०६८ : २०७) त्यसै गरी बाटो न घाटो दगुर्छ लाटो, अगुल्टाको मारमा परेको कुकुर बिजुली चम्किँदा तर्सिए झैँ, कालो अक्षर भैँसी बराबर, हाँस्यो कि नास्यो, भालुको मन खन्यूमाथि, दुर्भाग्य एक्लै आउँदैन, साँढेको जुधाइ बाच्छाको मिचाइ, अड्को पड्को तेलको धूप, दुई जोइको घर पक्का तीन गोरुको हल पक्का, हिस्स बुढी खिस्स दाँत, ओठ चल्यो कुरा बुझ्यो, वनको बाघले खाओस् नखाओस् मनको बाघले खाने, हूलमूलमा जीउ जोगाउनु अनिकालमा बिउ जोगाउनु, पल्केको झिल्के घरी घरी मिल्के, बाँदरको पुच्छर लौरो न हतियार, आदि यस उपन्यासमा प्रयोग भएका उखानहरू हुन् । यसरी उपन्यासमा यत्रतत्र छरिएका उखान तथा सूक्तिहरूको बहुल प्रयोगले प्रस्तुत उपन्यासको भाषा रोचक र प्रभावकारी बन्न पुगेको छ ।

यसका साथै उपन्यासमा प्रयोग भएका विभिन्न उपमाहरूले पनि उपन्यासको भाषामा मिठास थपेको छ । ओठ लेप्प्राएर अपानवायु फुस्कने पाराको घिनलाग्दो परिरि ...रि..., हनुमानले क्षार सागर पार गरेको पाराले, गाईबस्तुको जस्तो अभिव्यक्तिहीन, पिँजडाको सुगा फुत्कने पाराले , बिरालाले मुसा मारे झैँ, बाटोमा पाएको ढुङ्गा बाटैमा हराए जस्तो, आदि यस उपन्यासमा प्रयोग भएका उपमाहरू हुन् ।

प्रस्तुत उपन्यासमा संवादको प्रयोग पनि यथेष्ट मात्रामा रहेको पाइन्छ । संवादको प्रयोगका कारण विषयवस्तुलाई नाटकीय ढङ्गले अघि बढाउन सजिलो भएको  बोध गर्न सकिन्छ । (नेपाल, २०६९ : १०१)

जस्तो - अर्को लडतिरको लामो चोटा पार गर्दै श्री ५ राजेन्द्र र युवराजधिराज सुरेन्द्र आउन लागेको सङ्केत कर्णगोचर भयो । बाबु -छोराले श्रीपेच लगाएका घुमाउसहित ।

सुरेन्द्र -'बुबा हजुर ! कान्छा भाइलाई विष खुवाएकै हो ।'

राजेन्द्र -'कसले भनेको ?'

सुरेन्द्र -'मैले आफ्नै आँखाले देखेको । झन्डै मैले पनि पाचक भनेर खाइसकेको, नपत्याए सोधिस्योस न जङ्गेलाई ।'

राजेन्द्र -'हो र ?'

सुरेन्द्र -'हो, एकदेवले हत्तपत्त मेरो हातबाट विषको पुरिया खोसेर पो म बाँचेको ।' (पृ. ५०)

यसरी वर्णनात्मक शैलीमा प्रस्तुत यस उपन्यासमा ठाउँ ठाउँमा संवादको समेत प्रयोग गरी उपन्यासलाई विश्वस्नीय एवम् प्रभावकारी तुल्याइएको छ ।

प्रस्तुत उपन्यासमा छोटा छोटा अनुच्छेदहरूको सिर्जना गरिएको पाइन्छ । छोटामा एक हरफको सानो अनुच्छेद (पृ. २९) देखि लामोमा मध्यम लम्बाइको तेह्र हरफ सम्मका अनुच्छेदहरू (पृ. ९९) पनि पाइन्छ । त्यसैगरी एउटा पृष्ठमा चारवटा अनुच्छेददेखि (पृ. ९९) लिएर एघारवटा अनुच्छेदसम्म (पृ. १७) रहेको पाउन सकिन्छ ।

प्रस्तुत उपन्यासमा विभिन्न चिन्हको प्रयोग गरिएको पाइन्छ । सबैभन्दा बढी पूर्णविराम चिन्हको प्रयोग गरिएको छ त्यसपछि अल्पविराम चिन्हको प्रयोग बढी भेटिन्छ । त्यसैगरी प्रश्नवाचक, योजक, विस्मयसूचक, संक्षेपक, कोष्ठक तथा उद्धरणहरूको समेत प्रसस्त प्रयोग भएको छ ।

प्रस्तुत उपन्यासमा पाइने अर्को ढङ्ग क्रियापद नभएका वाक्यहरूको प्रयोग पनि हो । उपन्यासमा कतै कतै क्रियापदलाई परित्याग गर्दै वाक्यहरू त्यसै छोडिएको पाइन्छ; जस्तैः-

पटुका बाँधेकी । (पृ. १)

नियममा अभ्यस्त । (पृ. १७३)

पसिनाले निथ्रुक्क । (पृ. १७७)

मधेस भासिनुपरेको । (पृ. १७७)

यस्ता वाक्यलाई पूरा गर्ने क्रियापद नै नभएका वाक्यहरू साधारणको सङ्ख्यामा उपन्यास भरि नै पाइन्छ ।

प्रस्तुत उपन्यासमा विभिन्न बिम्बको समेत प्रयोग भएको पाइन्छ । "बिम्ब शब्दको प्रयोग साहित्यमा 'मानसिक तस्विर' भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रूप, रङ्ग, गुण वा आकारको इन्द्रियग्राह्य अनुभूतिको सञ्चारण पाठकमा गर्नू नै बिम्बको मुख्य धर्म हो । कथा (उपन्यासमा) वर्णनात्मक अनुच्छेदहरूलाई पनि बिम्ब भनिन्छ । बिम्ब भनेको मीठो भाषा हो र एउटा निश्चित रूपाकृतिभित्र दुरुस्त एवम् चित्रकलासादृश दृश्यलाई उभ्याइदिन्छ ।" (श्रेष्ठ, २०६६ : १३) । यस भनाइअनुसार भाषा सुन्दर र आकर्षक हुनु बिम्ब प्रभावकारी हुनु हो भन्ने बुझिन्छ ।

प्रस्तुत उपन्यासमा पनि त्यस्तो बिम्ब पाइन्छ जसले एउटा सुन्दर छाप दिमागमा परिदिन्छ । "ख्याउटी थिई, अब हलक्क बढेकी । जीउ लागेको, बारुले कम्मर, हिस्सी खाल्टे गाला, टुप्पा लाल । चुच्चो छाती । मदमस्त नयन । बान्की परेको नितम्ब । सौन्दर्यले परिपूर्ण, परिष्कृत जवानी । स्वरमा माधुर्य, सुरभिता (राणा, २०७३ : ११६) ।" यस्ता शब्दहरूको चयनबाट सुन्दर युवतीको चित्र दिमागमा कोरिन पुग्छ ।

**गृहप्रवेश** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ भने आवश्यक परेका खण्डमा संवादात्मक शैलीको समेत प्रयोग गरिएको छ । यसको कथानक रैखिक ढाँचामा अघि बढेको छ र बीचमा कतै कतै पात्रहरूद्वारा पूर्वस्मृति पनि गरिएको पाइन्छ । उपन्यासको प्रस्तुति तृतीय पुरुष दृष्टिबिन्दुको पद्धतिमा गरिएको छ भने संवादको प्रयोग यथेष्ट मात्रामा रहेकाले नाटकीय ढङ्गको प्रयोग हुँदा द्वितीय पुरुष दृष्टिबिन्दुको समेत उपस्थिति पाइन्छ ।

उपन्यासमा पछि हुने घटनाका पूर्वसङ्केतहरू पनि पाइन्छ । पुतली त्रिशूलीबाट काठमाडौं जाँदैगर्दा बाटामा जोगीले कोतपर्वको पूर्वसंङ्केत दिएको छ । त्यस्तै बुट्यानछेऊ सुतिरहेका जङ्गबहादुरको टाउकोमा सर्पले फणा उठाएर ठडिनुले जङ्गबहादुरको उज्वल भविष्यको पूर्वसंङ्केत दिएको पाइन्छ । **गृहप्रवेश** उपन्यासमा जनजिब्रोको भाषा नभई काव्यात्मक भाषा भएकोले भाषाशैलीको दृष्टिबाट यसले बौद्धिक पाठकको अपेक्षा गर्दछ । (पोखरेल, २०६८ : २०७)

### २.२.५ उद्देश्य

कुनै पनि कार्यको कुनै न कुनै उद्देश्य अवश्य नै रहेको हुन्छ । विना उद्देश्य गरेको कामको कुनै अर्थ रहँदैन । प्रत्येक साहित्यिक रचना पनि कुनै न कुनै प्रयोजन पूर्तिका लागि

नै लेखिएको हुन्छ र प्रयोजन भन्नु नै उद्देश्य हो (शर्मा, २०५५ : ४१०) । प्रयोजन विनाको कल्पनाले औपन्यासिक स्वरूप लिन सक्दैन । यसकारण उपन्यास रचनाको प्रयोजनमा प्रत्यक्ष आरोपित भएको होस वा परोक्षरूपमा अन्तनिर्हित होस कुनै न कुनै उद्देश्य अवश्य निहित हुन्छ (प्रधान, ते.सं. २०५२ : ११) । उद्देश्यलाई विचार वा सारतत्त्व भनेर पनि बुझ्न सकिन्छ । उपन्यासकारले उपन्यासमा कथानक, चरित्र र भाषामार्फत विचारको पनि संरचना गर्दछ र विचारको निष्कर्ष नै सारतत्त्व हो । यसर्थमा उद्देश्य उपन्यासकारको समाज र इतिहास प्रतिको आफ्नो दृष्टिकोण र धारणाको कलात्मक प्रस्तुति हो (बराल, २०६३ : ३७) । सुरु सुरुमा नैतिक उपदेश दिने वा मनोविनोद गर्ने जस्ता उद्देश्यले उपन्यास लेखिए पनि अहिले आएर विषयगत व्यापकताका साथै उपन्यासमा उद्देश्यको पनि बहुविध विस्तार र विकास हुँदै आएको छ । त्यसैले उपन्यासको स्वरूप त्यसको उद्देश्यले निर्धारित गरेको हुन्छ भनिएको हो (प्रधान, २०५२ : ११) । यसअर्थमा कृतिपठनको समाप्ति पछि निचोडको रूपमा प्राप्त लेखकको विचार वा दृष्टिकोणलाई नै उद्देश्य मान्न सकिने यस तत्त्वको उपन्यासमा महत्त्वपूर्ण स्थान रहन्छ ।

प्रस्तुत **गृहप्रवेश** उपन्यास विचारका दृष्टिले महत्त्वपूर्ण कृति हुन पुगेको छ । लेखकले उपन्यासका पात्र सेर्बू (पुतली), जोगी र भीमसेन थापा लगायतका पात्रहरूका माध्यमबाट आफ्ना विचारहरू प्रकट गरेका छन् । टीकाराम पोखरेलले **गृहप्रवेश** उपन्यासलाई अर्को एउटा **वसन्ती** वा **सेतो बाघ** मानेका छन् (पोखरेल, २०६८ : २०७) । उनका अनुसार **गृहप्रवेश**मा पनि **वसन्ती**मा झैँ जङ्गबहादुरको चरित्र उकास्ने हरसम्भव प्रयत्न गरिएको छ भने **सेतो बाघ**का सोमनाथले झैँ पुतली र जोगीले पनि प्रजातान्त्रिक जनाधार भएको शासन व्यवस्थाको वकालत गरेका छन् । **गृहप्रवेश** उपन्यासमा जङ्गबहादुरको चरित्र उकास्ने, गगनसिंहको हत्या जङ्गबहादुरबाट भएको थिएन भन्ने तथा प्रजातान्त्रिक विचारको प्रक्षेपण गर्ने जस्ता मुख्य तीन वटा विचारहरू सम्प्रेसित भएको पाइन्छ (पोखरेल, २०६८ : २०७) । जङ्गबहादुरको राजनीतिक सफलताको मुख्य कहानी रहेको यस उपन्यासले कहीँ कतै उनले सफलताका निम्ति रोजेको बाटो ठिक थिएन भन्ने पनि देखाएको छ । त्यसैगरी गगनसिंहको हत्या देवदूत (बद्रीनरसिंह)द्वारा उनकै छोरी उमाको सहमतिमा भएको तर्कलाई अघि सारी जङ्गबहादुरलाई त्यसबाट अछुतो राखिएको छ । भीमसेन थापा सपनामा बेलायत पुगेका प्रसङ्गमा देवीद्वारा भनिएको नेपालको कमजोर राजनीतिक व्यवस्था, समाजका सङ्कुचित रीतिस्थिति, पुरुषप्रधान समाज, जातभात र छुवाछुतको चलनमा परिवर्तन ल्याउनुपर्ने

कुराहरूमार्फत् लेखकका परिवर्तनकामी विचारहरू व्यक्त भएका छन् (राणा, २०७३ : ६७) । जीवनको अन्तिम अवस्थामा पुगेका क्षणमा भीमसेनद्वारा नेपालमा जननिर्वाचित प्रतिनिधिद्वारा चलाइने राजतन्त्रात्मक प्रजातान्त्रिक पद्धतिको सिफारिस गरिएको देखाई प्रजातन्त्रप्रतिको लेखकको विचार व्यक्त गरिएको छ भने भीमसेनद्वारा नै रणजङ्गलाई भनिएको "रणजङ्ग ! तिमी-हामीले अवलम्बन गर्दै आएको राजनीतिक प्रणालीमा आमूल परिवर्तनको आवश्यकता छ । अन्यथा तिमीलाई पनि भविष्यमा मलाई जस्तै पछुताउनुपर्ला । यथासिघ्र बेलायतको जस्तो बहुदलीय व्यवस्था स्थापना गराउनु ।" (राणा, २०७३ : ७८) भन्ने भनाइबाट पनि नेपालको राजनीतिक प्रणाली सही नभएको र त्यसमा परिवर्तन ल्याई बेलायतको जस्तो बहुदलीय व्यवस्था लागु हुनुपर्ने विचार व्यक्त भएको छ । उपन्यासकी पात्र पुतलीका माध्यमबाट बग्गीको विरोध गर्दै विदेशी आयात प्रयोग गरेमा राष्ट्रकोषको अर्थतन्त्रमा धक्का लागि देश टाट पल्टने हुँदा त्यस्ता ऐयासीमा हुने खर्चको कटौती गरेर नेपालमा शिक्षणसंस्था खोलिनुपर्ने तथा नेपाली जनतालाई बहुदलीय राजनीतिक अभ्यास गराउनुपर्ने विचारहरू प्रकट भएका छन् । त्यसै गरी अर्को पात्र जोगीका माध्यमबाट पनि त्यही विचार व्यक्त भएको छ । "महाराज ! तिमीले हिड्ने बाटो यो होइन । विपरित दिशातिर लाग । जनतालाई पढाऊ । मौलिक अधिकार देऊ । चाँडो आम चुनाव गराएर जनतालाई राज्यसत्ता हस्तान्तरण गर्नु वेश ।" (राणा, २०७३ : १७८) । उपन्यासमा आएका यी र यस्तै भनाइहरूबाट नै **गृहप्रवेश** उपन्यासको उद्देश्य प्रष्ट हुन आउँछ । सामाजिक विकासको दर्शन बनेर आएको यस उपन्यासले जनताको अधिकार जनतालाई नै दिएर जनतालाई शक्ति सम्पन्न बनाउने, शिक्षित, सचेत र सजग बनाउने अभिप्रायलाई उद्घाटित गरेको छ (विवश, २०६५ : ४७) ।

राजेन्द्रविक्रम शाहको राज्यकालमा घटित हत्यापूर्ण राजनीतिक परिवर्तनका घटनाहरूलाई उजागर गर्नु मुख्य उद्देश्य रहेको यस उपन्यासमा हत्या हिंसा अविश्वास, षड्यन्त्रको जालोमा बेरिएको तत्कालिक दरबारिया जीवन र राजनीतिक अस्तव्यस्तताबाट प्रभावित जनजीवनको कहाली लाग्दो अवस्थाको चित्रण गर्नु पनि यसको उद्देश्य देखिन्छ । बत्तीसवर्षे भीमसेनको शासन र जङ्गबहादुरको उदय किन भयो भन्ने कुराको व्याख्या गर्दै तत्कालीन समयको भेषभूषा, परिवेश, बोली, आदि अनेकन सन्दर्भलाई समेटेर समय र इतिहासको सग्लो प्रमाण बन्नु पनि उपन्यासको उद्देश्य देखिन्छ । मानिस महत्त्वाकाङ्क्षी प्राणी भएकाले त्यसैको आडमा आफ्ना तमाम गतिविधिहरू सञ्चालित गर्छ भन्ने विचारलाई

पात्र जङ्गबहादुर र पुतलीको भूमिकाबाट पुष्टि गरिएको छ । राजनीतिले मानवको हत्या मात्र गर्छ भने प्रेमले मानवलाई सर्वोच्चता प्रदान गर्दछ भन्ने विचारसँगै तत्कालीन नेपाली समाजको चित्र खिची वर्तमानका लागि पाठ सावित गर्नु मूल ध्येय रहेको यस उपन्यासको उद्देश्य मनोविज्ञान, राजनीति तथा महत्त्वाकाङ्क्षाको प्रस्तुतिमा परिलक्षित छ (नेपाल, २०६९ : १००) । ऐतिहासिक उपन्यास भएका कारण हत्या हिंसाबाट प्रताडित तत्कालीन राजनीतिको भण्डाफोर गर्दै राष्ट्रभक्ति, राजभक्ति प्रदर्शन गर्नुका साथै कुन व्यवस्था अपनाएमा मुलुकको सर्वोपरि विकास हुन्छ भन्ने अर्ति दिनु नै प्रस्तुत उपन्यास र उपन्यासकारको उद्देश्य देखिन्छ ।

### २.२.६ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचनका निम्ति बस्न रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसबाट कथयिताले कसरी घटना एवम् चरित्रहरुको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुने गर्छ (बराल र एटम, २०५६ : ३८) । कथावाचकलाई घटनाका बारेमा सबैकुराको जानकारी हुनुपर्छ र उपन्यासमा भएका मुख्य मुख्य घटनाहरू कहाँ के कसरी भएका छन् ती कुराहरूलाई वर्णनकर्ता वा समाख्याताले कहाँबाट हेरेर भनेका छन् भन्ने कुरा दृष्टिबिन्दुबाट थाहा हुन आउँछ । दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकसमक्ष पुर्‍याउँदछ (श्रेष्ठ, २०६६ : ११) । दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु र आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु गरी दुईप्रकारका रहेका छन् (बराल र एटम, २०५६ : ३८) । कथयिता नै सबैकुराको ज्ञाता भई घटनास्थल भन्दा बाहिर रहेर अरूका बारेमा टिप्पणी गर्छ भने त्यसलाई बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको मानिन्छ । यसलाई पनि सर्वज्ञ र सीमित गरी दुई वर्गमा विभाजन गरिएको छ । पात्र र घटनाका कुरालाई कथयिताले नै वर्णन गर्दै सबै कुरा आफ्नो नियन्त्रणमा लिन्छ भने त्यसलाई सर्वज्ञ भनिन्छ । सर्वज्ञअन्तर्गत पनि लेखकले मात्र वर्णन गर्ने हस्तक्षेपी र लेखकले नाटकीय संवादको प्रयोग वा उपस्थिति गराएर आफु टाढा बस्ने निर्वैयक्तिक गरी दुई भेदहरू देखा पर्दछ । त्यस्तै कथयिताले आफूलाई कुनै पात्र वा वर्गको अनुभव वा विचारमा लुप्त गराएर सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्छ भने त्यसलाई सीमित दृष्टिबिन्दुको प्रयोग भएको मानिन्छ ।

उपन्यासमा कथयिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यास भित्रै संलग्न गर्दछ भने त्यसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु भनिन्छ । यसमा कथयिताले चाहेको जुनसुकै कुरा पनि 'म'का रूपमा व्यक्त गर्ने गर्दछ । पात्रका कार्यका आधारमा यसलाई पनि केन्द्रीय र परिधीय गरी दुई वर्गमा विभाजन गरिएको छ । कथयिता नै उपन्यासको प्रमुख पात्र भई आफ्ना कुराहरू निजी तवरले भनिरहेका छन् भने त्यसलाई केन्द्रीय प्रथम पुरुष दृष्टिबिन्दु भनिन्छ । त्यस्तै कथयिता नै उपन्यासका पात्र भए पनि केन्द्रीय घटना र चरित्रहरू भन्दा थोरै टाढा बसेर वृतान्त सुनाइरहेको छ भने त्यसलाई परिधीय प्रथमपुरुष दृष्टिबिन्दु भनिन्छ (बराल र एटम, २०५६ : ३८-३९) । आजभोलि लेखिने प्राय सबै उपन्यासमा यी दुई प्रकारका दृष्टिबिन्दुको प्रयोग गरिएको हुन्छ । तर कुनै कुनै गम्भीर विषय भएको स्थानमा भने नाटकीय प्रविधि वा संवादात्मक ढङ्गमा द्वितीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरिएको पाइन्छ ।

**गृहप्रवेश** मूलतः बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको उपन्यास हो । यसमा उपन्यास भित्र लेखकको उपस्थिति कतै पनि भेट्न सकिदैन र उपन्यास भित्रका कुनै पनि पात्रहरू समाख्याताका रूपमा उपस्थित छैनन् । बरु आवश्यक परेको ठाउँमा नाटकीय दृष्टिबिन्दुको समेत प्रयोग गरिएको छ, जस्तैः "प्रभु !' राजा समक्ष हात जोडेर घुँडा टेके 'तावेदारलाई साह्रै अन्याय पऱ्यो, इन्साफ पाऊँ ।' 'पहिले मलाई' बीचैमा बोले राजा 'तँ माथि न्याय परेनकी भन्ने शंङ्का लागेको थियो । त्यसैले तँलाइ बोलाएको हुँ । तर होइन रहेछ । तैँले अपराध स्वीकार गरेको बेहोरा सबैले सुनिसके ।' थपे 'हामीलाई मारेर तँ राजा हुन खोजेको ? पाजी' रिसाउन थाले ।" (राणा, २०७३ : ५२) । यस्ता गम्भीर विषयले ठाउँ लिँदा भने संवादात्मक ढङ्ग वा नाटकीय दृष्टिबिन्दुको स्थान प्रवल भएको पाइन्छ । लेखक नै परद्रष्टा भई इतिहासका घटनाहरूको वर्णन गरिरहँदा आवश्यक परेका बेला यस्ता नाटकीय दृष्टिबिन्दुको समेत प्रयोग हुन पुगेको छ भने बाह्य दृष्टिबिन्दु अन्तर्गतको सीमित भेदले ठाउँ लिएको पाइन्छ । सीमित दृष्टिबिन्दुमा केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ (श्रेष्ठ, २०६६ : १२) । यही भनाइअनुसार उपन्यासमा मूलतः सेर्बू (पुतली) र वीरनरसिंह (जङ्गबहादुर)का विषयलाई उच्च प्राथमिकतामा राख्दै अरू पात्रहरूलाई प्रसङ्गवस वेला वेला छुँदै सर्दै गरेको अवस्था देखिएको हुँदा सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । ऐतिहासिक विषयवस्तु भएकाले पनि अन्य सम्पूर्ण पात्रहरूलाई समान स्थान दिन नसक्दा सीमित दृष्टिबिन्दुको प्रयोग हुन पुगेको देखिन्छ । "ऊ मूल

नक्षत्रको अवधिमा जन्मेकाले उसलाई आफ्नो घरमा राख्न भएन । बाबु काजी बालनरसिंहले नवजात शिशुलाई सालनाल सहित ससुरालीमा पाल्न पठाए । बाल्यवस्थादेखि नै मुल्याहाको जङ्गी स्वभाव हुँदै आएकोले उसका मामा माथवरसिंहले 'जङ्गे' भन्न थाले । त्यो उपनाम अपभ्रंस भएर 'जङ्गबहादुर' संज्ञाले प्रख्यात हुन पुग्यो (राणा, २०७३ : ११८) ।" यहाँ प्रमुख पुरुष पात्र जङ्गबहादुरका बारेमा ससाना भित्री कुराहरू समेत प्रस्तुत भएको छ । तर उपन्यासमा रहेका अनगिन्ति पात्रहरूका बारेमा यसरी लेखिएको कतै पनि पाइँदैन । त्यसैले बाह्य दृष्टिबिन्दु अन्तर्गतको सीमित भेदले स्थान पाएको देखिन्छ । यसरी **गृहप्रवेश** उपन्यासलाई पाठकले रुचाउने गरी आख्यानात्मक ढङ्गमा आदि, मध्य र अन्त्यसम्म बाह्य दृष्टिबिन्दु प्रयोग गरी ऐतिहासिक पात्र, समय र घटनाहरू सिलसिलाबद्ध रूपमा प्रस्तुत भएका छन् । सामान्यरूपमा कतै कतै नाटकीय दृष्टिबिन्दुको प्रयोग पाइए पनि उपन्यासको कथानक र पात्रलाई बढीभन्दा बढी मात्रामा बाह्य दृष्टिबिन्दुले साथ दिइएकोले प्रस्तुत उपन्यास बाह्य दृष्टिबिन्दु अर्थात् तृतीयपुरुष कथन ढाँचामा नै प्रस्तुत भएको छ ।

## २.३ निष्कर्ष

**गृहप्रवेश** ऐतिहासिक घटनामा आधारित उपन्यास हो । यसमा इतिहासका घटनासँगै एउटा रोमाञ्चकारी प्रेमकथा समेत तानिएर आएको छ र त्यो प्रेमकथा भने कल्पनामा आधारित रहेको छ । इतिहास र कल्पनाको संयोजनद्वारा निर्मित यस उपन्यासमा राजा राजेन्द्रबिक्रम शाहको राज्यकालमा घटित घटनाहरू नै विषयवस्तु बनेर आएको छ ।

**गृहप्रवेश** उपन्यासका केही गौण पात्रहरू बाहेक सम्पूर्ण पात्रहरू सजीव तथा इतिहास सापेक्ष छन् । उपन्यासमा जङ्गबहादुर र पुतलीलाई प्रमुख पात्र तथा नायक नायिकाका रूपमा लिइएको छ ।

**गृहप्रवेश** उपन्यासको वातावरण पनि ऐतिहासिक नै छ । मूल घटना नै ऐतिहासिक भएकोले काल्पनिक घटनाहरूको संयोजनद्वारा पनि ऐतिहासिक वातावरण कै सिर्जना भएको यस उपन्यासमा खासगरी वि. सं. १८९४ देखि अलौ पर्व वि. सं. १९०४ सम्मको जम्मा दस वर्षको घटनाअवधि नै परिवेशका रूपमा आएको छ ।

बहुदलीय व्यवस्थाको स्थापना हुनुपर्ने विचार व्यक्त भएको यस उपन्यासमा राजा राजेन्द्रबिक्रम शाहको राज्यकालमा घटित हत्यापूर्ण राजनीतिक परिवर्तनका घटनाहरूको उजागर गर्नु मुख्य उद्देश्य रहेको छ ।

**गृहप्रवेश** उपन्यास मूलतः बाह्य वा तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिएको छ भने भाषाशैलीगत दृष्टिले यस उपन्यासले निकै उल्लेखनीय स्थान राख्न सफल भएको छ । साधारण बोलीचालीको भाषादेखि लिएर कवितात्मक गद्य भाषाको समेत प्रयोग भएको प्रस्तुत उपन्यास विधातात्त्विक दृष्टिमा सफल उपन्यास हुन पुगेको छ ।

# तेस्रो परिच्छेद

# प्रवृत्तिगत आधारमा 'गृहप्रवेश' उपन्यासको अध्ययन

## ३.१ विषयप्रवेश

कुनैपनि साहित्यिक कृतिहरूका आआफ्नै प्रवृत्तिहरू हुन्छन् । डायमनशमशेर राणाद्वारा लिखित **गृहप्रवेश** ऐतिहासिक उपन्यास हो । यसका विभिन्न प्रवृत्तिहरू के कस्ता छन् भनेर अध्ययन गर्नु आवश्यक छ । त्यसैले यस परिच्छेदमा प्रवृत्तिगत आधारमा **गृहप्रवेश** उपन्यासको विश्लेषण गरिएको छ ।

## ३.२ विषयवस्तुगत प्रवृत्ति

डायमनशमशेर राणाको **गृहप्रवेश** उपन्यासको विषयवस्तुगत प्रमुख प्रवृत्तिहरूलाई निम्नानुसार चिनाउन सकिन्छ ।

### ३.२.१ ऐतिहासिक विषयवस्तु

**गृहप्रवेश** पूर्ण ऐतिहासिक विषयवस्तु अँगालेर लेखिएको उपन्यास हो । भीमसेन थापाको दुःखदायी अन्त्य र जङ्गबहादुरको चलाखीपूर्ण उदय नै यसको मुख्य विषयवस्तु रहेको छ । इतिहासका घटनाहरूलाई ऐतिहासिक पात्रहरूद्वारा नै अघि बढाउँदै इतिहासकै कालावधि भित्र उपन्यासको कथा समेटिएको पाइन्छ । नेपालको इतिहासमा एक सय चार वर्षसम्म शासन गरेका राणाशासनको जग बसाउने जङ्गबहादुर राणाको उदयका क्रममा घटेका कोतपर्व, भण्डारखाल पर्व, अलौ पर्व जस्ता फरकफरक ऐतिहासिक घटनाहरूले उपन्यासलाई इतिहास नै होकी भन्ने भ्रम दिएको महसुस हुन्छ । त्यसैले **गृहप्रवेश** उपन्यासको प्रमुख प्रवृत्ति नै ऐतिहासिक विषयवस्तु हुनु हो ।

### ३.२.२ राजनीति

**गृहप्रवेश** उपन्यास जङ्गबहादुरको राजनैतिक सफलताको कथा हो । उपन्यासमा आफ्ना स्वार्थपूर्तिका निम्ति विभिन्न राजनीतिक खेलहरू खेलिएका छन् । सत्तामा आउनका निम्ति भारदारहरूबीच होस् या रानीहरू बीच होस् विभिन्न हत्या तथा षड्यन्त्रपूर्ण

राजनीतिका घटनाहरू घट्न पुगेका छन् । कहिले कुनै समूहको उत्थान र फेरि त्यसैको पतन हुने तत्कालीन समयको अस्थिरतापूर्ण राजनैतिक खिचातानी उपन्यासको सुरुदेखि अन्त्यसम्म नै भएको पाइन्छ । एउटालाई सत्ताबाट च्युत गरेर अर्कालाई सत्तासीन गराउँदै जाने राजनीतिक खिचातानीका सन्दर्भहरू नै उपन्यासको विषयवस्तु बनेर आएकाले राजनीति पनि **गृहप्रवेश** उपन्यासको विषयवस्तुगत प्रवृत्ति बन्न पुगेको छ । जङ्गबहादुर पनि श्री ३ महाराजसम्म आइपुग्दा अनेकौ राजनीतिक खेलहरूलाई चलाखीपूर्ण तरिकाले जित्दै आफूलाई सफल बनाउन पुगेका छन् ।

### ३.२.३ यथार्थता

**गृहप्रवेश** ऐतिहासिक यथार्थवादी उपन्यास हो । यसमा इतिहासका यथार्थ घटनाहरूलाई विषयवस्तु बनाइएको छ । नेपाल एकीकरण अभियानमा संलग्न राजेन्द्रलक्ष्मी तथा बहादुर शाह बीच सुरु भएको द्वन्द्वका पक्ष र विपक्षका नाममा प्रारम्भ भएको भारदारहरूको हत्याको श्रृङ्खला इतिहासमा लामो समयसम्म चलेको थियो । यही हत्यापूर्ण राजनीतिक शृङ्खलामा नेपाली इतिहासका अत्यन्त शक्तिशाली मानिएका भीमसेन थापाको पतन भएको थियो भने उनका सम्बन्धितहरू समेत खोसुवामा पर्नु परेको थियो । हत्यापूर्ण राजनीतिक इतिहासमा भीमसेन थापा, रणजङ्ग पाण्डे, गगनसिंह, फत्यजङ्ग शाह, माथवरसिंह थापा जस्ता उच्चपदस्थ भारदारहरूको अकालमा ज्यान गएको थियो । तर जङ्गबहादुर सानैदेखि अत्यन्त महत्वाकांक्षी भएका कारण जागिरबाट बर्खास्तीमा परे पनि हिम्मत नहारी कहिले जुवाको शरणमा त कहिले भारतीय सेनामा भर्ना हुने कोशिसमा भौतारिने क्रममा श्री ५ राजेन्द्रको सिकार सवारीमा तराइमा पुगी हात्ती पक्रेर आफ्नो बहादुरी देखाएपछि राजा खुसी भई उनलाई तोपखानाको कप्तानी दर्जामा जागिर दिए । त्यत्तिले मात्र सन्तुष्ट नभएका जङ्गबहादुर अत्यन्त दूरदर्शी भएका कारण युवराज सुरेन्द्रको अङ्गरक्षक बन्न पुगे । मौकाको खोजीमा रहेका जङ्गबहादुरले युवराजलाई आफ्नो वशमा पारे । उनले आफ्नै मामा माथवरसिंहलाई पनि मारे भने गगनसिंहको हत्याबाट पनि उनी अछुतो छैनन् भन्ने इतिहासबाट थाहा हुन्छ । रानीको प्रियपात्र गगनसिंहको हत्या भएपछि सबै भारदारहरूलाई कोतमा भेला गराएर हत्यारा पत्ता लगाउने आदेश दिइयो र त्यसको हर्ताकर्ता भने जङ्गबहादुर भए । यस्तै मौकाको खोजिमा रहेका जङ्गबहादुरले कोतमा भेला भएका प्रधानमन्त्री चौतारिया फत्येजङ्ग लगायतका उच्चपदमा आसीन भारदारहरूको हत्या गरी

त्यहीँ नै महारानीको हातबाट पञ्जापत्र प्राप्त गरी प्रधानमन्त्री हत्याउन सफल भएका थिए । उनको यो सफलतामा थुप्रै सहयोगीहरू रहेको र त्यसमध्ये पुतली नाम गरेकी दरवारकी सुसारे पनि भएको कुरा बुझिन्छ । पछि श्री ३ महाराज भएपछि जङ्गबहादुर राणाले पुतलीलाई विवाह गरी श्री ३ महारानीको दर्जा दिएका थिए । इतिहासमा भएका यस्तै यथार्थ घटनाहरू नै **गृहप्रवेश** उपन्यास भरी छरिएको छ । त्यसैले यथार्थता पनि **गृहप्रवेश** उपन्यासको प्रवृत्ति हो ।

### ३.२.४ काल्पनिकता

**गृहप्रवेश** उपन्यासमा ऐतिहासिक यथार्थ घटनाहरूसँगै कल्पनाको पनि सम्मिश्रण पाइन्छ । इतिहासमा घटेका काल, घटना तथा पात्रहरूलाई कल्पनाको सहायताले सजाएर औपन्यासिक रूप दिइएको छ । **गृहप्रवेश**मा जङ्गबहादुरको उदयको कथा मूल विषयवस्तु रहेको छ भने जङ्गबहादुर र पुतली बीचको रोमाञ्चकारी प्रेमकथा पनि सँगै अघि बढेको छ र त्यो प्रेमकथामा देखिएका अनेक तानाबानाहरू भने काल्पनिक हुन् । तर पनि ती दुई बीचको प्रेम सम्बन्ध भने इतिहासलाई नै पुष्टि गर्ने किसिमको रहेको छ । जङ्गबहादुरकी पुतली नाम गरेकी रानी थिइन् भन्ने इतिहासबाट थाहा हुन्छ तर ऐतिहासिक वैवाहिक सम्बन्धलाई भने कल्पनाद्वारा औपन्यासिक घटनातर्फ ढालेर उपन्यासको संरचना गरिएको छ (पोखरेल, २०६८ : २०६ ) । यसरी इतिहासका सत्य घटनाहरूलाई थोरै इतिहास र थोरै कल्पनाको संयोजन गरी **गृहप्रवेश** उपन्यासको विषयवस्तु तयार भएको छ । इतिहासलाई उपन्यास बनाउन कल्पनाको प्रयोग अनिवार्य हुन्छ (पोखरेल, २०६८ : २११) । त्यसैले **गृहप्रवेश**को विषयवस्तुमा कल्पनाको प्रयोग पनि यसको प्रवृत्ति हुन आउँछ ।

### ३.२.५ सामाजिक चित्रण

**गृहप्रवेश** पूर्ण ऐतिहासिक उपन्यास भए पनि यसमा राणाशासन पूर्वको अस्तव्यस्त समाजको चित्र उतारिएको छ । गाउँमा सामाजिक पारिवारिक शोषण भएका सन्दर्भहरू आएका छन् भने रामदास, लिम्पा, कान्छो आले जस्ता गाउँले समाजका पात्रहरू लिएर शोषक साहु तथा महाजनहरूको थिचोभिचोमा परेको गाउँले समाजको चित्र उतारिएको छ । त्यस्तै राजनीतिक गतिविधिहरू धोका, षड्यन्त्र, हत्या, हिंसाले ग्रस्त सहरिया समाजको

सजीव चित्रण गरिएको छ भने स्वैरकल्पनाका माध्यमबाट भीमसेन थापा सपनामा बेलायत पुगेको देखाई बेलायती समाजको समेत वर्णन गरिएको छ ।

## ३.३ संरचनागत प्रवृत्ति

**गृहप्रवेश** डायमनशमशेर राणाको सबैभन्दा पछिल्लो उपन्यास हो । यसको आफ्नै प्रकारका संरचनागत प्रवृत्तिहरू रहेका छन् । तिनीहरूको व्याख्या निम्नानुसार गरिएको छ ।

### ३.३.१ शीर्षकीकरण

प्रस्तुत उपन्यासलाई **गृहप्रवेश** नाम दिइएको छ । गृहप्रवेश शब्दको अर्थ साइत पारी नयाँ घरमा प्रवेश गर्नु भन्ने हुन्छ (सरल नेपाली शब्दकोश, २०५ : ८१६६) । यसको कोशीय अर्थले पनि कृतिसँग नै सामञ्जस्य राखेको छ । उपन्यासको शीर्षकले जङ्गबहादुरको उदय अर्थात उनको राजनीतिक सफलता पछिको जहानियाँ राणाशासनको सुरुआत वा प्रवेशलाई सङ्केत गरेको छ । भीमसेन थापाको पतन पछि सर्वस्वहरण भएका जङ्गबहादुर कहिले भारत त कहिले नेपालको विभिन्न जिल्लाहरूमा जीविकाको खोजीमा भौतारिदै हिड्ने क्रममा तराइमा हात्ती पक्रेर बहादुरी देखाई तोपखानामा जागिर पाएपछि आफ्नो महत्वाकांक्षी र दूरदर्शी क्षमताका कारण विभिन्न राजनीतिक दाउपेचहरूको संघर्ष गर्दै चलाखीपूर्ण तरिकाले प्रधानमन्त्री तथा प्रधानसेनापति जस्तो उच्च पदसम्म हाँसिल गरेका छन् भने विस्तारै राजा सुरेन्द्रको विश्वास जितेर उनलाई खुसी बनाई श्री ३ महाराजको पदवी सहित आफ्नी प्रेमिका पुतलीलाई पनि श्री ३ महारानीको दर्जा दिएर थापाथली दरवारमा गृहप्रवेश गरेका छन् । अर्कोतर्फ तत्कालीन राजा राजेन्द्रबिक्रम शाहका जेठी तथा कान्छी पत्नीहरू आआफ्ना छोराहरूलाई राजा बनाउने दाउमा देखिन्छन भने भाइभारदारहरू पनि भइरहेको शासकलाई हटाएर कसरी आफू सत्तामा आउने भन्ने दाउमा रहेका छन् । आफ्नो स्वार्थका निम्ति भइरहेका शासकलाई परिवर्तन गरी आफूले चाहेको व्यक्तिलाई नियुक्त गर्दै नयाँ शासनपद्धतिमा प्रवेश गरिरहेको अवस्था देखिन्छ । यसरी एउटालाई सत्ताबाट च्युत गरेर अर्कालाई सत्तासीन गराउँदै लैजाने सन्दर्भलाई नै गृहप्रवेश मान्न सकिन्छ भने अर्कातिर उपन्यासको अन्त्य पनि जङ्गबहादुर र पुतलीको गृहप्रवेशसँगै भएको र उनीहरूको गृहप्रवेशसँगै जहानियाँ राणा शासनको पनि प्रवेश भएकोले उपन्यासको शीर्षक औचित्यपूर्ण र सार्थक देखिन्छ ।

### ३.३.२ परिच्छेद योजना

**गृहप्रवेश** उपन्यास परम्परागत शैलीमा परिच्छेदहरूमा विभाजित छ । यसको संरचना जम्मा चौध परिच्छेद र एक सय बयासी पृष्ठमा विस्तारित भएको छ । परिच्छेद योजना पृष्ठ वितरणका दृष्टिले समान देखिँदैन । परिच्छेदहरू छ पृष्ठदेखि छत्तीस पृष्ठसम्मका छन् । अन्य परिच्छेदहरूको तुलनामा चौधौँ तथा अन्तिम परिच्छेद अपेक्षाकृत लामो आयामको रहेको छ ।

### ३.३.३ कथानक योजना

प्रस्तुत उपन्यासको कथानकमा घटनाहरूको बाहुल्य पाइन्छ । घटनाको वर्णन कालक्रमिक रूपमा गरिएको छ । विशेषगरी राजा राजेन्द्रबिक्रम शाहको राज्यकालमा घटित घटनाहरू नै यसको विषयवस्तु बनेको छ । त्यसैले यसको कथानक ऐतिहासिक विषयवस्तुमा आधारित छ । उपन्यासको कथानकमा प्रमुख र सहायक कथाहरू नभई एउटै कथा मात्र रहेको छ तर एउटै कथा भए पनि दुई किनारा भएर हिँडेकोले प्रमुख र सहायक कथाहरू हुन् की भन्ने भान हुन्छ । एउटा छ जङ्गबहादुरको राजनीतिक सफलता र अर्को छ पुतलीसँग उनको प्रेमप्रणयको कथा । तर यी दुवै कथा जङ्गबहादुरकै सफलताको निम्ति अघि बढेको हुँदा एउटै कथा भएको छ । प्रस्तुत उपन्यासमा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको पाइन्छ । परम्परागत शैलीद्वारा सुरुबाटै कथानकको उठान भएकोले आदि, मध्य र अन्त्यको क्रमिकतामा स्वाभाविकता पाइन्छ ।

उपन्यासको पहिलो परिच्छेदलाई आदि भाग मान्न सकिन्छ । यसमा पात्रहरूको परिचय र व्यवहारको चिनारी दिइएको छ । दोस्रो परिच्छेददेखि तेह्रौ परिच्छेदको मध्यसम्मलाई उपन्यासको मध्य भागको रूपमा लिन सकिन्छ । यसमा घटनाको विकास हुँदै जानेक्रममा विभिन्न कौतूहलहरूको सिर्जना गरिएको छ । तेह्रौ परिच्छेदको अन्त्यदेखि चौधौँ परिच्छेदको अन्त्यसम्मलाई उपन्यासको अन्त्य भाग मानिन्छ । यसमा सम्पूर्ण उपन्यासकै कथानकको समापन भएको छ । प्रस्तुत उपन्यासमा कौतूहलपक्ष त्यति सबल नभएको कथानक रहेको छ । पछि हुने घटनाहरूको पूर्वसङ्केतका कारण कौतूहलपक्ष सबल नभई सामान्य किसिमको देखा पर्छ । उपन्यासको कथानकमा आन्तरिक द्वन्द्व तथा बाह्य द्वन्द्व दुवै किसिमको द्वन्द्व रहेको छ । आन्तरिक द्वन्द्व सामान्य देखा पर्छ भने ऐतिहासिक तथा

राजनैतिक कथावस्तु भएका कारण बाह्य द्वन्द्वको प्रबलता देखा पर्दछ । केही पात्रहरूको माध्यमद्वारा आन्तरिक द्वन्द्व उद्घाटित गरिएको छ भने धेरै पात्रहरू बीचको बाह्य द्वन्द्वले आन्तरिक द्वन्द्व भन्दा धेरै स्थान लिएको पाइन्छ ।

प्रस्तुत उपन्यासको कथानक रैखिक ढाँचाको रहेको छ । पात्रहरूले कतै कतै गरेको पूर्वस्मृति बाहेक उपन्यासको कथानक सिधै तानिएको छ । उपन्यासको कथानक गतिशील छ । गतिशीलताको हिसाबले झण्डै **सत्प्रयास**सँग यसको तुलना हुनसक्छ (पोखरेल, २०६८ : १९६) । कथानकको लम्बाइ छोटो छ । एउटा बिन्दुबाट प्रारम्भ भएको कथा अर्को बिन्दुमा पुगेर समाप्त भएको छ । त्यसैले यसको कथानक पश्चगामी नभई निरन्त अघि बढ्दै परिणतिमा नै पुगेको कारण उपन्यासको कथानक क्रमिक देखापर्छ ।

### ३.३.४ पात्रविधान

**गृहप्रवेश** उपन्यास चरित्रप्रधान उपन्यासका रूपमा देखापर्छ । ऐतिहासिक उपन्यास भएका कारण पनि यसमा पात्रहरूको बाहुल्य पाइन्छ । उपन्यासमा विभिन्न प्रकारका पात्रहरू पाइन्छ र ती मध्ये दुई चारजना काल्पनिक गौण पात्रहरू बाहेक उपन्यासका सम्पूर्ण पात्रहरू इतिहास सापेक्ष देखा पर्छन् । अनगिन्ति रूपमा पात्रहरूको प्रयोग भएको प्रस्तुत उपन्यास बहुपात्रीय उपन्यासको रूपमा रहेको छ ।

प्रस्तुत उपन्यासमा जङ्गबहादुर र पुतली प्रमुख पात्र तथा नायक नायिकाका रूपमा रहेका छन् । सहायक पात्रका रूपमा भीमसेन थापा, राजा राजेन्द्र, रानीहरू साम्राज्यलक्ष्मी र राज्यलक्ष्मी, युवराज सुरेन्द्र, गगनसिंह, माथवरसिंह थापा, रामदास कटुवाल आदि रहेका छन् । त्यसैगरी गौण पात्रका रूपमा चौतरिया फत्तेजङ्ग, सेर्बूकी माइजू, लिम्पा, कान्छो आले, उमा, देवदूत, रङ्गनाथ, रामकृष्ण महाजन, रणेन्द्र, उपेन्द्र, वीरेन्द्र, दिवेन्द्र, करवीर पाँडे, धीरशमशेर लगायतका अनगिन्ति पात्रहरू रहेका छन् । उपन्यासमा नारीपात्रका रूपमा सेर्बू, जेठी महारानी साम्राज्यलक्ष्मी, कान्छी महारानी राज्यलक्ष्मी, उमा, उमाकी आमा, सेर्बूकी माइजू, चनमती तथा दरवारका सुसारे केटीहरू रहेका छन् भने बाँकी प्राय सबै पुरुष पात्रहरू रहेका छन् । त्यसैगरी नेपथ्य पात्रका रूपमा जङ्गबहादुरका हजुरबुबा, भू. पू. सेनापति रामकृष्ण कुवँर, बाबु बालनरसिंह, जङ्गबहादुरकी दुई पत्नी प्रसादलक्ष्मी र नन्दकुकारी आदि नेपथ्य पात्रका रूपमा रहेका छन् भने बाँकी प्राय पात्रहरू मञ्चीय नै

छन् । रणजङ्ग पाँडे, कुलराज, राज्यलक्ष्मी, रामदास कटुवाल जस्ता पात्रहरू प्रतिकूल पात्रका रूपमा देखा परेका छन् भने सेर्बू, जङ्गबहादुर, रङ्गनाथ, भीमसेन थापा आदि जस्ता पात्रहरू अनुकूल पात्रका रूपमा रहेका छन् ।

### ३.३.५ परिवेश विधान

**गृहप्रवेश** उपन्यासका अधिकांश घटनाहरू काठमाडौँ उपत्यका र नुवाकोटको त्रिशूली आसपास क्षेत्रहरूमा घटेका छन् । उपन्यासमा प्रमुख पात्र जङ्गबहादुर र पुतलीको प्रथम भेट नुवाकोटको बुङताङ गाऊँ नजिकै भएको छ त्यसैले यी दुई जनाको प्रारम्भिक केही घटनाहरू नुवाकोटको त्रिशूली आसपासमा घटेका छन् भने बाँकी अधिकांश घटनाहरू काठमाडौँ उपत्यकाको हनुमानढोका दरवार, थापाथली दरवार, ढाकाटोल, भण्डारखाल बगैँचा आदि स्थानमा घटेका छन् । स्वैरकल्पनामा बेलायतको समेत केही प्रसङ्गहरू आएका छन् । त्यसैगरी उपत्यका बाहिरका हेटौडा, वीरगञ्ज लगायतका तराईका केही क्षेत्रहरूमा समेत केही घटनाहरू घटेका छन् भने परोक्ष रूपमा भए पनि नेपाल बाहिर भारतका सिमलालगायतका ठाउँहरूको समेत प्रसङ्गहरू आएका छन् । प्रस्तुत उपन्यासको समयावधिलाई हेर्दा भीमसेन थापाको पतन (वि. सं. १८९४) देखि अलौ पर्व (वि. सं. १९०४) सम्म जम्मा दस वर्षको अवधिलाई समेटेको पाइन्छ । उपत्यकामा घटेका प्रायजसो घटनाहरू दरबारिया परिवेशका छन् भने उपत्यका बाहिर घटेका प्रायः सम्पूर्ण घटनाहरू ग्रामीण परिवेशका छन् । **गृहप्रवेश**मा प्रयुक्त परिवेश नेपालको राजनीतिक इतिहास हो । राजनीति नै मुख्य परिवेश भए पनि राजनीतिसँगै जोडिएर केही सामाजिक तथा साँस्कृतिक परिवेशहरू समेत उपन्यासमा प्रस्तुत भएका छन् । यसले निष्कासित राजनीतिज्ञहरू तथा ग्रामीण बासिन्दाहरूको आर्थिक स्थितिहरूलाई समेत प्रकाश पारेर केही आर्थिक परिवेशहरूलाई पनि छोएको छ ।

### ३.३.६ भाषाशैलीगत प्रवृत्ति

**गृहप्रवेश** उपन्यासको भाषाशैलीको प्रमुख प्रवृत्तिअन्तर्गत वर्णनात्मक शैलीको प्रयोग, द्वन्द्व प्रयोग, नाटकीय संयोगको स्थापना, पूर्वसङ्केतको प्रयोग, प्रकृतिचित्रण, सूक्ति तथा उखानहरूको प्रयोग, विभिन्न आगन्तुक तथा तत्सम शव्दहरूको प्रयोग आदि रहेका छन् ।

त्यसैगरी कवितात्मक गद्य भाषाको प्रयोग पनि **गृहप्रवेश** उपन्यासको अर्को विशेषता रहेको छ ।

**गृहप्रवेश** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ । ऐतिहासिक उपन्यासहरू प्राय वर्णनात्मक शैलीमा लेखिने प्रचलन रहेकोले पनि प्रस्तुत उपन्यास वर्णनात्मक शैलीमा नै लेखिएको छ भने तृतीय पुरुष कथन ढाँचामा घटनाको सरसर्ती वर्णन गरिएको छ । **गृहप्रवेश** उपन्यासमा द्वन्द्वको पनि उत्तिकै प्रयोग भएको छ । आन्तरिक द्वन्द्व सामान्य रहेको प्रस्तुत उपन्यासमा विभिन्न भारदारहरू जेठी तथा कान्छी रानीहरू तथा थापा खलक र पाँडे खलकबीचको बाह्य द्वन्द्व शसक्त भएर देखा परेको छ । त्यसैले द्वन्द्वको सिर्जना गरिनु पनि प्रस्तुत उपन्यासको भाषाशैलीगत प्रवृत्ति हो ।

कलात्मक भाषाशैलीको प्रयोग **गृहप्रवेश** उपन्यासको मुख्य भाषाशैलीगत प्रवृत्ति हो । **गृहप्रवेश**मा विभिन्न उखान तथा सूक्तिहरूका प्रशस्त प्रयोग भएका छन् । बाटो न घाटो दगुर्छ लाटो, कालो अक्षर भैंसी बराबर, हाँस्यो की नास्यो, साँढेको जुधाइ बाच्छाको मिचाइ, हिस्स बुढी खिस्स दाँत आदि जस्ता प्रचलित उखानहरूको प्रयोगसँगै हरियो वन नेपालको धन, तँ आँट म पुऱ्याइदिन्छु, इन्साफ नपाए गोर्खा जानु आदि जस्ता सूक्तिहरूको प्रशस्तै प्रयोग भएको पाइन्छ । प्रस्तुत उपन्यासमा विभिन्न तत्सम शब्दहरू, आगन्तुक शब्दहरू तथा अनुकरणात्मक शब्दहरूका साथै ठेट नेपाली शब्दहरू समेत प्रयोग भएका छन् । प्रस्थानार्थ, पलायित, लीलोधान, निरिग्रह जस्ता तत्सम शब्दहरू सँगै चस्मदित, उपवाद, जख्मी, क्याम्प जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएका छन् भने ढ्याङ्ग ! ढ्याङ्ग !!, जिङ्ग्रिङ्ङ, सुरुसुरु आदि जस्ता अनुकरणात्मक शब्दहरू सँगै पलेसो, डोल्सी, कोखेसो, बेसुल्लो जस्ता ठेट नेपाली शब्दहरूले उपन्यासको भाषाशैलीमा कलात्मकता प्रदान गरेको छ । प्रकृतिको चित्रण गर्नु पनि **गृहप्रवेश** उपन्यासको भाषा शैलीगत प्रवृत्ति अन्तर्गत पर्दछ । उपन्यासमा प्रकृतिको मनोरम दृश्यहरूको सुन्दर चित्रण गरिएको छ । प्राकृतिक सुन्दरतालाई वर्णन गर्ने क्रममा माछापुच्छ्रे, गौरीशङ्कर तथा सर्वोच्च हिमशिखर सगरमाथा लगायतका हिमालहरू, पाखा, पहाड, वनजङ्गल, नदीनाला आदिको सुन्दर तस्विर उतारिएको छ ।

प्रस्तुत उपन्यासको भाषाशैलीगत अर्को विशेषताअन्तर्गत कवितात्मक गद्यभाषाको प्रयोग हुनु हो । उपन्यासका कतिपय हरफहरू कवितात्मक शैलीमा लेखिएका छन् । त्यसैले

पनि प्रस्तुत उपन्यासको भाषाशैली राणाका अन्य उपन्यासहरूको तुलनामा पृथक देखा पर्दछ ।

प्रस्तुत उपन्यासमा प्रशसस्तै नाटकीय संयोगहरू पनि सिर्जना गरिएको छ । यसले उपन्यासको घटनामा रोचकता थपेको छ भने पाठकको मनमा कौतूहल सिर्जना गर्नमा मद्दत पुऱ्याएको छ । त्यसैगरी उपन्यासमा बिम्ब तथा प्रतीकहरूको उचित प्रयोग गरिएको छ ।

ऐतिहासिक उपन्यास भएका कारण राजघरानाका खानदानले बोल्ने अतिउच्चादरार्थी भाषाको प्रयोग भएको छ । उपन्यासमा सरल, संयुक्त र मिश्र तीनै प्रकारका वाक्यहरूको प्रयोग गरिएको छ भने क्रियापद नभएको वाक्यहरूको प्रयोग पनि प्रस्तुत उपन्यासको अर्को विशेषता हो । उपन्यासका कतिपय हरफहरूमा वाक्यलाई पूरा गर्ने क्रियापदको परित्याग गर्दै वाक्यहरू त्यसै छोडिएका छन् ।

प्रस्तुत उपन्यासको अर्को विशेषताका रूपमा पूर्वसङ्केत पनि पर्दछ । यस उपन्यासमा पछि हुने घटनाहरूको पहिले नै पूर्वसूचना दिइएको छ । उपन्यासको प्रारम्भतिरै निदाइरहेका युवक जङ्गबहादुरको टाउकामा सर्पले फणा फिजाएर बस्नुबाट जङ्गबहादुरको राजनीतिक सफलताको पूर्व सङ्केत पाउन सकिन्छ । त्यस्तै पुतलीको जोगीद्वारा गरिएको भविष्यवाणीद्वारा पनि पछि हुन सक्ने घटनाको पूर्व सङ्केत पाइएको छ ।

### ३.३.७ दृष्टिबिन्दु

**गृहप्रवेश** उपन्यास बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको छ । उपन्यासमा लेखकको उपस्थिति कतै पनि भेट्न सकिदैन भने उपन्यास भित्रका कुनै पनि पात्रहरू समाख्याताका रूपमा उपस्थित पनि छैनन् । आवश्यक परेको ठाउँमा नाटकीय दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । उपन्यासमा लेखक नै परद्रष्टा भएर घटनाहरूको वर्णन गरेका छन् भने बाह्य दृष्टिबिन्दु अन्तर्गतको सीमित भेदको प्रयोग पाइन्छ । उपन्यासमा मुलतः पुतली र जङ्गबहादुरका विषयलाई उच्च प्राथमिकता दिइएको पाइन्छ भने अन्य पात्रहरूलाई प्रसङ्गवस वेला वेला छोएको छ । ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास भएको कारणले सम्पूर्ण पात्रहरूलाई समान स्थान दिन नसक्दा सीमित दृष्टिबिन्दुको प्रयोग हुन पुगेको छ । उपन्यासको आदि, मध्य र अन्त्यसम्म नै बाह्यदृष्टिबिन्दुको प्रयोग गरी

ऐतिहासिक समय र घटनाहरू सिलसिलाबद्ध रूपमा प्रस्तुत भएका छन् । सामान्य रूपमा कतै कतै नाटकीय दृष्टिबिन्दुको प्रयोग पाइए पनि  उपन्यासको कथानकलाई मुख्य रूपमा बाह्य दृष्टिबिन्दुले साथ दिएको हुँदा प्रस्तुत उपन्यास बाह्य दृष्टिबिन्दुमा प्रस्तुत भएको छ ।

## ३.४. विचारधारागत प्रवृत्ति

**गृहप्रवेश** उपन्यास विचारका दृष्टिले महत्त्वपूर्ण कृति हो । यसमा विषेशगरी विभिन्न परिवर्तनकामी विचारहरू प्रस्तुत भएका छन् । टिकाराम पोखरेलका अनुसार **गृहप्रवेश**मा मुख्य तीन वटा विचारधाराहरू पाइन्छन् । एक जङ्गबहादुरको चरित्र उकास्नु, दुई गगनसिंहको हत्या जङ्गबहादुरबाट भएको थिएन भन्नु र तीन प्रजातान्त्रिक विचारको प्रक्षेपण गर्नु (पोखरेल, २०६८ : २०७) । **गृहप्रवेश** जङ्गबहादुरको राजनीतिक सफलताको कथामा आधारित छ । तर सफलताका निम्ति उनले रोजेको बाटो सही थिएन भन्ने लेखकको विरोधी विचार पनि पाउन सकिन्छ । गगनसिंहको हत्या उमाको प्रेमी बद्रीनरसिंह अर्थात् देवदूतद्वारा भएको तर्कलाई अघि सारेर जङ्गबहादुरलाई त्यसबाट अछुतो देखाउने कोशिस गरिएको छ तर इतिहासअनुसार गगनसिंहको हत्याबाट जङ्गबहादुर अछुतो नभएको बुझिन्छ । विशेषगरी प्रजातान्त्रिक विचारको प्रक्षेपण गरिएको प्रस्तुत उपन्यासमा जङ्गबहादुरको शासनप्रणालीप्रतिको असन्तुष्ट विचार व्यक्त भएको पाइन्छ । भीमसेन थापा सपनामा बेलायत पुगेको प्रसङ्गमा देवीमार्फत् नेपालको कमजोर राजनीतिक व्यवस्था, समाजका सङ्कुचित रीतिस्थिति, पुरुषप्रधान समाज, जातभात र छुवाछुतको चलन आदिमा परिवर्तन ल्याउनुपर्ने विचारहरू व्यक्त भएका छन् । त्यसैगरी भीमसेन थापाका माध्यमबाट जननिर्वाचित प्रतिनिधिद्वारा चलाइने राजतन्त्रात्मक प्रजातान्त्रिक पद्धति लागू हुनुपर्ने विचार प्रकट गरिएको छ । उपन्यासकी पात्र सेर्बू अर्थात् पुतलीद्वारा पनि देशमा आमूल परिवर्तन हुनुपर्ने विचार नै व्यक्त भएको छ । राष्ट्रकोषबाट ऐयासीका निम्ति हुने खर्चको कटौती गरी नेपालमा शिक्षणसंस्थाहरूको स्थापना हुनुपर्ने, देशका नागरिकलाई शिक्षित र सचेत बनाउनु पर्ने तथा जनतालाई नै शक्तिसम्पन्न बनाउनु पर्ने, त्यसका लागि जनतालाई बहुदलीय राजनीतिक अभ्यास गराउनुपर्ने जस्ता परिवर्तनकामी विचारहरू प्रकट भएका छन् । उपन्यासका अर्का पात्र जोगीका माध्यमबाट पनि जनतालाई पढाउनु पर्ने, मौलिक अधिकार दिलाउनु पर्ने तथा आम चुनाव गराएर जनतालाई राज्यसत्ता हस्तान्तरण गर्नुपर्ने जस्ता विचारहरू प्रकट भएका छन् । यसरी प्रस्तुत उपन्यासको विचारधारागत प्रवृत्तिलाई हेर्दा

देशमा आमूल परिवर्तन हुनुपर्ने तथा प्रजातान्त्रिक परिपाटीको लागु हुनुपर्ने परिवर्तनकामी विचार नै प्रमुख रहेको पाइन्छ । त्यसैगरी राजनीतिले नभई प्रेमले मानवलाई सर्वोच्चता प्रदान गर्दछ भन्ने विचार पनि उपन्यासमा व्यक्त भएको छ । उपन्यासमा भीमसेन थापा, पुतली लगायतका पात्रहरूको माध्यमद्वारा राष्ट्रभक्ति, राजभक्ति विचारहरूको प्रदर्शन गरिनुका साथै महिलाले पनि पुरुष समान अधिकार पाउनुपर्ने, कुरीति कुसंस्कार र अन्धविश्वास अन्त्य गर्दै आधुनिकता ल्याउनुपर्ने, जस्ता परिवर्तनकामी विचार नै **गृहप्रवेश** उपन्यासको मुख्य विचार हो ।

## ३.५. निष्कर्ष

ऐतिहासिक विषयवस्तु अँगालेर लेखिएको प्रस्तुत उपन्यासमा भीमसेन थापाको दुःखदायी अन्त्य अनि जङ्गबहादुर राणाको उदयका कथा नै मुख्य विषय बनेको छ । एउटालाई सत्ताबाट च्युत गरेर आफू सत्तामा आउनका निम्ति गरिएका विभिन्न व्यक्तिगत वा राजनीतिक दाउपेचहरूको प्रस्तुति रहेको यस उपन्यासमा इतिहासका यथार्थ घटनाहरूलाई कल्पनाको रङ्गले रङ्गाउँदै मानवीय प्रेम तथा तत्कालीन समाजको चित्रण समेत गरिएको छ । उपन्यासमा एउटालाई सत्ताबाट हटाएर अर्कोलाई प्रवेश गराउने तथा जङ्गबहादुरको उदय पश्चात भएको राणाशासनको सुरुआतलाई नै गृहप्रवेश मानिएको छ । ऐतिहासिक पात्र तथा घटनाहरू रहेको प्रस्तुत उपन्यास चौध परिच्छेदमा विभाजित सानो आकारको देखिए पनि यसले विशाल ऐतिहासिक परिवेशलाई समेट्न सफल भएको छ । इतिहासका पुराना घटनाहरूलाई उजागर गर्ने उद्देश्यले लेखिएको प्रस्तुत उपन्यास भाषाशैलीका दृष्टिले निकै उल्लेखनीय उपन्यास बन्न पुगेको छ ।

## चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

### ४.१ सारांश

प्रस्तुत शोधपत्र **गृहप्रवेश** उपन्यासको कृतिपरक अध्ययन चार परिच्छेदमा विभाजित छ । शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । यस खण्डमा विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि शोधपत्रको रूपरेखाजस्ता उपशीर्षकहरू समावेश गरी शोधको परिचय प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा विधातात्त्विक आधारमा **गृहप्रवेश** उपन्यासको अध्ययन गरिएको छ । जसअन्तर्गत उपन्यासका विधातत्त्वहरू कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु तथा भाषाशैलीको व्याख्या गरिएको छ ।

तेस्रो परिच्छेदमा प्रवृत्तिगत आधारमा **गृहप्रवेश** उपन्यासको अध्ययन गरिएको छ । यसमा **गृहप्रवेश** उपन्यासको विषयवस्तुगत प्रवृत्ति, संरचनागत प्रवृत्ति, विचारधारागत प्रवृत्ति तथा भाषाशैलीगत प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

चौथो तथा अन्तिम परिच्छेदमा शोधकार्यको उपसंहारलाई प्रस्तुत गरिएको छ । यस खण्डमा शोधकार्यको निष्कर्ष तथा परिच्छेद समापन गरी सन्दर्भ सामग्री सूचीजस्ता आवश्यक पक्षहरूलाई समावेश गरिएको छ ।

### ४.२ निष्कर्ष

वि. सं. १९७५ सालमा पाल्पा जिल्लाको तानसेन बजारमा जन्मेका डायमनशमशेर राणाका विभिन्न बाध्यताहरूका कारण पढ्ने चाहना पूरा हुन नसके पनि कलामार्फत् नेपाली साहित्य जगतमा प्रख्यात हुनपुगेका छन् । उनी नेपाली साहित्यका प्रथम ऐतिहासिक उपन्यासकारका रूपमा प्रख्यात छन् । इतिहासलाई आफ्नो कल्पनाको शिल्पद्वारा सजाएर यथार्थको पुनर्निर्माण गर्न खप्पिस राणाका **वसन्ती** (२००६), **सेतो बाघ** (२०३०), **प्रतिबद्ध**

(२०३४), **सत्प्रयास** (२०३८), **अनीता** (२०४३), **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** (२०५९) गरी जम्मा सातवटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् ।

आधुनिक नेपाली उपन्यास परम्परामा आफूलाई ऐतिहासिक उपन्यासकारका रूपमा स्थापित गराएर उनले इतिहासका विभिन्न समयक्रममा घटेका घटनाहरूका साथै ऐतिहासिक पृष्ठभूमिभित्रै सामाजिक तथा राजनीतिक विषयवस्तुलाई अङ्गाली उपन्यासको स्रोत बनाएका छन् । उनको सबैभन्दा पछिल्लो उपन्यास **गृहप्रवेश** पनि ऐतिहासिक उपन्यास भएकाले यसका पात्र, घटना तथा वातावरणहरू पनि ऐतिहासिक नै छन् । इतिहास र कल्पनामा आधारित **गृहप्रवेश** उपन्यासमा इतिहासका यथार्थ घटनाहरूलाई कल्पनाको शिल्पद्वारा सजाएर यथार्थकै भान गराउँदै कथानक अगाडि बढेको छ । यस उपन्यासको कथानकमा प्रमुख तथा सहायक कथाहरू नभई एउटै मात्र कथा रहेको छ । जङ्गबहादुरको राजनीतिक सफलता तथा नेपालको इतिहासमा उनको उदय नै प्रमुख कथा रहेको यस उपन्यासको कथानकमा आन्तरिकभन्दा बाह्य द्वन्द्व सबल रहेको छ । सेर्बू, भीमसेन थापा, राजा राजेन्द्र तथा लिम्पा जस्ता पात्रहरूका माध्यमद्वारा सामान्य रूपमा आन्तरिक द्वन्द्व उद्घाटित भएको छ भने विभिन्न भारदारहरू, रानीहरू तथा थापा र पाँडे खलक बीचको बाह्य द्वन्द्व शसक्त भएर देखापरेको छ । पूर्वसङ्केतहरूका कारण कुतूहल पक्षभने खासै सबल देखिदैन । उपन्यासको कथानक रैखिक ढाँचाको रहेको छ । कतै कतै पात्रहरूद्वारा गरिएको पूर्वस्मृति भए पनि कथानक पश्चगामी भने देखिदैन ।

जङ्गबहादुरको उदयको कथा रहेको यस उपन्यासमा जङ्गबहादुर, पुतली, राजा राजेन्द्र, रानीहरू साम्राज्यलक्ष्मी र राज्यलक्ष्मी, भीमसेन थापा, गगनसिंह, माथवरसिंह, रणजङ्ग पाँडे, युवराज सुरेन्द्र लगायतका इतिहासका चर्चित पात्रहरू रहेका छन् । दुई चार जना गौणपात्रहरू भने काल्पनिक पनि देखा पर्छन् । उपन्यासमा जङ्गबहादुर र पुतली प्रमुख पात्र तथा नायक नायिकाका रूपमा रहेका छन् भने राजा राजेन्द्र, जेठी तथा कान्छी रानीहरू, भीमसेन थापा, युवराज सुरेन्द्रलगायतका पात्रहरू सहायक पात्रका रूपमा देखापर्छन् । त्यसैगरी रामदास, लिम्पा, सेर्बूकी माइजू, धीरशमशेर, वीरध्वजलगायतका अनगिन्ति पात्रहरू गौण पात्रका रूपमा रहेका छन् ।

ऐतिहासिक पात्र तथा घटनाहरू रहेको यस उपन्यासमा विभिन्न भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनैतिक परिवेशहरू देखा पर्दछन् भने मुख्य रूपमा

यसले वि. सं. १८९४ देखि १९०४ सम्मका बीचमा घटेका ऐतिहासिक तथा राजनैतिक खिचातानीका परिवेशहरूलाई समेटेको छ । उपन्यासमा नुवाकोट जिल्ला र त्रिशूली वरपरका स्थानहरू, काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरू तथा काठमाडौँ बाहिर हेटौडा, चितवनलगायतका तराई क्षेत्रहरूमा समेत उपन्यासका घटनाहरू घटित भएका छन् । त्यसै गरी स्वैरकल्पनाका माध्यमद्वारा बेलायतका केही प्रसङ्ग र परोक्षरूपमा भारतका केही स्थानहरूको समेत वर्णन गरिएको छ ।

राजा राजेन्द्रबिक्रम शाहका पालामा घटेका हत्यापूर्ण राजनीतिक परिवर्तनका घटनाहरूलाई उजागर गर्नु मुख्य उद्देश्य रहेको यस उपन्यासमा विभिन्न पात्रहरूका माध्यमबाट राजनैतिक तथा प्रजातान्त्रिक विचारहरू प्रस्तुत भएको छ । विशेष गरी बहुदलीय व्यवस्था को स्थापना हुनुपर्ने तथा राजतन्त्रात्मक प्रजातान्त्रिक पद्धति लागु हुनुपर्ने विचारहरू व्यक्त भएको यस उपन्यासमा राष्ट्रभक्ति, राजभक्तिको प्रदर्शन गरिनुका साथै हत्या, हिंसा र षड्यन्त्रको जालोमा बेरिएको तत्कालीन दरबारिया जीवन र राजनीतिक अस्तव्यस्तताबाट प्रभावित जनजीवनको कहालीलाग्दो अवस्थाको चित्र चित्रण गरिएको छ ।

तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिएको प्रस्तुत उपन्यासको भाषाशैली राणाका अन्य उपन्यासहरूका तुलनामा निकै पृथक् देखा पर्दछ । शब्दहरू चुनी चुनी प्रयोग गरिएको यस उपन्यासको भाषाशैलीमा लेखकको मेहनतलाई सहजै अनुमान गर्न सकिने हुनाले पनि **गृहप्रवेश** उपन्यासको भाषाशैली निकै उल्लेखनीय रहेको पाइन्छ ।

एउटालाई सत्ताबाट च्यूत गराएर अर्कालाई सत्तासीन गराउँदै लैजाने क्रममा नयाँ नयाँ शासनपद्धतिमा प्रवेश गरिरहने प्रक्रिया तथा जङ्गबहादुरको उदय पश्चात् भित्रिएको राणाशासनको आगमनलाई नै गृहप्रवेश मानिएको प्रस्तुत उपन्यासको विषयवस्तुमा इतिहास, राजनीति, यथार्थ, कल्पना, समाज चित्रण जस्ता विभिन्न पक्षहरू समावेश भएका छन् ।

चौध परिच्छेद तथा एक सय बयासी पृष्ठमा विस्तारित **गृहप्रवेश** उपन्यासको संरचनागत प्रवृत्ति अन्तर्गत रैखिक ढाँचाको कथानक, पात्रहरूको बाहुल्य, भौगोलिक, सामाजिक तथा राजनीतिक परिवेश, तृतीयपुरुष अर्थात् बाह्य दृष्टिबिन्दुको प्रयोग आदि देखा पर्दछन् । विशेषगरी परिवर्तनकामी विचारहरू व्यक्त भएको यस उपन्यासको

भाषाशैलीमा विभिन्न सूक्ति तथा उखानहरूको यथेष्ट मात्रामा प्रयोग भएको छ । विभिन्न तत्सम र आगन्तुक शब्दहरूका साथै कवितात्मक गद्य भाषाको प्रयोगले उपन्यासको भाषाशैलीमा मिठास थपेको छ । प्रकृतिको सुन्दर चित्रणसँगै विभिन्न बिम्ब तथा उपमाहरूको प्रयोगले पनि उपन्यासको भाषाशैलीलाई अझ सुन्दर बनाएको छ ।

समष्टिमा **गृहप्रवेश** उपन्यासमा इतिहासका घटनाहरूलाई कल्पनाको फूलबुट्टाले सिङ्गारेर औपन्यासिक रूप प्रदान गर्नमा डायमनशमशेर राणा निकै सफल देखिन्छन् भने विधातात्त्विक तथा प्रवृत्तिगत आधारमा **गृहप्रवेश** उपन्यास उत्कृष्ट र सफल उपन्यास हुन पुगेको छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, शारदाकुमारी (२०६३), **'वसन्ती' उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

ओझा, तारा (२०७०), **डायमनशमशेर राणाका उपन्यासको विधातात्त्विक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

कोइराला, कुमारप्रसाद (२०६५), "डायमनशमशेरको औपन्यासिक सफलता", **आख्यानकार डायमन**, सम्पा. छायादत्त न्यौपाने र ऋषिराम पाण्डे, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, पृ. १४६-१५४ ।

कोइराला, कुलप्रसाद (२०६९), "ऐतिहासिक उपन्यासको सेरोफेरोमा **सत्प्रयास**", **डायमनशमशेर चिन्तन र चित्रण**, सम्पा. जीवनचन्द्र कोइराला, ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी, पृ. ३७-७४ ।

कोइराला, जीवनचन्द्र (२०६९), "उपन्यासकार डायमनशमशेर राणाको सङ्क्षिप्त जीवनी", **डायमनशमशेर चिन्तन र चित्रण**, सम्पा. जीवनचन्द्र कोइराला, ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी, पृ. २-७ ।

खतिवडा, नवराज (२०६५), "सेतो बाघभित्रको रायपाटे बाघ", **आख्यानकार डायमन**, सम्पा. छायादत्त न्यौपाने र ऋषिराम पाण्डे, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, पृ. २०३-२१८ ।

गुरुङ्ग, झुलप्रसाद (२०६९), **'सेतो बाघ' उपन्यासको पात्र विधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

गौतम, लक्ष्मण (२०७१), "डायमनशमशेर राणाको ऐतिहासिक उपन्यासकारिता", **डायमन सृष्टि : एक सिंहावलोकन**, सम्पा. टीकाराम पोखरेल र अन्य, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, पृ. ९९-१११ ।

घर्ती, दुर्गाबहादुर (२०६८), **विजय मल्लका उपन्यास सन्दर्भ र विमर्श**, काठमाडौं : विजय मल्ल स्मृति प्रतिष्ठान ।

देवकोटा, सरोज (२०६३), “भूमिका”, **गृहप्रवेश**, छैटौं संस्क., काठमाडौं : रत्न पुस्तक भण्डार ।

नेपाल, शैलेन्दुप्रकाश (२०६९), “**गृहप्रवेश** उपन्यासको अध्ययन”, **डायमनशमशेर चिन्तन र चित्रण**, सम्पा. जीवनचन्द्र कोइराला, ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी, पृ. ९१-१०२ ।

नेपाल, देवी (२०६५), “कालरात्रिभित्रको एउटा दियो **सत्प्रयास**”, **आख्यानकार डायमन**, सम्पा. छायादत्त न्यौपाने र ऋषिराम पाण्डे, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, पृ. १९४-२०२ ।

न्यौपाने, छायादत्त (२०६५), “डायमनको **गृहप्रवेश**”, **आख्यानकार डायमन**, सम्पा. छायादत्त न्यौपाने र ऋषिराम पाण्डे, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, पृ. २३२-२४२ ।

पन्त, जयराज (२०६९), “नेपाली ऐतिहासिक उपन्यासको परम्परा र उपन्यासकार डायमनशमशेर राणा”, **डायमनशमशेर चिन्तन र चित्रण**, सम्पा. जीवनचन्द्र कोइराला, ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी, पृ. १५८-१७१ ।

पोखरेल, टीकाराम (२०६५), “डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास : कल्पनाको प्रयोग र इतिहासको रक्षाको प्रश्नका सन्दर्भमा”, **आख्यानकार डायमन**, सम्पा. छायादत्त न्यौपाने र ऋषिराम पाण्डे, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, पृ. २१९-२३१ ।

…………,(२०६८), **ऐतिहासिक उपन्यास सिद्धान्त र स्वरूप**, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), **नेपाली उपन्यास र उपन्यासकार**, तेस्रो संस्क., ललितपुर : साझाप्रकाशन ।

फोर्स्टर, ई. एम. (सन् १९८२), **उपन्यासके पक्ष**, अनु. भार्गव श्रीमती राजुल, जयपुर : राजस्थान हिन्दीग्रन्थ अकादमी ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन ।

भट्टराई, धनराज (२०६९), "ऐतिहासिक उपन्यास लेखनमा डायमनशमशेर", **डायमनशमशेर चिन्तन र चित्रण**, सम्पा. जीवनचन्द्र कोइराला, ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी, पृ. १५०-१५७ ।

मल्ल, रोसनाकुमारी (२०७४), **डायमनशमशेर राणाका उपन्यासमा पात्रविधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

राणा, डायमनशमशेर (२०७३), **गृहप्रवेश**, छैटौं संस्क., काठमाडौं : रत्नपुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), **नेपाली उपन्यासको इतिहास**, काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

विवश, ज्ञानेन्द्र (२०६५), "ऐतिहासिक उपन्यासकार डायमन", **आख्यानकार डायमन**, सम्पा. छायादत्त न्यौपाने र ऋषिराम पाण्डे, ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, पृ. ४२-४८ ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

............, (२०५५), **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, तुलसीमान (२०६९), "पात्रविधानका दृष्टिबाट **अनीता**", **डायमनशमशेर चिन्तन र चित्रण**, सम्पा. जीवनचन्द्र कोइराला, ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी, पृ. ७५-८३ ।

श्रेष्ठ, दयाराम (२०६६), **नेपाली कथा भाग-४**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।